
बिम्ब-प्रतिबिम्ब
शङ्कर लामिछाने

# विम्ब-प्रतिविम्ब

(निबन्धसङ्ग्रह)

शङ्कर लामिछाने

साहित्यरस

**साहित्यरस**
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२८

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : बुक हिल पब्लिकेसन (शङ्कर लामिछाने)
*संस्करण* : प्रथम २०७५
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2026-01-02, 13:36:27 UTC
*Latest minor Correction* : 2026-01-02, 13:36:27 UTC
*Sahityaras ebook id* : 20260102133627

**Cover art**
*Lake George Reflection*
Georgia O'Keeffe, circa 1921–1922

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*भूमिका*

अम्बर गुरुङ्
गोपालप्रसाद रिमाल
तुलसीनाथ ढुङ्गेल
पारिजात
बालचन्द्र शर्मा
भीमदर्शन रोका
भूपी शेरचन
लक्ष्मीप्रसाद देवकोटा
देवकोटा : केही फ्ल्यासब्याक
लेखनाथ पौड्याल
विश्वेश्वरप्रसाद कोइराला
हृदयचन्द्रसिंह प्रधान
शङ्कर लामिछाने

# भूमिका

यस पुस्तकमा सङ्कलित निबन्धहरू १६ वर्षमा छरिएर लेखिएका तथा धेरैजसो प्रकाशमा आएका रचना हुन्। ती रचनामा चित्रित व्यक्ति त्यही होइनन्, जो ती वास्तवमा थिए। बरु ती हुन्, जो वास्तवमा मैले तिनलाई देखें। एक प्रकारले मेरो नजरमा उनको व्यक्तित्वको परेको प्रतिविम्ब हो।

यति हो, इतिहासले मलाई सहयोग गऱ्यो– म उनकै पालामा हुर्किन पुगें र नगिचबाट हेर्न सकें। एक साधारण मानिसको हैसियतले ती विभूतिहरूको सम्पर्कद्वारा मलाई आफ्नो जीवन ढाल्न निकै अनुभव प्राप्त भयो। ती स्रष्टा हुन् तर स्रष्टाभन्दा पहिले मनुष्य हुन्। त्यसकारण मेरो लेखनको प्रवाहले तिनको मानवीय पक्षतिरै बग्ने प्रयास गरेको छ। समालोचनापट्टि म आरम्भदेखि नै गइनँ– कारण त्यसका लागि प्रशस्त व्यक्ति जन्मिनेछन्। म त सामयिक पटाक्षेपमा चरित्रचित्रणको टिपोट गरिरहेको थिएँ।

यसैकारण, आज कैयन् कुरामा परिवर्तन भइसके पनि मैले यी निबन्धमा कुनै हेरफेर गरिनँ।

यसमा चित्रित कैयन् व्यक्ति आज छैनन्, कैयन्को व्यक्तित्वले अर्कै मोड लिइसकेको छ तथापि कालको त्यस बिन्दुमा ती त्यस्तै थिए अथवा भनौं त्यस क्षण मैले त्यस्तै अनुभव गरें।

यस चित्रणमा केही विरूपता छ भने त्यो मेरो दृष्टिदोष होस् अन्यथा विम्ब त निर्मल नै थियो।

शङ्कर लामिछाने
२०२८

# अम्बर गुरुङ्ग

*"म अम्बर हुँ तिमी धरती,*
*लाखौं चाहे पनि हाम्रो मिलन कहिले नहोला!"*

एकचोटि यो गीत मेरो कानमा परेको थियो, कैयन् वर्षअघि। र, अपरिचित अनुहार भएको त्यस व्यक्तिका रचना, सङ्गीत र गायन कौशलले मलाई जकडिहाले। मेरा आँखामा आकाश र धरतीको मिलनभूमि क्षितिजको एक यस्तो सुन्दर दृश्य मौलायो, जसमा सूर्य डुब्दै थियो– यो सिद्ध गर्न मानौं त्यो मिलनरेखा एक महाशून्य हो।

अम्बरको फ्यान म त्यसरी बनें।

पछि भूपी शेरचनका माध्यमद्वारा ऊसँग मेरो परिचय भयो। भूपीले एक दिन एउटा नयाँ गीत सुनायो, जो उसको रचना थियो, अम्बरको सङ्गीत थियो र थियो अरुणाको स्वर–

*"किन ... ... ... मेरो*
*किन ... ... ... अन्त*
*वसन्त!"*

वाल्जमा बाँधिएका धुनले गीतलाई राम्रो मोड दिएका थिए। म मुग्ध भएँ। मेरा आँखामा झरेका, सुकेका पातहरू हावामा गोलो फन्को मारी वाल्जको लामो फन्को

मारिरहेका देखिए।

"यो मान्छे कस्तो छ?", मैले सोधेको थिएँ, भावावेशमा।

सोझो र स्पष्ट प्रश्नको उत्तर दिन साह्रै गाह्रो हुन्छ जोसुकैलाईः भूपीजस्तो ट्याक्क मिल्ने उपमा दिन सक्नेलाई पनि। एकछिन ऊ अलमलियो अनि भन्यो, "ऊ मान्छे सायद होइन, ऊ मित्र हो; र जसका लागि मित्र होइन, उसका लागि कलाकार हो; र जसका लागि कलाकार होइन, उसका लागि गायक हो; र जसका लागि ऊ गायक होइन, उसका लागि ऊ जन्मेको पनि छैन।"

भूपी जिन्दावाद! अम्बरको यति छरितो शब्दरेखा यसभन्दा मीठो बन्न सक्तैन। यो कुरा आज वर्षौंपछि म अनुभव गरिरहेको छु, ऊसँग अनेक आत्मीयताको सागर पार गरेपछि।

त्यस बेला म भूपीको व्याख्याको मर्ममा अलमलिइरहें। उसले मेरो अतृप्त जिज्ञासा पैल्यायो सायद। भनेको थियो, "अम्बर काठमाडौं आउँदा भेटाइदिउँला।"

अम्बर काठमाडौं आउनुअघि अनेक घटना भए। अगम गिरीको नौलाख तारा उदायो। यसले उसलाई अधिराज्यमा जनप्रियता ल्यायो र गीत गल्लीगल्लीमा अनेक स्वर, अनेक धुनमा गाइयो। उसले अरू पनि अनेक रचना गर्‍यो, ऊ झन् प्रिय बन्यो।

अनि ऊ काठमाडौं आयो। अम्बरको व्यस्ततालाई निचोरनाचार पारेर पनि भूपीले दुई घण्टा उसलाई मेरो घरमा ल्याइहाल्यो।

उसको अनुहार अनि देखें।

पक्का गुरुङ अनुहारको छ। गोर्खा आर्मीमा गएर युनिफर्म लाएमा खसीभेडाको हूलमा मिल्लाजस्तै। भूपीजस्तो पुड्को, उस्तै ठूलो टाउको, उस्तै हँसिलो। जिउ भने

स्यानो, अनुहार गहकिलो। बोल्दा उसको स्वरमा जुन नरमपना छ, गाउँदा त्यसमा त्यतिकै ठोसपना।

गीत उसले त्यहाँ गाएन त्यसकारण म स्वरजत्तिकै प्रभावित अनुहारबाट भइनँ। ऊ गइहाल्यो।

सायद अब बाटोमा देख्ता भने उसले चिन्ला नचिन्ला। को जानोस्।

अनि म दार्जीलिङ गएँ। त्यहाँ धेरै परिचित छन्– सबकहाँ आफ्नो आगमनको सूचनास्वरूप भेट गर्न गएँ। उसकहाँ पनि गएँ। ऊ कतै टुरमा गएको रहेछ।

एक या दुई दिन त्यसै भेटघाटमा, चिनापर्चिमा बित्छ तर अम्बर छैन। अकस्मात् एक साँझ ग्लेनरीमा ऊ आइपुग्छ मलाई खोज्दै। झ्वास्स मैले पो चिन्न सकिनँ, ऊ मलाई ठम्याइहाल्छ। अनि त्यही साँझ प्रोग्राम बन्छ। उसलाई अनुमतिबिना जनसमक्ष गाउन मनाही छ। हामी अगमको आयोजनामा ५–६ जना जम्छौं। झ्यालढोका लगाएर ऊ उदाङ्गिन्छ, स्वरमा सरस अर्थात् रसयुक्त बैठकमा हामी मग्न हुन्छौं। त्यहाँ पहिलोपटक 'पहाड सुक्यो जस्तो लाग्छ'ले मलाई छोप्छ। त्यस बेला यो उसले भर्खर रचेको मात्र थियो।

अनि हाम्रो ३–४ दिन साथ बित्छ। परिचय गाढा हुन्छ तर मित्रतामा परिणत हुँदैन। भूपीको भाषामा भन्ने हो भने गायकबाट बढी ऊ मेरो दृष्टिमा कलाकार बनिसक्यो– अझ नाघिसक्यो तर मित्र भने बनेको छैन... उसका सम्बन्धमा जान्न म इच्छुक छु अब। धेरै स्रोतहरू, अनेक कुराहरूको जानकारी हुन्छ। उसको आर्थिक अवस्थादेखि लिएर उसका रोमान्सहरू, उसका सफलतादेखि लिएर उसका बन्धनहरू। अनि उसका लेखक दृष्टिमा पर्छन्। एक स्वादिलो बहाव छ, एक स्पष्टता छ, अनावश्यकता छैन। मन पर्छ तर मन मात्र पराउँछु, अभिव्यक्त गर्ने साधन छैन मेरो, मसँग उसको लेखद्वारा हामी दुवै

एकअर्कालाई सम्भन्छौं, त्यति मात्र हो। मानौं हामी दुवै अव्यक्त प्रेमलाई चन्द्रमा ताकेर चिस्याइरहेछौं– मुगलकालीन प्रेमको पराकाष्ठाजस्तो।

कति वर्ष बित्छ थाहा छैन...

उसको काठमाडौं आउने चर्चा चल्छ। ‘रूपरेखा’का सम्पादक उत्तमबाट म यो समाचार सुन्छु। यो पनि सुन्छु– अम्बर आफ्नो वर्तमान सरकारी सेवाबाट अवकाश लिंदै छ। र, सायद काठमाडौंमा केही काल विश्राम गरोस्। उसका लागि म आफ्नो घर अर्पण गर्छु, जति बसे पनि। म मान्छे मतलबी छु, ऊसँगको सहवासद्वारा उसको आत्मीयता अपनाउने मेरो लोभ छ। उत्तमले मेरो निमन्त्रणा पठाउँछ।

काठमाडौंका कार्यक्रमबीच सरकारी पाहुनाको रूपमा ऊ होटेलमा बस्छ। अनि आउँछ ऊ घरमा, आतिथ्यको समाप्तिपछि।

तिनताक म फेरि आफ्नो जीवनको एक अनौठो र अप्रत्याशित मोडमा छु। साहित्यको भूत टाउकोमा चढेको छ। उपन्यास थालेको छु, प्राचीन पाश्चात्य साहित्यको अनुवाद थालेको छु। दुईको बीचमा कथा, कहानी, निबन्ध लेख्छु सुस्ताउन। दिनभरि घरमा बस्छु, कतै जान्नँ। र, मलाई मान्छे मन पर्दैन, मन पर्छ एकान्त। यस्तो अवस्थामा ऊ घरमा आइपुग्छ।

दिनभर ऊ अरूका लागि रात मेरा लागि। हामी गिलास समातेर बस्छौं, साहित्यको चर्चा गर्छौं वा ऊ सङ्गीतको चर्चा गर्छ वा ऊ गीत गाउँछ; वा हामी रेकर्ड सुन्छौं। विथोविनका सोनाटाहरू, सिम्फोनीहरू, डाइलन टमसका कविताहरू, मेरियन मुरका कविताहरू हामी सुन्छौं र एक संसारको सृजना गर्दै जान्छौं।

तिनताक एक दिन म भन्छु– “अम्बर, नेपालीमा मेजर वर्क किन नगर्ने ?”

उसको पनि त्यता मन गइरहेको रहेछ। ऊ सहमत हुन्छ। कान्टेटा तथा सिम्फोनीको सृजनासम्बन्धी चर्चामा एक रात २ बजेको हामी पत्तै पाउँदैनौं। अन्त्यमा हामी तीन विषयवस्तु छान्छौं– देवकोटा, हिमाल तथा कान्टेटामा रक्स्यापन।

ऊ भन्छ, तीनवटा तपाईं लेख्नुस्, म सङ्गीत दिन्छु।

म स्वागत गर्छु।

भोलिपल्ट बिहान रक्स्याहापनमाथि मेरो योजना तयार हुन्छ। चार प्रमुख विभाजन म गर्छु–

१. खानुअघि,
२. खाऊँ कि,
३. खाएको,
४. लागेको।

यस विभाजनलाई पनि प्रत्येक चार अंशमा छुट्याउँछु। भोलिपल्ट बिहान हामी यसउपर फेरि चर्चा गर्छौं।

हामी भावावेशमा बस्छौं, आत्मीयतामा डुब्छौं तापनि मित्रता अपनाउन असमर्थ हुन्छौं। सायद, अम्बर मलाई कसीमा घोटिरहेछ, म अम्बरलाई कसीमा घोटिरहेछु।

हामी दुवैलाई थाहा छ, प्रत्येक मान्छेको एक वा अनेक मुकुन्डो हुन्छ। हामी दुवै मुकुन्डोभित्रको अनुहार जाँच्ने प्रयत्नमा छौं। ऊभन्दा बढी सायद म, कारण म अगुल्टोले पोलेको बिरालो हुँ।

अन्तिम रात हामी बढी भावावेशमा हुन्छौं। म अम्बरलाई टेप गर्न तयार छु।

ऊ पनि आफ्नो शक्तिको चरम सीमामा छ। भन्छ, जे भन्नुस्, म गाउँछु।

काठमाडौंको बत्ती साह्रै टेम्परामेन्टल छ। कुठाउँमा मुड पकडिदिन्छ। पछि टेप यसो सुन्यो, अम्बर यो मात्तिएको भान हुने। ८–१० गीत सकस्तसँग भऱ्यौं अनि टेप बन्द गरेर कान खोल्यौं। एक प्रकारले त्यो रात जीवनमा अविस्मरणीय रहनेछ (एक प्रकारले भन्नुको अर्थ हो, पछि अर्को रात पनि आयो)।

प्रायशः गायकको कमजोरी हुन्छ स्केलको। अम्बर त्यो रात स्केलका परिधिभन्दा बाहिर थियो। जीवनमा त्यस्तो निर्बन्ध गायक देखेको वा सुनेको, मेरो पहिलो अनुभव थियो।

प्रतिभा त्यहाँनिर झल्क्यो।

म मित्रताको छेउछाउतिर पुगें...

अनि ऊ जान्छ, फर्कन्छ कालिम्पोङ।

यसपछि हामी प्रेमपत्र प्रारम्भ गर्छौं।

ऊ काठमाडौं आवासका लागि धन्यवाद ज्ञापन गरेर मलाई लेख्छ। म सहवासका लागि धन्यवाद पठाउँछु।

तर...

अब बेला आयो, उसको अलिअति मूल्याङ्कन गर्ने। अम्बर असलमा हो के? पख, अझ बेला भएको छैन। अझै बुझूँ अम्बरलाई।

उसको काठमाडौं आवासमा मैले उसलाई दुई नवीन गीत दिएँ।

उसले मन परायो, लिएर गयो, सङ्गीतबद्ध गर्न।

पछि एक गीत अर्को पठाएँ।

त्यो झन् मन परायो।

आफ्नो रचना कसैले मन पराइदियो भने रचनाकार खुट्टा चुमौंलाजस्तो गर्छ। उसमाथि अम्बरजस्तोले रचना सुनेर आँखा डबडबाई दिंदा, म के गरूँ हँ? उसको म्वाइँ खाएँ।

मित्रताको पहिलो खुड्किलो थियो त्यो।

(कति मतलबी म, हँ?)

***

यसपछि कामविषेशले मलाई भारत जानुपर्‍यो। कलकत्ताबाट मैले उसलाई तार गरें, "कस्तो छ तिम्रो मुड र फुर्सत" भनेर। उसले जबाफ दियो, "कालिम्पोङ सिन्डिकेटमा स्वागत गर्छु।"

प्रतिष्ठाको कति भोको म रहेछु भन्ने त्यहाँ चाल पाएँ। सिन्डिकेटको अर्थ मैले ठूलो समारोह तथा स्वागतको अर्थ ठूलो माला गुनें।

असजिलो रूपमा त्यस भीषण अवस्थाको सामना गर्न म कालिम्पोङ ओर्लें।

(...जसलाई यी शब्दहरूको वास्तविक अर्थ थाहा छ, यो ठट्टा उनैमा समर्पित...!)

कालिम्पोङको सिन्डिकेट। ६.३० बजे पुग्छु। कालिम्पोङ म झन्डै १४ वर्षपछि गइरहेछु। कताकता एक–दुई मोड चिनेको जस्तो लाग्छ। अन्यथा नौलो छु। म आएकै प्लेनमा दिलीपकुमार पनि थियो। त्यसकारण वागन ड्राइभर तथा अन्य यात्रीको चर्चाको

विषय झन्डै बाटोभरि त्यही नै रह्यो। बीचमा ड्राइभरसँग आत्मीयता बढाएर मैले एक वचन लिएँ– केही गरी मोटर स्ट्यान्डमा लिन कोही आएनछ भने उसले मलाई पुऱ्याइदिनेछ अम्बरको घरसम्म। ऊ मन्जुर भयो।

तर अम्बर तथा श्रीमती गुरुङ पर्खिरहेछन् त्यस जाडोमा।

घर पुगें। तोङ्बाले न्यानो स्वागत गऱ्यो। कुमार भाइ (इन्द्रकुमार गजमेर) पनि आइपुगे। अनि हाम्रो लामो सेसन चल्यो।

अम्बर भन्थ्यो, उसलाई हर्टएटेक भएपछि घाँटी खुलेको त्यो प्रथम दिन थियो। र, दम कमजोर नै थिए। ऊ आफ्नो शक्तिको ८० प्रतिशत मात्र थियो तापनि ती प्रशस्त थिए, उसको प्रतिभा दर्साउन।

त्यस रात उसले मैले रचेको एक गीत सुनायो। मैले पटक्क रुचाइनँ र ठाडै भनिहालें। उसले चित्त दुखायो, सायद मुखमा ठाडै सुन्ने दुस्साहस उसले अझै भोगेको थिएन (म मान्छे असलमा मूर्ख हुँ, कहिलेकाहीं यस्तो ब्लन्ट भइदिन्छु, त्यसको पराकाष्ठा हुँदैन), तापनि त्यस दिन मलाई लागेको थियो, अम्बर शब्द–रचनाभन्दा बढी सङ्गीतको धुनलाई प्राथमिकता दिन्छ। धुनको सम्मानमा ऊ शब्दहरूलाई भाँचिदिन्छ। असलमा शब्द ठोस (Solid) हुन्छन् र सङ्गीतले तिनको व्यक्तित्व सलक्क निल्न सक्नुपर्छ, टुक्र्याएर हैन। टुक्र्याएपछि शब्द हामी रसभरीसँग दाँज्न सक्छौं। रसभरीको चोक्टा बनाएर खानु रस चुहाउनु मिष्ठानसेवीको अज्ञानताको बोधक हो।

शब्दको हत्या गरेबापत म रन्थनिएँ।

अम्बरको रचनामा दोषको बाहुल्य यही हो। ऊ सबभन्दा बढी सङ्गीतज्ञ हो, त्यसपछि चित्रकार, त्यसपछि कवि र त्यसपछि गायक। उसका रचनामा पनि यही मर्यादाक्रम हुन्छ। त्यसैले मुडचाहिं ऊ पकडिहाल्छ तर कहींकहीं सरलताले उसलाई परित्याग गर्छन्। एक दृष्टिले हेर्ने हो भने नेपाली सङ्गीतमा मुडसृजन गर्ने देन दार्जीलिङ तथा कालिम्पोङकै

बढी छ। काठमाडौंमा नातिकाजी र अन्य झल्याकझुलुक्क देखापर्ने एक–दुई व्यक्तिबाहेक हाम्रो सङ्गीतमा नयाँ मोड दिने काम प्रवासी भाइले नै गरे। मसँग चर्चा हुँदा काठमाडौंका सङ्गीतप्रेमीहरू भन्छन्– दार्जीलिङका गीतमा रवीन्द्र–सङ्गीतको प्रतिध्वनि आउँछ, खास गरी अम्बरका रचनामा। आंशिकरूपमा यो सत्य पनि हो, कारण वातावरण र शिक्षाको प्रभाव पऱ्यो होला उसमा, प्रारम्भिक कालमा। तर त्यो यदि भाव पकडिने शैली तिखारिने एक साधन मात्र, एक खुड्किलो मात्र भएको छ भने त्यसले हाम्रो सङ्गीतलाई एक अर्कै विश्वदृष्टि गोचर गर्नेछ। र, सायद त्यो प्रक्रिया प्रारम्भ पनि भइसक्यो।

फर्मेन्टेसनको त्यस कालबाट अम्बर अब पार पनि भइसक्यो... हामी दार्जीलिङमा छौं, होटलमा। दुई जना मात्र एक प्रकारले एकान्तवास। हामीसँग आवश्यकीय बाजाहरू कोठामै छन्। कुमार भाइ आउँछ। अम्बर गाउँछ, हामी आफैँमा मस्त छौं।

त्यसपटकको दार्जीलिङ यात्रामा मेरो एक अनौठो अनुभव रह्यो। अनेक मित्र छन् त्यहाँ तर ती राजनीतिका सामु मित्रतालाई समेत नतमस्तक पारिदिन्छन्। सानो ठाउँ भएर होला, सबले सबको दैनिक गतिविधिको पूर्ण जानकारीमा चासो राख्ने गरेको। एकअर्काको राजनीति कठबार वारिपारि बसेर पनि जोर्नी र कापबाट चियो गर्ने गरेको। राजनीतिलाई व्यवसाय मात्र मानिदिएर मित्रता एवम् साहित्यिक बन्धुत्वलाई अलग्ग राख्न मेरा साथीहरू सफल भए भने त्यो ठाउँ साह्रै रमाइलो र स्वर्गमय हुने थियो।

यिनै कारणले हामी कसैकहाँ भेट्न गएनौं र सकभर कोठामै तीन दिन बितायौं। र, ती तीन दिन मेरा लागि अविस्मरणीय रहनेछन्। अम्बरसँग मेरो आत्मसात् त्यहाँ भयो। एक दिन हामी रोयौं, अर्को दिन हामी नाच्यौं...।

फायर प्लेसमा आगो बलिरहेछ। साइड टेबलमा रमको गिलासमा ज्वालाका प्रतिविम्ब सलबलाइरहेछन्। मधुरो उज्यालोमा हामी दुई जना आफ्ना जीवनका विगतको लेखाजोखा गरिरहेका छौं। हामी के पो कुरा गर्दैनौं; सफलता–असफलता, प्रेम–घृणा,

साहित्य–रुचि, विवाह, पत्नी, पत्र, पैसा... जति कुरा गर्‍यो उत्तिकै विविधता छ दुईको जीवनमा तर पनि दृष्टिकोणमा क्या समानता। अनुभवहरूको माध्यम, समय र स्थान अलग छन्, तथापि वेदनाको तापक्रम उही। जङ्गलका दुई किनारबाट मानौं भित्र पसेर बाटो बिराई अकस्मात् भेट भएका दुई बटुवा हौं हामी। र, श्लेषमा कुरा गर्ने हो भने हाम्रो वार्ता यस प्रकारको थियो भनौं–

“अम्बर, तिमीले सिमलको बोट देख्यौ हगि, लटरम्म फूल फुलेको?”

“देखेको छु।”

*सानै हुरीमा बैंसको सपना सिमलको फूलझैं झरी गयो।*
*तिमी के गयौ खुशीले पनि मलाई आँखा तरी गयो।*

“वाह! मलाई आँखा तरी गयो। साँच्चि नै आँखा तरी गयो” (भूपी)। सानै हुरीमा अँ... झरी गयो... अँ आँखा तरी गयो। ठीक, ठीक ठीक!

त, चोट उही हुनु पर्दैन, व्यक्ति उही हुनु पर्दैन; तापनि जुनसुकै ठाउँमा चोट लागे पनि बगेको रगतको रङ्ग, दर्द र त्यसको मीठो सम्झना उही हुन्छ। कलाकारको घाउको टाटो मस्तिष्कमा हुन्छ र ऊ चाहिएको बेला पाप्रो उप्काइ त्यसको अनुभूतिबाट प्रेरणा पाउँछ।

सायद यही थियो हाम्रो मिलनस्थल।

त्यहीं मैले जानें, ज्यादै मन मिलेपछि सर्टह्यान्डमा कुरा सकिँदो रहेछ र नयाँ अनुभवहरू अनुहार नहेरेर पनि टेलिप्याथीबाट व्यक्त गर्ने क्षमता उम्री आउँदो रहेछ। यस परिस्थितिमा पुगेपछि जीवनको मूल्य अर्कै हुन जान्छ। यस्तो अनुभव हुन्छ, मानौं शब्द, वाक्य, भाषा, साहित्य यी सब अपूर्ण मानवका आफूलाई व्यक्त गर्ने एक क्रुड साधन हुन् (देवताहरू के आपसमा कुरा गर्दा भाषाबाट गर्दा हुन्?)। यति कम वार्ता शब्दका माध्यमद्वारा भयो, मानौं हामीबीच झगडा भइसक्यो।

म हिंड्दा उसले मोटरको ढोकानिर ग्वाम्म अँगालो माऱ्यो, बस्। न हामीले हात मिलायौं, न गुड विसेज छऱ्यौं, न फर्किएर नै हेऱ्यौं, मैले कमसेकम हेरिनँ। कारण मलाई थाहा थियो– ऊ कस्तो अनुहार लाएर, के सोचेर, कसरी विशेष ढङ्गबाट पाइला चाल्दै थियो। अनि मलाई विश्वास छ, उसले पनि मोटरतिर फर्केर हेरेन। कारण ऊ जान्दथ्यो– म कसरी चुरोट सल्काएर, के कुरा सोचेर, विन्ड सिल्डपारि बगिरहेको दृश्यमा चिप्लेर पनि नचिप्लने प्रयास गरिरहेको थिएँ।

(नाइल नदीमा सिजर बिदा भइसक्यो– उसको नाउ तरङ्गित भइसक्यो। क्लियोपेट्राले निश्चय पनि त्यो दृश्य हेरिन।)

इतिहास साक्षी छ, यी त्यस बेलाका राजकविका उद्‌गार हुन्।

अनि हाम्रो भेट भएको छैन...

एक प्रकारले आवश्यकता पनि छैन। कारण ऊ अब अग्निपरीक्षामा पसेको छ। हालसालै उसकी आमाको मृत्यु भयो। र, जसलाई थाहा हुनेछ– छोरो यदि कलाकार भयो भने त्यसले के अनुभव गर्नेछ।

सूचना पाएपछि मैले उसलाई यस्तो एक चिठी पठाएँ।

*"प्रिय अम्बर,*

*यो चिठी मैले अघि नै पठाउनुपर्ने हो तथापि आज पठाइरहेछु। मलाई थाहा छ, गत महिना जुन रूपमा तिमीले बिताउनुपऱ्यो, त्यो साह्रै कष्टप्रद थियो।*

*मेरो पनि पिताको मृत्यु क्यान्सरबाट भएको हो। मेरी आमालाई परित्याग गर्ने पितालाई मैले जीवनमा धेरै पछि मात्र माया गर्न थालें। र, साँच्चिकै माया त उनलाई क्यान्सरले छोएपछि मात्र उर्म्यो मेरो मनमा। तीन वर्ष उनलाई रोगले सतायो। र,*

*जीवनको अन्तिम ३ महिना मैले साथ बिताएँ– आफ्नै हातले खुवाएर, सेवासुश्रुषा गरेर। र, उनले प्राण पनि मेरै काखमा छाडे। त्यस ३ महिनामा मैले बुझेको छु– क्यान्सर कत्तिको कष्टप्रद हुँदो रहेछ। त्यसकारण, तिम्रो चिठी पाएर आमाको खबर पढ्नासाथ एकक्षणभित्र मैले त्यो अनुभव फेरि दोहोऱ्याएँ। लागेको थियो, तिमीलाई सान्त्वनाका केही शब्द लेखूँ तर लेखिनँ।*

*त्यसको कारण छ। जुन पिरियड तिम्रो सामु थियो, जुन वेदना, जुन कष्ट र जुन नैराश्यले तिमीलाई घेरेका थिए, तिनको अनुभव म सयकडौं माइल टाढा बसेर पनि पाइरहेको थिएँ। र, प्रत्येक क्षण म सोचिरहेथें– यो तिम्रो आत्मालाई खार्ने र तिम्रो सृजनशक्तिलाई तिखार्ने एक अवश्यम्भावी प्रक्रिया हो। यसमा मान्छे जति एक्लिन्छ, ऊ त्यतिकै क्रिएटिभ हुन्छ। तिमीले भनेको सम्झें फेरि– मनमा अनेक भावना आइरहेछन्, तिनलाई मूर्त रूप दिनु छ। लाग्यो मलाई, तिमी यस अग्निपरीक्षाबाट पार भएपछि तिमीमा एक अर्कै प्रतिभा व्याप्त हुनेछ। एक परिपक्वता, एक वेदनामय सृजनव्यथा। यसैको सम्बल बोकी तिम्रो लामो जीवन अघि बढी नै रहनेछ। तत्कालीन व्यथा त एक गुज्रने फेज मात्र हो, यत्ति सम्झें।*

*पिता र माता कसैका बाँचिरहँदैनन्, न तिमी बाँच्छौं, न म बाँच्छु। तर पनि कताकता ती सबै हामीभित्र, हाम्रा सन्तानभित्र एक क्रममा बाँचिरहन्छन्, तिनको मृत्युको विभीषिकाका माध्यमद्वारा यदि हामीमा सृजनाशक्ति बढ्छ भने मलाई लाग्छ, हामीलाई जन्म दिएर उनीहरूले एक ठूलो उपकार गरेका छन्– आफ्नै लागि, हाम्रै लागि, राष्ट्रकै लागि।*

*नारायणगोपालद्वारा माताको मृत्युको समाचार हिजो बिहान मात्र पाएँ। अहिले यो लेखिरहँदा तिम्रो चिठी पाएँ। एकफेर आऊँ कि भन्ने पनि मैले नसोचेको होइन तर फेरि तिमीलाई एक्लै रहन दिनु नै उचित ठानें।*

*तिमीभित्र जो अंश आमाको छ, त्यसैको माध्यमद्वारा आमाले युगयुगसम्म सुख, सन्तोष पाइरहनुहुनेछ। रह्यो उहाँको भौतिक शरीर; त्यो पृथ्वी, आकाश, वायु, जलको अंश थियो, त्यो तिमीले फर्काई दिइहाल्यौ। छोराको कर्तव्य सायद यही हो पनि। र, आमालाई रोगको कष्ट त भयो अन्तिम समयमा तर पनि पति र पुत्रसमक्ष प्राण छाड्न पाउनु उहाँको ठूलो सौभाग्य रहेछ। ईश्वरले गरून्, उनको आत्माले शान्ति पाओस्।*

*हामी सबैको सम्झना र यथावत् प्यार छ तिमीलाई। ज्यादै दिक्क मानेर व्याकुल भएका छौ भने केही दिनलाई यहाँ आऊ। मकहाँ बस, दुःखसुखको कुरा बाँटौंला। तिम्रो मन पनि काममा लाग्ने सम्भावना हुनेछ। आउने निश्चय गर्‍यौ भने सङ्कोच अलिकति पनि नमानी, हिंडिहाले पनि हुन्छ।"*

जवाफ पाएको छैन। थाहा छैन, उसको चिठी आउँछ वा ऊ। केही फरक पर्दैन।

मलाई थाहा छ, अब आउने निकट भविष्यमा उसले गरेका रचनामा उसको प्रतिभा निखारिएको देखिनेछ। एक नयाँ भल आउनेछ, जसले नदीको किनारालाई नयाँ मोड दिनेछ।

नदीमा भल आउँदा पानीमा मलिलो माटो पनि बगेको हुन्छ। त्यही माटोमा उर्वरा शक्ति हुन्छ। त्यसैमा बाली फस्टाउँछ। हुन त माटोले स्थान परिवर्तन गरेको हुन्छ र मलाई लाग्छ अम्बरको पनि अब शैलीमा परिवर्तन हुनेछ तर पनि आत्मवेगले नदीलाई आफ्नो कर्तव्य बिर्साउनेछैन।

यही मेरो लिखित रूपको शुभेच्छा हो तिमीलाई, अम्बर। अब नि तिम्रो उर्वरा शक्तिको प्रतीक्षा छ।

धरती र अम्बरको मिलन सङ्गीतमय क्षितिजमा हुनेछ।

तिम्रो गीत “म अम्बर हुँ तिमी धरती, लाखौं चाहे पनि हाम्रो मिलन कहिले नहोला।” अब पुरानो भइसक्यो। नयाँ गीतको आवश्यकता छ हामीलाई।

# गोपालप्रसाद रिमाल

१९९७ साल। श्रावण महिना। पानी नपरेको तर लटरम्म बादल लागेको प्रातःकाल। ताहाचलको हाम्रो घरको मूल ढोकाबाहिर एउटा ओलिन्काठ। चार कसाईहरू। आमाबाबु, मेरा पिताजी, म र अन्य कैयन्, अहिलेलाई धमिला भइसकेका अनुहारहरू।

"अब ढिला गर्नु हुन्न। चाँडै बाटो लागेर चाँडै वासमा पुग्नु बेस।"

"भीमफेदी मजासँग पुग्छ। चार जनाले बोकेको छ। दिन पनि लामो।"

"वर्षायाम बाटो चिप्लो, बिस्तारै जानु बेस।"

त्यही साधारण कुराहरू हुन्, आजभन्दा झन्डै चौथाइ शताब्दीअघि कमाउन बिदेसिने छोराका वरिपरि उभिएर कमाइसकेका, थाकिसकेका अनुभवहरू आफ्नो व्यक्तित्व खडा गर्थे। म नेपालका निम्ति नौलो, काठमाडौं आएको १५ दिन पनि नहुँदो हो; एक रात हाम्रो घरमा साइत सारेर, एउटा पोको चामल र फलफूल टिपेर निधारमा रातो टीका, दूबोको माला, कोगिटाको मयलपोस सुरुवाल (कोट अहिले सम्झन्नँ), भादगाउँले टोपी लगाएको त्यो अनुहार बिदा हुँदै थियो।

त्यो थियो, गोपालप्रसाद रिमाल। बर्दिया अमिनीमा लप्टन भएर जान लागेको। म उत्सुकतापूर्वक त्यस बेला त्यहाँ थिएँ– मलाई के थाहा, त्यो जान लागेको व्यक्ति मेरो जीवनमा आउन लागेको थियो। उसले मलाई, स्वयम्लाई कति प्रभावित गर्‍यो। मेरो चरित्रलाई नयाँ मोड दियो–दिएन, त्यतापट्टि छलफल नगरौं; तर पनि यति त निश्चयसाथ

भन्न सक्छु, झन्डै यस पच्चीस वर्षमा हामी धेरैपटक, विभिन्न परिस्थितिमा साथ हुन पुगेका छौं।

अनायास एक दिन सुन्न पुगें– गोपाल दाइ बर्दियाबाट बेपत्ता भयो रे! (अड्डाको पैसा पनि लगेको छ रे! लखनौतिर घुम्न गएको छ रे! कुनै तवायफकहाँ ठ्याम्मै बसिदियो रे! होइन, लखनौ गा'छैन रे! थियो रे तर अहिले छैन रे! मान्छे सनकी हो, के सनकमा हिंड्यो अब! त्यति राम्रो जागिर किन छाडेको होला हँ? अब नेपाल पस्यो भने पक्राउ पर्छ रे! तहबिल मसौट चानचुन कुरा हो र! तर साँच्चि गोपाल छ कहाँ? खै, नालायक सन्तान रहेछ। जेठो छोरो भएर बाबुआमालाई सुख दिनुपर्ने। के गरेको होला हँ! सङ्गत नराम्रो पर्‍यो कि हँ? कहाँ र, पहिलादेखि नै यस्तै हो। आई.ए.को जाँच दिंदा के त? जाँच चटक्क छाडेर धादिङ, गोरखा कताकता हिंडिदिएको! मान्छे मोजगिरी हो! अब नेपाल आउँछ रे...)। यही सब चर्चाहरूले १४ महिना बिते। गोपाल दाइ फर्क्यो। एक गम्भीर व्यक्तित्व। कम बोल्छ। उससँग कसैले "के भएको?" भनी सोध्ने साहस गरेन। उसकै निमित त्यो कुरा सबै बिर्सने प्रयासमा थिए। झल्याकझुलुक म भेट्छु तर पनि नगिच हुन सकेको छैन। ऊ आउँछ कहिलेकाहीं घरमा।

अनि एक्कासि हाम्रो घनिष्ठताको प्रारम्भ हुन्छ। पिताजी गोपाल दाइलाई अह्राउनुहुन्छ, १–२ घण्टा मलाई पढाउन। म कतै स्कुलमा भर्ना भएको थिइनँ, घरैमा पढ्थें। उनी पढाउन आउँछन्। १०–११ बजेतिर सधैं बिहान र १२ बजेतिर हामी घुम्न हिंड्छौं सधैं। पश्चिमी उपत्यकाको मेरो मेरो गहिरो भ्रमण आरम्भ हुन्छ। विष्णुमतीको पश्चिम। २ बजेको घाम र जाडोको महिना। हामी कहिले सीतापाइला, कहिले स्वयम्भू, कहिले हलचोक, कहिले नैकाप, कहिले कीर्तिपुर, कहिले मच्छेगाउँ पुग्छौं। एउटा अनिश्चित प्रोग्राम छ। निस्क्यो, जहाँ पुगिन्छ। बाटोभरि गफ गर्‍यो, ५ बजेतिर फर्केर आयो। विधुर गोपालको रोमान्सले परिपूर्ण जीवनमा मेरो पदार्पण हो यो।

कुनै गाँउ। रातो माटोले लिपेको आँगन। धान सुकाएको छ अगिल्तिर।

"दिदि, पानी खान पाइन्छ कि?"

"पानी खान माग्न पनि किन लाज मानेको शहरिया भाइहरूले!"

एउटा परिपुष्ट हाँसो। टम्म चुरा लगाएको हातले अम्खोरा दिन्छे मोहीको। एउटा थालमा मकै आउँछ। एउटा अनुहार गफ गर्न अगाडि सर्छ। काशीको भिन्न वातावरणमा हुर्केको १३–१४ वर्षको ठिटोलाई (मलाई!) यो अचम्म लाग्छ। हिंड्ने बेलामा हामी पैसा दिन खोज्छौं। एउटा अनौठो अनुहारले हाम्रो दुस्साहसमा मायालु–घृणालु भावना हेरिदिन्छ। हामी लज्जित हुन्छौं। गोपाल दाइ मलाई बताउँछ, यो नेपाली जीवनको संस्कृति हो, घरमा भएको कुरा पाहुनालाई खुवाउनु पुण्य जो पाउँछन् उनीहरूले, त्यसको तृप्ति रेस्टुराँली व्यवहारबाट असम्भव छ...!

...सीतापाइलाको बाटो। साँझको बेला। हामी घर फर्कंदै छौं। दूध पुऱ्याउन शहर हिंडेकी एउटी ठिटी। एउटा सिपाही पनि शहर जान लागेको। जम्काभेट हुन्छ।

"दूध बेच्ने हो दिदी?"

"हो।"

"एक मुठी दूधको कति लिने?"

ठिटी पुलुक्क अनुहार हेर्छे सिपाहीको। गोपाल दाइ र मेरा आँखा जुध्छन्। वार्ताका जो एक भित्री तह त्यो अनायास वातावरणमा छरिन्छ। सिपाही हामीलाई आफ्नै सहधर्मी ठान्छ। हामीपट्टि हेरेर अर्थपूर्ण ढङ्गले खिसिक्क हाँस्छ। मलाई सिकसिक लागिरहेको हुन्छ– कहिले यस्तो अनुभव नगरेकोमा।

"मुटु कत्रो सानो दाइको। दुई मुठी किन्ने पनि आँट छैन!"

वार्तालाप लामो थियो उनीहरूको। हाम्रो पनि वार्तालाप निकै लामो भयो, तीन–चार दिनसम्म। मोरालिटीको पक्षमा म थिएँ र विपक्षमा गोपाल दाइ। मेरो भनाइ त्यही थियो, जो एक ब्राह्मणले धर्मको भरमा भन्छ। गोपाल दाइ मार्क्स र फ्रायडको भरमा बोल्थे।

“शङ्कर, तँ बुझ्दैनस्, मोरालिटीलाई जहिले पनि यौन र आर्थिक परिस्थितिले जकडेको हुन्छ।”

“होइन गोपाल दाइ, हजारौं वर्षको सभ्यताले के हामीलाई केही सिकाएन? के हामी...”

कुरा त्यस्तै हुन्, जो हामी तिनताक खूब बहस गर्थ्यौं। सायद आज पनि यस्तै कुरा त्यस्तै परिस्थितिमा परिक्रमा गरिरहेका व्यक्तित्व गर्दा हुन्। तर हाम्रो बहसको अन्त्य बडो नाटकीय ढङ्गले भयो– बुद्ध भगवान्को छत्रछायामा।

स्वयम्भू। पतकर सोहर्ने ठिटीहरू। मभित्र तिनताक कविताले जन्म लिइसकेको थियो। खूब डायरी लेख्थें, खूब कविता लेख्थें। गोपाल दाइलाई कविता सुनाउँथे। ऊ शिक्षा दिन्थ्यो। हामी स्वयम्भू जङ्गलमा बस्थ्यौं, घण्टौं। त्यहाँ केटीहरू थिए, त्यसमा एउटी थिई कान्छी। ऊसँग निकै गफगाफ हुन्थे। आफ्नो घर, पतिको कुरा ऊ गर्थी। काठमाडौंको काँठको जीवनको मेरो अध्ययन कान्छीको सौजन्यबाट प्रारम्भ भयो।

एक दिन कान्छी हराई। थाहा पाइयो, पोइल गई! एक दिन फेरि आइपुगी। थाहा भयो, नयाँ पोइ साह्रै माया गर्छ। मेरो मोरालिटीमा डुबेको आत्मगौरवले कान्छीलाई केर्न पुग्छ– “तिमीले पहिलो पतिलाई किन त्याग्यौ?”

“पति भनेको परमेश्वर हो बाजे! उसले रक्षा गर्नुपर्छ। स्वास्नीले पतकर सोहोरेर कमाएको पैसा जाँडरक्सी खाएर खर्च गर्न थाल्यो भने ऊ परमेश्वर रहँदैन। त्यस्तालाई लातै मार्नुपर्छ। यो जोवन हुन्जेल त हो नि, लोग्नेमानिसका आँखाले हामीलाई देखिदिने। जोवन रहँदैमा बाटो पैल्याउन सकिएन भने नर्कको सास्ती पाइन्छ।”

फिलोसफी यत्ति हो। यही कुरा गोपाल दाइ मार्क्स र फ्रायडको भरमा बोल्थे। यही कुरा कान्छीले अनुसन्धानको आधारमा भनिदी। दाइ गजब, दङ्ग परेर हाँस्नुभयो।

"देखिस् शङ्कर, तेरो हिरोइन?"

म चुप लागें। नदेखेको होइन मैले। जीवनभर त्यही कुरा देखिरहें, विभिन्न कोणबाट। यो मोड यस्तो थियो मेरो जीवनमा, जसले फकाएर मलाई कहिल्यै फेरि १९९९ सालतिर लग्ने...।

***

२००० साल। थानसिङ। दाजुको विवाह। पहाडको जीवनको मेरो पहिलो अनुभव। ती भाउज्यू, जसलाई मण्डपमा दुलहाको छेउमा बसेर देवर भइटोपलेको नाताले खूब गिज्याइयो, खूबै रमाइलो गरियो, ती अझै बाँचेकी छन्, उनका तीन छोरा भइसके। उनका गर्भमा कैयन् प्रकारका दुःख जन्मिसके, कैयन् ससाना कष्ट, पीर, गरिबी उनले भोग्नुपऱ्यो। तर पनि उनी... होइन, होइन, उनको कुरा नगरौं, दाइको कुरा गरौं; दाइले यी भाउज्यूलाई विवाह गर्नु नै उनको जीवनको सबभन्दा ठूलो भाग्य थियो।

'ऊ मरेकी छैन' नाटकको रिहर्सलको रमझम। बालकृष्ण समको निर्देशनमा। हामी सँगै छौं। मैले एउटी बूढी आइमाईको रोल लिएको छु, गोपाल दाइ हिरोइन (कलानाथ अधिकारी) को पिता। सिंहदरबारमा नाटक हुन्छ। 'गौरीशङ्कर नाट्य समुदाय'को रङ्गमञ्चबाट (यो नामकरण गोपाल दाइले नै गरेको हो)। दुई–तीन महिना जो रिहर्सलमा बित्यो, त्यसको मजा भिन्न थियो। एउटा क्लबको वातावरण थियो। सबै भेला भयो, एकछिन काम गऱ्यो, पाठ कण्ठ गऱ्यो, एक्टिङ गरिटोपल्यो। गोपाल दाइ प्रायशः सहायक निर्देशकको रोल पनि गर्नुहुन्थ्यो। भन्नुहुन्थ्यो, "नाटकको पार्ट गर्ने मान्छेमा संवेदनशीलता, एक लेखक–कविको वातावरण निर्माण गर्न सक्ने क्षमता हुनुपर्छ। जुन पार्ट गरेको हो, म त्यही मान्छे हुँ भन्ने स्टेजमा ओर्लनासाथ सोच्न सक्नुपर्दछ।" यो सब

एक गफसफको विषय थियो, सिंहदरबारको मञ्चमा नउत्रन्जेल। उहाँको वातावरण राणाकालीन उत्कर्षमा, जुद्धशमशेरका सामु सात ताल्चाभित्र थुनिएर, स्टेनगन र आठ पहरियाहरूद्वारा घेरिएर, सिर्फ अन्धकारमा गुडगुडाइरहेको एक हुक्काको निस्तब्धतामा मैले उनको कुरा अनुभव गरें।

लगत्तै पछि हाम्रो प्रेम पर्छ। मैले यहाँ झुक्किएर 'हाम्रो' भन्ने शब्द प्रयोग गरेको होइन। मभित्र अब यौवन सगबगाउन थालिसकेको थियो। वातावरणमै स्वास्नीमान्छे बास्ना आउने, जीवन मिठासले भरिएको, आफूभन्दा अग्रजको एडभेन्चरले उत्साहित गर्ने, "सब प्रेम गर्दै छन्, सबका कोही न कोही छन्, मेरो मात्र किन कोही छैन" भन्ने भावना उम्रिसकेको थियो। आँखा डुल्दै थिए झ्याल–ढोका, आकाश–पाताल, त्यो आफ्नै निम्ति जन्मिएकी हिरोइनको खोजीमा। हुन त स्वयम्भूमा हाम्रो मकैभटमास, मुला, हाँसको फुल, बारा खाने ठाउँमा भएका दिदीबहिनीको अंशबन्डा हामीले आफ्नो ढङ्गबाट गरिसकेका थियौं। बहिनीचाहिं ९–१० वर्षकी थिई। अनुहार निकै प्रोमोसिङ! दाइ भन्थ्यो– "तँ नोक्सानमा त छैनस् तर यत्ति हो, पर्खनुपर्छ अलि!" तर मैले कुरा गर्न लागेको यहाँ तिनीहरूको होइन। अर्कै एक घटना भयो।

इन्द्रजात्राको दिन थियो। (आहा! तिनताकको इन्द्रजात्रा! झ्यालमा सिर्फ स्वास्नीमान्छे! पुलिसले लोग्नेमान्छेलाई सडकमा हिंड्न नदिने, घरमा झ्यालमा बस्न नदिने। आखिर तरुना मान्छे के गरून्? आँखा छैन र? मन छैन र तरुनाको? डफ्फाका डफ्फा छेडोछेडोबाट नाकानाकामा ट्वाक्क पुगिहाल्ने! यिनै इन्द्रजात्रा हुन्, जसले टिमिक्क परेका पट्ठालाई काठमाडौंको गल्ली, चोकको दर्शन गराउँथ्यो! तर मज्जा थियो, त्यस बेलाको तन्नेरीपनमा!) लगनबाट ज्यावहालको गल्ली हुँदै हामी ह्युमतको धारामा निस्क्यौं। त्यहाँनिर अगाडिको घरमा झ्यालको तल्लो भागको खिर्खिरीबाट हेरिरहेका दुई आँखा थिए। निधारको माथिल्लो भाग र कपालको बान्की बताउँथे– त्यो पक्का पनि सुन्दरी हो। हामी दुई जनाका हत्केला आफुसमा जो गुजुल्टिएका थिए, ती छिनभरिका निमित्त कस्सिए। जुद्धशमशेर, यो शमशेर, ऊ शमशेर... मिलौं लामो प्रोसेसन अगाडीबाट

बगेर गयो। हामी त 'काली जुल्फे र हिउँ गोरो अनुहार'मै अल्झिरह्यौं। पछि आँखाले कृपा गऱ्यो, मुस्काराइदियो जाने बेलामा! र, दरबारिया ढङ्गले नक्कल गरेको त्यस 'उर्वशी'ले मोटरको पछिल्लो ऐनाबाट एक मधुर मुस्कान फ्याँकी अलप भयो। हामी अकलगुम! मैले मोटरको नम्बर मनमनै टिपेको थिएँ (रबर्ट ब्लेकका उपन्यास पढिसकिको थिएँ क्यारे!) र हामी मोटरका जरियाबाट सौन्दर्यको खोजीमा हिंडयौं।

घर पत्ता लाग्यो। त्यो सडक कति प्यारो हाम्रा लागि त्यस बेला! उसका बन्द झ्यालमा कति सौन्दर्य! अझ त्यो कौसी कति प्यारो, उनी बिस्तारै ओहोरदोहोर गर्ने! अझ, ती गमला कति प्यारा, जसका कापबाट ऊ हामीलाई हेरिदिन्थी। हामीले थाहा पायौं, उसले हामीलाई देखिसकी र उसले पनि थाहा पाई, हामी उसकै निमित्त कावा खाँदै छौं। तर भेट्ने कसरी, कहाँ के भन्ने?

"शङ्कर, त्यो मलाई होइन, तँलाई हेर्छे!", दाइ भन्थ्यो। म बुझ्थें– ऊ मलाई गिज्याइरहेछ। ठूलो टाउको, प्रशस्त निधार, ज्योतिला आँखा, गोरो, परिपुष्ट, लक्का जवान थियो ऊ त्यस बेला। म मरन्च्याँसे, छ्वाँके, १४–१५ को अपरिपक्व। आकर्षण कतापट्टि थियो, त्यो लाटो पनि बुझ्ने! तर मलाई कस्तो तृप्ति हुने त्यस बेला! उसको व्यक्तित्वमा मैले आफूलाई ढालिसकेको थिएँ। उसले भविष्यमा पाउने सुख, प्रेम, आलिङ्गन तथा रोमान्सका अन्य व्यञ्जनको स्वाद म त्यही बेला पाइरहेको हुन्थें। मलाई ईर्ष्या पटक्क लागेन, कहिल्यै पनि। लागेको भए, जब हामीले उनको नोकरलाई आफूपट्टि मिलाएर मालिक्नीको कुरा थुत्यौं, त्यस बेला सदा नै म दाइको पक्षमा हुन्थें।

नोकर मुला लट्ठक! के भन्छ, थाहा छ? "मैयाँ साह्रै पढिबक्सिन्छ। जुन बेला पनि किताब हुन्छ साथमा! राति पनि पढ्दापढ्दै सुकला हुन्छ।"

"कस्तो किताब हँ?"

“अब खै हजुर! हाम्रो लागि अक्षर गोबरबराबर! नीलोनीलो आकाशआकाश रङ्गको किताब छ, पातलोपातलो, बाक्लो जिल्दा भएको!” भो? नीलो जिल्दा भएको त्यो कुनचाहिं भाग्यमानी किताब होला! त्यो कुनचाहिं लेखकको कृति होला, जो तकियाको कापमा उनको सिरानको अँगालो मारेर बिसान पाँउछ। खूब रुमल्लियौं नीलोनीलो आकाश रङको पातलोपातलो बाक्लो जिल्दा भएको किताबको खोजीमा! यो कस्तो सरकार? वीर लाइब्ररीजस्तो पुस्तकालयमा त्यस्तो पुस्तकै नराखेको? यो कस्तो देश, जहाँ एउटा पनि पुस्तकालय छैन। यो कस्तो चिनियाँमानको एक मात्र पुस्तक पसल, जसमा नीलोनीलो, बाक्लोबाक्लो, पातलोपातलो पुस्तकै छैन। उनले पढेको पुस्तक हामी नपढ्ने? कस्तो पाखे ठान्नेछिन् उनले हामीसँग साहित्य चर्चा गर्दा! हरे, के देशमा जन्मन पुगियो!

अनि, एक दिन पुस्तकसिकारमा हाम्रा आँखा पर्छन्, म्याकमिलन सिरिजका रवीन्द्रनाथ ठाकुरका पुस्तकका लाममा।

युरेकका! गार्डेनर!!

नोकर खै?

दशैंको बिदामा घर गयो!

घर कहाँ?

दश नम्बर!

दश नम्बर कहाँ हो?

मातीर्थनिर!

भाडाको साइकलमा टुइँटुइँ, हामी पुग्छौं दश नम्बर!

त्यसको गाउँ त माथि डाँडामा छ हजुर!

हामी डाँडा उक्लन्छौं। आखिर त्यो डाँडा नै त हो नि! सगरमाथा त होइन! पसिना आए के भो त? प्रेममा पसिना पनि नआओस्? भोकप्यास लागे के भो त? प्रेममा भोकप्यास पनि नलागोस्?

त्यो नोरको हात रविबाबुको गार्डनर गयो उनकहाँ!

त्यसमा गोपाल दाइको सुन्दर हस्ताक्षरमा लेखिएको थियो– "विथ लभ, फ्रम वन हु एडोर्स यु!"

त्यो किताब भरे उनी पढ्छिन्, तकियाको कापमा राख्छिन्।

कत्रो तृप्ति! कत्रो आनन्द! कत्रो सुख! (प्रेममा यही त एउटा मज्जा छ!)

तर प्रेम यतिमै समाप्त भयो! कुनै प्रत्युत्तर आएन! देखादेखमा नै उनको विवाह भयो!

...गोपाल दाइ जागिर पाउँछ। म पढ्नपट्टि लाग्छु। ऊ भाषानुवाद परिषद्को टेबलमा बसेर 'मसान' सिर्जन्छ। म स्कुल र कलेजको पढाइबीच रोमान्स थाल्छु। हाम्रो त्यतिको भेटघाट हुँदैन, जति पहिले रोजरोजै हुन्थ्यो। भेट नहुने होइन हुन्छ– "कसो, प्रोग्रेस कस्तो छ?"

"बेस!"

"मसान सिद्धियो?"

"सिद्धिएको छैन।"

"नयाँ केही लेख्नुभयो ?"

"आमाको सपना ! ...सुन् !..."

... ... ...

"के खबर छ, दाइ ?"

"बेस !"

"कुनै नयाँ कुरा ?"

"तैंले N लाई देखेको छ ?"

"अहँ !"

"हिंड्, आज शोभाभगवतीमा आउँदै छ !"

हामी जान्छौं। भोलिपल्ट एक कविता बन्छ 'भेट'–

*"पुर्नेको जूनलाई किन पर्खेको ?*
*भेट्ने उनैलाई हो क्यारे,*
*तिमी उनलाई उनकै प्रकाशमा देख,*
*तिमी उनलाई आजै यो औंसीको रातमा भेट !"*

"होइन दाइ, यो टैगोरको 'कम एज यु आर डु नट ल्वायटर ओभर योर ट्वायलेट' जस्तै भएन ?"

"त्यसभन्दा तीव्र !"

... ... ...

"के हुँदै छ दाइ?"

"बेस!"

"... ... ..."

"तेरो प्रोग्रेस कस्तो छ?"

"आजकल उस्तो फुर्सद छैन। अलमलिएको छु– पढाइ, प्रेम र अनुभवको भुँवरीमा।"

"म पनि शा सिद्ध्याउँछु भनेर कसेको।"

(अनि देखें शाका कृतिहरूको खात दराजमा!)

हाम्रो भेटघाट झन् कम हुन्छ। दुवै जना आआफ्नै धुनमा आआफ्नै संसारमा बगिरह्यौं।

खुसखुस खुसखुस– "गोपाल त राजनीतिमा लाग्यो रे!"

खुसखुस खुसखुस– "शोभाभगवतीमा प्रार्थना हुन्छ रे!"

खुसखुस खुसखुस– "गोपाललाई पक्डे रे!"

खुसखुस खुसखुस– "सिंहदरबार छेउको कालिकास्थानमा थुनेको छ रे!"

खुसखुस खुसखुस– "गोपाल छुट्यो रे!"

समय यसरी नै गइरह्यो र

यसरी नै पद्मशमशेर गए।

यसरी नै मोहनशमशेर गए।

यसरी नै पिताजीको स्वर्गवास भयो।

यसरी नै म सरकारी सेवामा आएँ।

यसरी नै प्रजातन्त्र आयो।

गोपाल दाइ दोस्रोपटक जेलयात्रापछि आमरिहाइबाट छुटेर घर फर्क्यो। देशको वातावरण निकै परिवर्तन भइसकेको थियो। जीवनको तीव्रतालाई परिस्थितिले खिया पार्न थालिसकेको थियो। प्रेममा लैला–मजनुको दर्शनभन्दा 'इन्टेलेक्चुअल अप्रोज'ले उछिनिसकेको थियो। म पनि अब प्रेमलाई फ्रायड र मार्क्सका आँखाले हेर्न थालिसकेको थिएँ।

गोपाल दाईलाई भेट्न उसको घर गएँ। आफ्नो उही पुरानो कोठामा छ ऊ। झ्यालनिर बसेर बाहिर सडकको जीवन हेरिरहेछ।

के यो उही गोपाल हो?

कपाल तिल–चामलअनुसार डढेका, आँखाका किनारालाई समयले चिथोरेको, अलि कुप्रो, निकै बूढो, लुगा र जिउको बेवास्तामा टुपीसम्म पुरिएको। मुटुमा एक धक्का लाग्यो। एक निमेषलाई उसका सौन्दर्यका विभिन्न रूप आँखामा चिप्लेटी खेलिरहे। मेरो आगमनलाई उसले एक उडिरहेको नजरले हेरिदियो अनि फेरि फर्क्यो झ्यालतिरै! मानौं म उसको अन्तरङ्ग, भाइ, मित्र, सल्लाहकार, साझीदार, सहयात्री, शुभेच्छुक केही होइन; मानौं हामी दुईले सँगै जीवनमा केही गरेनौं; मानौं म उसको निमित्त एक अपरिचित, नौलो अनुहार हुँ; मानौं उसले जेलभित्रैबाट सम्झनाको रूपमा मलाई देख्यो; मानौं ऊ मेरो

उपस्थितिलाई अझै कल्पना नै ठानिरहेछ। जेलजीवनका नाइटमेयर उसका आँखामा अझै बाँकी छन्। जेलभित्र, चार पर्खालभित्र बस्ता आफ्नो छुटकारा र स्वतन्त्रताको यस्तो सजीव चित्रण उसले गरेको थियो होला नि त, आज वास्तविकतालाई पनि ऊ काल्पनिक चित्रण नै ठानिरहेछ! बालमनोविज्ञानको ठेट शब्द प्रयोग गर्ने हो भने गोपाल दाइको सातो गएको रहेछ।

नगिचै चकटीमा बसें। ऊ हेर्दैन।

चुरोट झिकें, दिएँ, सल्कायो। बोल्दैन।

“तपाईंको हेल्थ कस्तो छ?”

“हँ? यहि हो।” फेरि मौन।

“कपाल त फुलेछ नि!”

हत्केला रौंका जङ्गलमा यसो दुगुरे। बस्।

मेरो पहिलो भेट साह्रै असफल भयो। परिस्थिति बुझ्नपट्टि लागें। घरका विभिन्न व्यक्तिको विभिन्न व्याख्या र अनुभवबाट जानें– ऊ बोल्दै बोल्दैन, खाँदै खाँदैन, वास्ता गर्दै गर्दैन, बाहिर निस्किँदै निस्कँदैन। उसका आकाङ्क्षा, सपना, कार्यशीलता, प्रेरणा जम्मैलाई नक्खुको औले वातावरणले कमारो बनाएछ। आत्मविश्वासमा लागेका खिया पन्छाउन निकै समय लाग्यो, निकै प्रयास लाग्यो; पछिपछि बुझ्दै आएँ, उसले अन्तरङ्ग भनी अपनाएका राजनीतिक साथीहरूबाट पाएका धोका, छलकपट र बेइमानीबाट ऊ यस्तरी तर्सेको रहेछ, उसको कसैमाथि विश्वास रहन गएन। पछि ऊ नर्मल भयो। पछि उसको सबैसँग भेटघाट भयो। पछि उसको बारेमा कुरा पनि चल्यो, खुसखुस खुसखुस– “गोपाललाई नयाँ मन्त्रीमण्डलमा समावेश गर्ने रे!”

अब उसका घरमा मानिसको ताँती आरम्भ भयो। उसका परिवारमा नयाँ सम्भावनाहरूको ढोका खुल्यो। नयाँ सपनाहरू जागेर आए, नयाँ व्यवहारले ढ्याम्मढुम्मै वातावरणलाई अङ्कमाल गर्‍यो। मानिसहरूले उसप्रति गरेको व्यवहारमा, जुन एक प्रष्ट अन्तर देखियो, त्यसले उसलाई पनि नहुत्याएको होइन! सम्भावनालाई अरूका आँखाबाट हेर्दाहेर्दै, तौलिंदातौलिंदा त्यसले झन्डा र ढोकामा सङ्गिन राख्न मात्र बाँकी, एउटा औपचारिकता मात्र बाँकी हुन गएको झझल्को वातावरणमा व्याप्त भयो।

तर सपना चुर पनि हुन सक्छ। र, यहाँ उसको सपना चुर पनि भयो। जेलभित्र देखेका सपनामा आफू एक्लोको अनुभव मात्र थियो; घरमा बसेर देखेका यस सपनामा सम्पूर्ण परिवार र अझ काठमाडौंको घिनलाग्दो चाकरिया समाज पनि सम्मिलित थियो। यस चोटको प्रतिक्रिया झन् तीव्र भयो।

त्यस बेला जसजसले उसलाई नगिचबाट देखे, उनले बुझेका छन्– गोपालको जीवनमा अस्वस्थताको सुइँको त्यही बेला पाइयो पनि।

ऊ काठमाडौं छाडेर बाहिर जान्छ।

कसैलाई थाहा छैन, ऊ कहाँ छ!

कोही पनि जान्दैन, ऊ के गर्दै छ!

महिनौं बिते!

कलकत्तामा एक्कासि जम्काभेट भयो। मछुवा बजारमा डेरा रहेछ। गएँ। हालत नाजुक थियो। पैसाको साह्रै कमी। झन्डै छाक टार्न मुस्किल। उसको व्यवहारमा पहिलो पटक, त्यहाँ प्रतिशोध र 'सिनिसिज्म' उम्रेको पाएँ। होटलमा गएर खायौं। बितेका महिनाहरूका राजनीतिका, व्यक्तिगत जीवनका अनेक कुराहरू भए। त्यहीं जानें, उसले खर्साङमा पढाएको रहेछ। खर्साङको नेपाली समाज, त्यसको सौजन्य, त्यहाँको फुक्का

वातावरण, त्यहाँको हावापानी सबैप्रति ऊ मुग्ध भएको रहेछ। उसलाई साह्रै मन परेको ठाउँ, ऊ भन्दै थियो।

"अब तपाईंको प्रोग्राम के छ?"

"केही छैन। चीन जान मन लागेको छ। आसामबाट बर्मा, बर्माबाट चीन।"

"घरमा थाहा छ? तपाईं यहाँ भएको चाल पाएका छन्?"

"खै कुन्नि?"

"केही लेख्नु हुन्न?"

"के लेख्ने? यही हो।"

"मैले भेटेको कुरा भनिदिऊँ? खुशी हुनेछन्।"

"हुन्छ, भनिदेऊ।"

"विशेष त केही भन्नु छैन?"

"छैन।"

"घरबाट चिठी पठाए भने तपाईंको ठेगाना के?"

"त्यस बेलासम्म म हिंडिसक्छु होला।"

"नेपाल जाने भए हिंड्नुस् मसँग!"

"फेरि नेपाल जाने?"

यस 'फेरि'को उत्तर मसँग थिएन।

आसामको चुनावमा उसले नेपाली पक्षमा रानीतिक कार्य गरेछ, पक्राउ पऱ्यो। दुई–तीन महिनापछि नेपाल आयो, स्वास्थ्य चकनाचुर भइसक्यो। डब्ल्युआर झन्डै दशका मुनि दश पोजिटिभ। कुरा गराइमा कताकता त्यान्द्रो चुँडिएको। कताकता के नमिलेको। मलाई यस्तो अनुभव भयो, मानौं ऊ सर्ट ह्यान्डमा साह्रै छिटो कुराहरू सोच्छ र बीचबीचमा एक–दुई वाक्य लङ ह्यान्डमा हामीतिर हुत्याइदिन्छ। पछि औषधिनिमित्त उसलाई भारत लगियो। सुनें, धेरै समय बम्बै र लखनौ बस्यो।

खुसखुस खुसखुस– "लखनौमा होटलमा बस्छ रे! अखबार बोकेर स्टेसनभन्दा पर सिग्नलको छेउमा बसेर रेल आएको–गएको हेरिरहन्छ रे!"

खुसखुस खुसखुस– "बम्बैमा अस्पतालमा भर्ना गरेको छ रे!"

खुसखुस खुसखुस! फेरि खुसखुस!

यही खुसखुसमा समय बितिरहेछ।

मन्त्रीमण्डलपछि मन्त्रीमण्डल आइरहेछ।

गोपाल फर्कन्छ। उसको रोग झन् चर्केको छ।

समय झन् बितिरहेछ। उसलाई औषधि गर्न अनेक सुझाव आउँछन्। घरको परिस्थिति झन् बिग्रिंदै गइरहेछ। सुझावहरू झन् बढ्दै जान्छन्।

म भारतीय दुतावासमा छु। साँझको बेला छ। राजदूत भगवान् सहाय, सांस्कृतिक सहचरी डा. शिवमङ्गलसिंह 'सुमन' र म बगैंचामा बसेर चिया खाँदै छौं। नेपालको क्रान्तिको त्यो पक्ष, जो मलाई ज्ञात छ, त्यसको चर्चा भइरहेछ। क्रान्तिनिमित्त साहित्यको देन भनौं। त्यसमा सिद्धिचरणको 'क्रान्तिबिना थन जुइमखु शान्ति' आयो। देवकोटाको

'युगवाणी'को सम्पादन र त्यस बेलाका लेखको चर्चा उठ्यो। अनि शोभाभगवतीमा प्रार्थना गरिने गोपालको प्रार्थना आयो। गोपाल आएपछि चर्चामा, म अलि भावुक भएँ। उसको जीवनीको छोटकरी परिचय दिएँ। २००३ सालको साहित्यसम्मेलनमा उसको 'एक जुगमा, एक फेर'ले ल्याएको भूकम्पको चर्चा भयो। त्यस कविताले आफ्नो युग निर्माण गरेको चर्चा भयो। कविता यस प्रकार छ–

*एक जुगमा एक दिन एकचोटि आउँछ*
*उलटपलट, उथलपुथल, हेरफेर ल्याउँछ*
*लाटासुधा बोल्न थाल्छन्, चल्छ ओठ दुःखको*
*सहे भनी सम्झिएका ईख फेर्न उठ्तछन्*
*गए भनी नदेखिएका फर्कीफर्की आउँछन्*
*सुते भनी सम्झिएका शुरुशुरु हिंड्दछन्*
*मरे भनी फ्याँकिएका जुरुजुरु उठ्तछन्*
*खरानी हुन्छ भर्भराउँदो, हुरी चल्न थाल्दछ*
*कायर पनि वीर हुन्छन्, वेग चल्छ जोसको*
*हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ*
*एक युगमा एक दिन एकचोटि आउँछ!*

*(आमाको सपना)*

एक जुग पुरानो कवितामा एकफेर हृदय हल्लाउने शक्ति अझै रहेछ। त्यसले एउटा वातावरण सिर्जिदियो। गोपालको औषधि गर्नुपर्छ भन्ने चर्चा उनीहरूको कानमा नपुगेको होइन तर सायद त्यस दिन अन्तिम बूँद थियो, जसले प्याला भरिदियो।

म यहाँ प्रष्टसँग यो कुरा भनिदिन चाहन्छु, मैले गोपालको उपचारको श्रेय आफू अथवा व्यक्तिविशेषलाई दिन चाहेको होइन। गोपालका निमित्त सहानुभूति राख्ने, भनिदिने, कार्य गर्न अग्रसर हुने मानिसको पनि कमी छैन। धेरै व्यक्तिले आआफ्नो ढङ्गबाट सहयोग

गरेका छन्– ती धन्यवादका पात्र छन्। ती अज्ञात रहनुमै उनको सौजन्य र बडप्पन छ। मैले सिर्फ लागिसकेको आगोमा घिउ थपिदएँ– उसको साहित्यिक देन तथा उसको कष्ट र व्यक्तिगत जीवनको चर्चा गरिदिएर।

तिनताक ऊ चरम सीमामा अस्वस्थ्य भइसकेको थियो। जोडा लेखक सङ्घको स्थापना, पछि जोडा सङ्घको स्थापना, पछि आफू स्वयम् जनरलिस्मो बनेको, पछि खुकुरी भिरी हिंड्न थालेको। प्रायशः रोजै ऊ नेपाल–भारत साँस्कृतिक केन्द्रको पुस्तकालयमा आउने। एकछिन बस्ने, एक–दुई चुरोट खाने अनि संसारको घटनाक्रमलाई लिएर प्रेस स्टेटमेन्ट दिने। यस परिस्थितिमा उसको राँची जाने कार्यक्रम बन्यो। अनेक नाटक रचेर उसलाई बिदा गरियो।

म यहाँ अस्वस्थ्य अवस्थाका घटनाहरूको वर्णन गरेर उसको व्यक्तित्वको नापतौल गर्ने पक्षमा छैन। यत्ति भन्न चाहन्छु, अस्वस्थ्य भए पनि उसमा काव्यशक्ति मरेको थिएन। अस्वस्थ अवस्थामा रचिएको एक कविताको नमुना पर्याप्त होला–

**मेरो प्रेमको कथा**

*एउटी काली ठिटी थिइन्, बोल्नै सकिनन्*
*मेरो रबाफ सहनै सकिनन्।*
*म तिनको राजा थिएँ, तिनी मेरी रानी हुन सकिनन्*
*ढोकेकी छोरी रहिछन्, ढोकेसितै बोलिन्।*
*तिनी जङ्ली युगकी रहिछन्, बर्बता तिनको धर्म रहेछ,*
*म मानिसको अगिल्तिर के टिक्थिन्?*
*अर्की तिनीजस्तै नै बरु काली रहिछन्*
*तिनले मलाई सपनामा पाइन् रे*
*किनभने विपना बन्धन थियो,*
*विपनामा खेल मात्र थियो।*

*यिनले मलाई बचाइन्, सपनामा पाउनेजस्तै*
*तिनले चाहीं मार्न खोजिन् रगत पिइन्*
*विपनामा नालायक ठहरिएजस्तै ।*
*कालीहरूको कथा आयो, गयो ।*
*अब गोरीहरू छुत्ती खेल्दै छन्*
*म पनि खेल्दै छु ।*
*यस्तो प्रेम आखिर लीला न हो*
*लीलाले पनि मलाई अलमलाउन सकिनन् ।*
*लीलासित हरदम पाचुके नै छ ।*
*मलाई त प्रेम र क्रान्ति बराबर छ*
*सङ्क्रान्ति त महिनौंमहिनौं भइ नै रहेछ ।*
*मलाई त क्रान्तिसित खेल्ने बानी छ*
*त्यसैले त क्रान्तिले मेरो छहारी सकार्नु छ ।*
*म त्यसैले जोडा छु, जोडा हुन्छु*
*क्रान्तिले मलाई नमस्कार गर्न बाँकी नै छ ।*
*मैले त क्रान्तिलाई सलामी दिसकें*
*क्रान्तिले मर्द भएर सलाम फर्काउन बाँकी नै छ ।*
*म त्यसैको प्यासो छु, त्यसैको प्रेमी छु*
*क्रान्तिले मलाई प्रेम गर्न बाँकी नै छ ।*
*म क्रान्तिको भोको छु*
*क्रान्तिले मेरो छाक टार्न बाँकी नै छ ।*

*(आमाको सपना)*

ऊ निको भएर आयो। गौचरमा लिन गएँ। दूतावासको प्रतिनिधित्व सुमनले गरेको थियो। उसका पिता थिए, आमा थिइन्।

कत्रो उत्सुकता, कत्रो प्रतीक्षा!

कस्तो छ ऊ? सम्झन खोज्यो, आँखामा अस्वस्थ्य अवस्थाकै रूप आउँछ।

ऊ आउँछ। निकै गम्भीर छ। बोल्दैन। नयाँ आएको कूटनीतिज्ञझैं अरूको मात्र नाडी छाम्न खोज्छ।

सुमनले माला लाइदिन्छन्। ऊ भन्छ– "आपने खुद कष्ट किया, बहुत धन्यवाद!"

बस्, त्यति हो।

आमालाई सोध्छ– "मोहन कत्रो भयो?" (मोहन उसको जेठो छोरो)

"ठूलो भइसक्यो!"

म उसलाई अलग्ग मोटरमा राखेर ल्याउँछु। घरमा सबलाई भनिदिएको छ– उसलाई अनावश्यक चर्चामा नतात्नू। अनावश्यक मानिसँग भेट्न नदिनू। मोटरमा म उसलाई घरको ब्रिफिङ गरिदिन्छु, अर्पझटमा अवाञ्छित शक पर्ला भनी।

अनि म सम्झन्छु एक दृश्य! ऊ पुस्तकालयमा आउँछ।

"शङ्कर! मलाई तेरो अलि मद्दत चाहियो। जति वर्ष म बिरामी भएँ, त्यो बेला मेरा निमित्त एउटा ब्लाङ्क पिरियड छ। मैले के गरें, त्यो थाहा छैन। त्यो बताइदे। अनि यसबीचमा यहाँको राजनीतिक घटना सिलसिलेबार के भयो, त्यो पनि भनिदे। यहाँको साहित्यमा के भयो, त्यो पढ्न दे! तँकहाँ त पुराना अखबार र पत्रिकाका फाइल होलान्? त्यो नहेरीकन, नबुझीकन मलाई साह्रै अप्ठ्यारो पऱ्यो।"

कसैले छिनभरलाई कल्पना गरोस्। ५–७ वर्षको निद्रापछि एकाएक ब्युझिंदा! कति बासी अनुभव गर्ने होला आफूलाई। ताजा बनाउन आफूलाई कम प्रयास उसले गरेन।

पुरानो कुरा सोध्ने, पढ्ने र कविता लेख्ने। निको भएको यस अवस्थाको त्यो कविता, जसले झन्डै समाजमा अर्को बिस्फोट ल्यायो। त्यो यस प्रकार छ–

**...प्रति**

*ओ युवती, ओ रूपवती,*
*तिमीसित मेरो घामपानीजस्तो मिलन भयो,*
*तिमीलाई सम्झना होला–*
*हामी बादलजस्तै गुटुमुटु पनि भएका छौं,*
*त्यो बादलमा इन्द्रधनु पऱ्यो,*
*झरी लाग्यो, हुरी आयो,*
*अनि हामी अकाशजस्तै सङ्ला पनि भयौं,*
*तिम्रो गहिराइमा, तिम्रो गम्भिरतामा, ओ सुन्दरी*
*मेरो उत्ताउलो उचाइ हराएको छ,*
*हामी रोएका छौं, हामी हाँसेका छौं,*
*तर आजको होसले ती सब कुरालाई*
*खल्लो तुल्याइरहेछ,*
*त्यो जोसमा यो होस हुनुपर्ने,*
*मैले "म तिमीलाई प्रेम गर्छु" भन्नुको सट्टा*
*"म तिमीलाई गर्भाधान गरिरहेछु" भन्न सक्नुपर्ने।*
*(१)*

*ओ युवती, ओ रूपवती,*
*प्रेम त जङ्गलमा पनि हुन्छ,*
*यो गाउँघरमा, यो शहरमा*
*प्रेम मात्र पर्याप्त छैन,*

*यहाँ स्वस्थ्य र स्पष्ट गर्भाधान हुनुपर्छ,*
*यहाँ बुद्ध जन्माउनुपर्छ, यहाँ लेनिन जन्माउनुपर्छ,*
*छोराछोरीको अनुहारजस्तो अर्को कुनै*
*आफू देखिने ऐना छ ?*
*यहाँ आत्मदर्शन हुनुपर्छ ।*
*(२)*

*ओ युवती, ओ रूपवती,*
*अर्कोचोटि तिमीलाई भेट्ता*
*म तिमीलाई सोझै भन्नेछु*
*"म तिमीलाई गर्भाधान गर्छु"*
*तिमीसित भेट नभए तिमीजस्तै गरी*
*उत्ताउली*
*तिमीजस्तै गरी*
*निन्याउरी*
*भएर मेरो मन तान्न सक्ने अर्की*
*कुनै युवती, कुनै रूपवतीलाई*
*म बलियो भएर त्यसै भन्न सक्ने होसमा छु*
*"म तिमीलाई गर्भधान गर्छु !*
*(३)*

*(आमाको सपना)*

कविताले नेपाली समाजको वीर्यको क्षय बताउँछ। बताउँछ, के आवश्यता छ। हाम्रो त्यस बेलाको आवश्यकता छर्लङ्ग हुन्छ। यस कवितालाई अश्लिल भन्ने चर्चा पनि

समाजमा उठ्यो। तर परम्परागत मान्यता र शीलको विद्रोह जो गर्छ, जो सडिसकेको घाउ निचोर्ने दुस्साहस (!) गर्छ, त्यो सदा अश्लिल नै त हुन्छ।

एउटा नमुना हेरौं–

*तिमीमा नै म ग्राफ्ट गर्छु अमेरिका*
*र मेरा आफ्ना प्रिय अंशहरू*
*मैले तिमीमा तर्काउने यी अर्काले उमार्नेछन्*
*निडर एवम् पुष्ट युवतीहरू,*
*नयाँ कलाकारहरू, सङ्गीतज्ञहरू, गायकहरू,*
*तिमीमा गर्भाधान गरिने मेरा यी*
*सन्तानहरूले स्वयम् पनि सन्तान जन्माउनेछन्*
*मेरा प्रेम लीलाहरूको भुक्तानीस्वरूप म माग्नेछु*
*पूर्ण नरनारीहरू,*
*... ... ... ... ... ...*
*अहिले मैले प्यारसाथ गरेका*
*जन्म, जीवन, मरण र अमरत्वको*
*यस बीजारोपणबाट*
*उम्री आउने लटरम्म फल हेर्न*
*निश्चय नै म पर्खिनेछु।*

*('लिभ्स अफ ग्रास'बाट)*

वाल्ट ह्विटमनले यी पङ्क्ति लेख्ता ऊ अश्लिल भएन होला? तर गोपाल दाइलाई वाल्ट ह्विटमनसँग अहिले नै दाँज्नु मेरो ठूलो मुर्खता हुनेछ (सायद अस्वस्थ नभएको भए यस अवधिमा सम्भव भइहाल्थ्यो कि!)

उसको सङ्घर्ष–युग समाप्त भएको रहेनछ। ऊ फेरि अस्वस्थ हुँदै गयो। फेरि मानसिक सन्तुलन उसले हराउँदै गयो।

यहाँनिर एउटा कुरा भन्न मन लाग्यो। हाम्रो (हाम्रो माने अमेरिका, रुसदेखि लिएर अन्ध–अफ्रिकाको, सम्पूर्ण पृथ्वीतलको) सामाजिक मान्यताका केही घृणित पक्ष छन्। मानिस सामाजिक मान्यताबाट (शीलबाट एकपटक पदच्युत भएपछि उसलाई स्वीकार गर्न, पुरानो ठाउँमा लिन– रिपिट सबै) डराउँदा रहेछन्। गोपालसँग पनि यहि भयो। जागिर पाउने सम्भावना छैन। व्यावसायिक संस्थामा नोकरी पाउने सम्भावना झन् छैन। कविता लेखेर, लेख लेखेर जीवनोपार्जन नेपालमा अहिले कुरै छैन। एक त फेरि अस्वस्थ भएर स्वस्थ भएको मान्छे समाजबाट बढी सहानुभूति र सेवाको अपेक्षा गर्छ, खास गरी लेखक, कवि र महत्वाकाङ्क्षी व्यक्ति, गोपालजस्तो जब ऊ पाउँदैन ती चिज, जब उसलाई अवहेलना, अर्थसङ्कट, बेकारी र अनिश्चितताले छोप्छन्, ऊ फेरि किन अस्वस्थ नहोओस्?

पिताको स्वर्गवास हुन्छ!

आमाको विधवा रूप!

आफ्ना सन्तानको वृद्धि!

समाजको शङ्कालु दृष्टि!

बिहान खायो, भरे के खाने?

भरे खायो, भोलि के खाने?

यस्तोमा कसको मगज रन्किँदैन? ऊ पनि अस्वस्थ छ।

उसले कलकत्तामा धेरै वर्षअघि भनेको 'फेरि नेपाल जाने?' को जवाफ मैले पाएको छैन...

उसले मदन पुरस्कार पायो। गएँ बधाई दिन। सुनिसकेको रहेछ तर विश्वास भएको रहेनछ।

"उसलाई अझै विश्वास छैन!"

केहीमा पनि विश्वास छैन।

राजनीतिमा धोका पायो साथीहरूबाट!

जीवनमा धोका पायो साथीहरूबाट!

मदन पुरस्कार किन पाउने हँ? उसले के गरेको छ हँ? साहित्यमा सेवा गऱ्यो रे, नेपाली गद्य कविताको जग बसाल्यो रे! 'मसान'को निर्माणबाट नाटक लेखनमा नयाँ युगको प्रारम्भ गऱ्यो रे!

"बेस!"

यो कहिलेको कुरा? एक युग भयो।

खुसखुस खुसखुस– "तपाईं महान् हुनुहुन्छ गोपालजी!"

खुसखुस खुसखुस– "तपाईं कति कमाउनुहुन्छ, गोपालजी!"

खुसखुस खुसखुस– "तपाईंलाई, नेपाली साहित्यले कहिल्यै बिर्सन्न गोपालजी!"

खुसखुस खुसखुस– "राजनीतिमा लागेर के पाउनुभो, गोपालजी? मन्त्री पद?"

खुसखुस खुसखुस– “तपाईंले ठेट शब्दहरूको प्रयोग गरेर साहित्यलाई राष्ट्रियता दिनुभयो, गोपालजी !”

खुसखुस खुसखुस– “तपाईंको छोरालाई मेनेन्जाइटिस् भएको थियो रे हो ? कस्तो दुखद् ! अब निको भयो ? राम्रो !”

खुसखुस खुसखुस– “अब कति पाइन्छ नि ? गोपालजी !”

यही हो काठमाडौं। यही हो गोपाल !

ऊ पर्खिरहेछ, यो ब्लाङ्क पिरियड खतम हुन।

म पर्खिरहेछु, एक दिन ऊ आउनेछ मलाई सोध्न–

“शङ्कर, यो पिरियडमा मैले के गरें, हँ ?

शङ्कर, यो राजनीतिमा के डेभलप्मेन्ट भयो, हँ ?

शङ्कर, यो पिरियडमा साहित्यमा के प्रगति भयो, हँ ?

शङ्कर, यो पिरियडमा समाजमा के स्थान रह्यो, हँ ?

शङ्कर, मलाई बता !”

के थाहा उसको ब्लाङ्क पिरियड समाप्त पो हुने हो, होइन ! हामी स्वयम् पो समाप्त भइसक्छौं कि ?

त्यसैले हो मैले उसलाई वाल्ट ह्विटमनसँग अहिले दाँजिहाल्ने दुस्साहस नगरेको।

*रूपरेखा, पूर्णाङ्क ३३*

# तुलसीनाथ ढुङ्गेल

असलमा ऊ एक साधारण मानिस हो। मलाई स्वयम् पनि आश्चर्य लागिरहेछ, मैले पनि उसबारे लेख्ने अठोट नै गरें।

ऊ त अझ साधारणपनाको आधुनिक स्तरबाटै पनि घर्केको छ। उसको जीवनमा अरूलाई मार्ग अपनाउन सहज हुने कुनै पनि यस्तो घटना भएको छैन, जसलाई औंल्याउन सकियोस् र जसको आधारमा भन्न सकियोस्– "मेरो तुलसी महान् छ!"

म त्यसकारण, विशेषणविहीन सिर्फ 'मेरो तुलसी'का बारेमा मात्र लेख्नेछु।

परिचय हाम्रो यति साधारण रूपमा भएको रहेछ, मलाई त्यसको सम्झनासम्म छैन। यो उसैले बताएको कुरा हो, उसैले मलाई भेट्ने तारतम्य मिलाएको रहेछ। भन्थ्यो एक दिन, मेरा प्रारम्भिक लेखहरू पढेर उसलाई प्रतिभाको महक आएको थियो रे! (उसको साधारणपनाको यसभन्दा सजीव उदारहण अरू के हुन सक्छ र, मान्छे चिन्नुमा उसको मान्छे नचिन्नुमै उसको, जो दोषी नजर छ, यसको बढी स्पष्ट उपमा के हुन सक्छ अरू!) यस्तै गरी हाम्रो परिचय आत्मीयता अँगालेर मित्रतामा कसरी परिणत भयो, त्यो पनि मलाई सम्झना छैन। सर्वप्रथम मैले सम्झेको उसको स्वर हो। रेडियो नेपालबाट पहिलोपटक गीतिकथा प्रसारण भएको सुनें– हिन्दी फिल्म 'हमलोग'को। तिनताक 'अल इन्डिया रेडियो'का बी.एन. मित्तल तथा मेल्वाइल डिमेलो निकै चर्चाका विषय थिए– प्रत्यक्ष वर्णनदेखि गीतिकथासम्म। रेडियो नेपालबाट यस्तो आकर्षक प्रोग्राम!

कस्तो मीठो घोत्रो स्वर! बोल्ने लहजताले एकदम फिल्मका हिरो बलराज साहनीलाई सम्भ्फाइदिने वा भनौं बिर्साइदिने।

म लालायित भएँ ऊसँग भेट्न। कल्पना गरें, निश्चय प्नि सुग्घर, अग्लो, खाइलाग्दो जिउ र त्यस्तै व्यक्तित्व भएको ऊ हुनुपर्छ। एक प्रकारले मैले उसलाई यस्तो रूपमा भएको मान्छेको कल्पना गरें, जो बम्बैको भी.टी.मा ओर्लिनासाथै सोभ्फै फिल्म स्टुडियोतिर दौडाइन्छ। पछि देख्ता मलाई मेरै कल्पनाउपर सरम लाग्यो। कोलाइटिसको चिरप्रिया, अति दुब्लो, एकदम नखाइलाग्दो र नखाने, खल्वाट– प्रायः ऊ यस्तो भान हुन्थ्यो, मानौं हाम्रो समाजले सभ्यताको खेतबीच उसलाई बुख्याचा बनाई उभ्याएको छ।

र, असलमा उसले यही चरित्र आफ्ना लागि स्वेच्छाले रोज्यो पनि। पहिले राजनीति, अनि पत्रकारिता, अनि संयुक्त राष्ट्र सङ्घको जागिर। यी तीन प्रमुख विभाजनका अन्तरकुनामा रङ्गमञ्च, साहित्य, सङ्गीत, फिल्म, चित्रकला, दर्शन पढ्दापढ्दै पनि, गाइड हुँदाहुँदै पनि आई.ए. तथा बी.ए.का परीक्षा उसले पास गऱ्यो।

उसको अनौठो बानी थियो। अनायस आइदिने, अनायस गइदिने। आयो भने आयोआयो। गयो भने गयोगयो। बेपत्ता भयो भने बेपत्ता।

हाम्रा साथीहरूमध्ये कुनचाहिंले हो, उसको नाम सुदामा राखेको छ। क्या ठीक! जहिले आउँदा पनि उसको पोल्टामा नयाँ कुराका कनिकाका पोका हुन्थेहुन्थे, कोसेलीका रूपमा।

एक दिन आउँछ, हातमा आर्थाकिटको लङ प्लेइङ रेकर्ड हुन्छ। 'जोनी जोनी' सुनाउँछ ऊ हामीलाई। र, यसरी पश्चिमी सङ्गीत हाम्रो जीवनमा प्रवेश गराउँछ।

एक दिन आउँछ, एउटा लट्ठकको स्पेनिस साथमा छ। हामी सिक्छौं भर्खरै चलेको ट्वीस्ट।

एक दिन आउँछ; लाग्छ, खाली हात किन? भन्छ, “शङ्कर, फुर्सद छ?” (उसका लागि मलाई जैले पनि फुर्सद छ! भए पनि, नभए पनि!) जिज्ञासापूर्ण दृष्टिले म हेरिन्छु।

“एउटी स्विडिस ठिटी आएकी रहिछ। गजबकी चार्मिङ छे र साह्रै Enlightened!...” (ऊ अड्छ एक निमेषलाई, कुराको Emphasis वातावरणमा भिजाउनलाई। त्यस निमेषभित्र मेरा नजरले Sweden को नक्सादेखि लिएर त्यसबारे पढेसुनेका कुराको मनन गर्न थाल्छ– Longevity को वर्ल्ड रेकर्ड; अग्ला, गोरा राम्रा नागरिक; Bergman का फिल्महरू; सलाई, टिम्बर, Community bath, Highest suicidal rate...) “ऊ डाक्टरेको थेसिसका लागि यहाँ आएकी रहिछ। “तैंले त भेट्नै पर्छ, नत्र हाम्रो बेइज्जत हुने भएको छ...” (ऊ अड्छ, म बेइज्जतको अर्थ बुझ्ने प्रयासमा छु!) “उसको गुनासो छ, भन्याजस्तो मान्छे पाइन रे, नेपालीहरू साह्रै शाइ छन् रे! मैले तँलाई सम्झें। एक किसिमले मैल Appointment मिलाइ पनि सकेको छु! भेट्ने?” (कुरा मैले अझै बुझेको छैन! तुलसी जहाँ फिट हुँदैन, त्यहाँ म कसरी?)

सोध्छु, “तँलाई भेटेर पनि पुगेन?”

भन्छ, “मबाट भएन!”

(अब भो? मलाई थाहा छ, स्विडिस साह्रै फ्र्याङ्क हुन्छन्। उनको यौनको परिभाषा, विचार र प्रयोग हामी पूर्वीयासँग पटक्क मिल्दैन तापनि तुलसीबाट हुन नसकेको कुरा म बाट कसरी? जेहोस् ऊ अझै अविवाहित छ; जोसिलो स्वतन्त्र र अन्वेषक छ!)

“किन?”, म सोध्छु।

“उसको विषयवस्तु नै त्यस्तो छ। Sexual behavior of married couple in Asia. म married छैन।”

मलाई हाँसोको भक्कानो फुट्छ।

“अब तैं भन, तँभन्दा उपयुक्त अरू को छ?”

हाँसिरहें, हाँस्तै भनें, “हुन्छ, लिएर आइज!”

जवाफै नदिई ऊ निस्क्यो र एकैछिनपछि लिएर आयो– मानौं, त्यो ठिटी बाहिरै पर्खिरहेकी थिई। तुलसीको कत्रो आत्मविश्वास (वा भनौं कत्रो उसको मित्रविश्वास!)

हुन पनि इन्गरसँगको अन्तरवार्तापछि मैले बुझें– किन तुलसीबाट प्रश्नोत्तर हुन नसक्ने रहेछ। वैवाहिक जीवनका यस्ता अन्तरङ्ग प्रश्नहरू ती थिए, कहींकहीं त म पनि अनकनाउनुपर्ने! यौनविज्ञानको अध्ययन नगरेको भए साह्रै क्वाँच हुने रहेछ।

इन्गार झन्डैझन्डै ५–६ महिना बसी। अरू पनि डाटा बटुल्ने उसको प्रयास थियो। भन्थी– “सफल हुन सकिनँ।”

अँ, एउटा करा भन्न बिर्सें– चिनजान गराउनुअघि तुलसीले इन्गरबारेको वर्णनमा एक विशेष विशेषण प्रयोग गरेको थियो– ‘ठिटी’। इन्गरले ठिटीपनको परित्याग गरेको झन्डै २५ वर्ष भएको हुँदो हो! मैले तुलसीलाई जिस्क्याएँ पनि एक दिन– “क्या हो! यो ठिटीको परिभाषा, कुन आधारमा?”

उसले भनेथ्यो– “आकर्षणका लागि।”

आकर्षण भने निश्चय पनि थियो। जुनसुकै विषयमा पनि स्पष्ट थिई। एकपटक मैले सोधेको थिएँ– “आत्महत्या किन त्यति प्रचलित छ?” उसले जवाफ दिएकी थिई, “जीवनमा ध्येयहीन भएर बाँच्न कसलाई मन पर्छ?” मैले सोधेको थिएँ– “ठिक हो एकप्रकारले तर पनि मोटरमा बसेर जम्मै ढोकाभ्याल बन्द गर्ने के सेन्स?” भनेकी थिई– “दुई कारणले– सेन्स अफ सेक्युर्ड फिलिङ तथा एक्जिबिसनिज्म।”

(यी दुवै कुराको अभाव तुलसीमा छ, त्यसैले गर्दा ऊ काठमाडौंमा टिक्न सकेन र काठमाडौंमा आत्महत्या पनि ऊ गर्न सकेन!)

मेरो जीवनम तुलसीले अनौठो रोल खेलेको छ। मेरा लेखहरूको प्रकाशनअघिको ऊ ठूलो आलोचक हो। कैयन्पटक उसले पुनर्आरम्भ गर्न लगाएको छ, मैले राम्रो ठानेकाहरू। लेखकको महान् रोग, परित्यागको त्राससँग, राम्ररी परिचय भएको मेरो उसकै माध्यमद्वारा हो। उसको सुझाव नमानेको भए के थाहा? कति ट्र्यास जन्मिसक्थे होलान् अहिलेसम्मन्।

२०२२–०२३ सालको एक प्रकारले हाम्रो जीवन, खास गरी भनौं मेरो जीवन, अविस्मरणीय रहनेछ। म पसले थिएँ तिनताक। जीवनको अनौठो अनुभव। नयाँ सडकको काउन्टर। क्युरियोको पसल। आत्मग्लानि त होइन तर पनि मनमा आत्मविद्रोह दिनदिनै सङ्गृहीत भइरहेको थियो। लाग्दै थियो, मेरो क्षमताजत्तिको काम यो भएन। हुन सक्छ, मभित्र रहेको महत्वाकाङ्क्षाले ठुँगिरहेको होओस् मलाई। एक अतृप्त अवहेलना, स्वयम्प्रतिको अवहेलनाले बिहानदेखि छोपिराख्ने मलाई। म फेरिदेखि जीवन प्रारम्भ गर्न चाहिरहेको थिएँ र आफूलाई ह्याज बिन (Has been) को जकडबाट उन्मुक्त गर्न सोचिरहेको थिएँ। तिनताक नलेखेको होइन तर पनि तिनको सन्तुष्टि क्षणिक मात्र लाग्थ्यो। र प्रायशः म अतीतलाई सम्झेन्थें र ती सुन्दर लाग्थे, तिनैमा फर्किजाऊँजस्तो। भविष्य मानौं मेरा लागि महत्वहीन लागिरहेको थियो तर पनि बाटो थिएन।

यस जकडबन्द परिस्थितिमा मेरा दुई सहारा थिए। तुलसी र चुडा दाइ (जसको बारेमा कुनै दिन लेखुँला!) तथा विस्मृति रक्सीको माध्यमद्वारा। तुलसीले मलाई जीवनको सम्झना दिलाउँथ्यो, रक्सीले जीवनको दुःखमा आवरण हालिदिन्थ्यो।

एकताक चरम कष्टबीच मैले इन्गरको राष्ट्रिय रोगनिवारण पनि सोचें तर पनि कसोकसो त्यो साहस (वा दुस्साहस) ममा उम्रन सकेन।

ऊ बराबर आउँथ्यो तिनताक, काम भए पनि नभए पनि। ऊ स्वयम् पनि ढाक्रे थियो तिनताक। आउँथ्यो, बस्थ्यो, कुरा सुन्थ्यो र उचित सल्लाह दिन्थ्यो। मैले ड्रिङ्क गरेकोमा मेरो कमजोरीउपर कहिले पनि उसले एक शब्द बोलेन। आज उसको टेक्टिस बुझ्दै छु– उसले कमजोरीलाई मान्यता नदिएर, नगण्य बनाइदिएर, मेरा अन्य शक्तिलाई नै तिखार्ने प्रयास गर्‍यो। (आज उसले हामीलाई छाडेर गइसकेपछि उसको चरित्रको महानता म बुझ्न सक्छु!)

उसका अगाडि म आफ्ना समस्याहरू खस्रो नै तेर्स्याउन सक्थें। आफ्ना गल्तीहरूमा मलाई ग्लानि हुँदैनथ्यो, उसलाई व्यक्त गर्न। ऊ बुझिदिने। छोटकरीमा बुझ्ने र सम्पूर्ण बुझ्ने। मेरो जीवनका सारा गुजुल्ट्याइँहरू उसका लागि मानौं मैले लेखेका लेख हुन्– ऊ भनिदिने कहाँनिर के खुस्क्यो (आज उसको अभाव कत्तिको महसुस गर्दै छु?)

मेरा दुर्दिनहरूको पराकाष्ठामा, म हतासिएको बेला, म घरैबाट बाहिर जान्नथें। ऊ घरसम्म आउँथ्यो बिहानै, बिहानैदेखि मसँग बसेर ड्रिङ्कमा सहभागी हुने प्रयास गर्थ्यो। राति ११–१२ बजे फर्कने एक्लै! (आज ती सब कसरी सम्झन्छु?)

अनि मेरो क्राइसिस पन्छियो र उसको भेटघाट पनि कम भयो। नआउने होइन; आउँछ, बस्छ, गफगाफ गर्छ र भन्छ, “अनुहारमा तेज आउन थाल्यो अब शङ्कर!” यस एक वाक्यमा मेरा जीवनका विगत वर्षहरूको पूर्ण समालोचना छ। उसले साहित्य लेखेन र पो, नत्र हामी जान्ने थियौं, प्रबुद्ध मस्तिष्क कस्तो हुन्छ? (यही कारण हो ऊ अलेखक, अकवि भए पनि मैले उसको चरित्रचित्रण गरेको!)

अनि आउँछ, उसको क्राइसिस। जसको ज्ञान मलाई यत्ति मात्र छ, ऊ चाहिरहेछ कतै काम गर्न। म पनि प्रयास गर्छु। तर काठमाडौं यस्तो ठाउँ हो, जहाँ प्रयास जन्माउन पनि १० महिनाभन्दा बढी समय लाग्छ। उसलाई मन नपराउने कोही छैन– मन्त्रीदेखि लिएर व्यापारीसम्म राजनीतिदेखि जागिरेसम्म! कामको उसलाई कमी छैन। कर्पोरेसनको वार्षिक रिपोर्ट पनि ऊ लेखिदिन्छ– सित्तैं। अनुवाद गरिदिन्छ– सित्तैं। नेपालमा

कुखुरापालनको प्रगतिदेखि लिएर यातायातको प्रगति उसले नलेखेको होइन– सित्तैं। उसलाई काम चाहिएको बेला। काम छैन, कारण सबका आँखामा ऊ कामको स्तरभन्दा निकै माथि छ। र, मानिस सबभन्दा उपर आफ्नो काम राख्छ, कामभन्दा माथि अरू राख्न मन पराउँदैन।

अनि सुन्छु, तुलसी जाँदै छ काठमाडौं परित्याग गरेर! विश्वास लाग्दैन। तुलसी, जसले विश्वभ्रमण गर्‍यो, जो विश्वका घटनाभन्दा २४ घण्टा पर छैन, तुलसी जो त्यस्तो निपुण छ, जसका औंलाका टुप्पामा सबै कुरा बग्छन्, तुलसी जो... अहँ, म कसरी विश्वास गरूँ...?

अमेरिकाबाट अमेरिकन ब्रोडकास्टिङ कम्पनीका केही व्यक्ति आएका थिए, नेपालमाथि आधा घण्टाको टेलिभिजन प्रोग्रामको विचार लिएर। मेरा अमेरिकन मित्रहरूले मलाई सम्झेर नाम, ठेगाना दिएछन्। आए, भेटे! बस्यौं, खाका तयार गर्‍यौं, थिम बन्यो तर लोकेसन सुटिङमा जाने फुर्सद मलाई थिएन। सहारा लिएँ तुलसीको। काम उसले गरिदियो– सित्तैं। उनीहरू साह्रै खुशी भए, तुलसीको बारेमा। उनीहरूले भनेको म बिर्सन्नँ– "ह्वाइ वाज दिस म्यान नट बर्न इन द स्टेट्स?"

(हो, किन?)

सोल्टी होटलमा हाम्रो बिदाइभोज, उनीहरूले दिएका। तिनताककी नर्तकी पनि तुलसीद्वारा साह्रै प्रभावित। तुलसी र म बसेको टेबुलमा विशेष र प्रोग्रामइतर कार्यक्रम दिएर उसले तुलसीलाई खुशी पार्न खोज्दा हामी सबै अचम्भित!

(त्यस्तो तुलसी गँजेरी जाने?)

गयो ऊ। एक दिन आउँछ मकहाँ। खातका खात किताब र रेकर्ड छन् साथमा। भन्छ, "भोलि बिहान जाँदै छु, यी चिजबिज यथास्थान दिए है!"

म तीनछक !

"के साँच्चै तैंले अठोट गरेको, तुलसी !"

"अँ !"

मकहाँ घरसम्म पनि आएन ऊ, धेरै जनालाई भेट्नु छ भनेर फुत्क्यो। पछि थाहा पाएँ, उसले कसैलाई पनि भेटेनछ।

बिहानैको बसद्वारा ऊ हिंडेछ। म अल्छी, किन समयमा पुग्न सक्थें र ?

अनि मलाई उसउपर रिस उठ्यो। एउटा चिठी पनि मलाई लेखेन। पुगेको पहुँचसम्म पनि लेखेन। मेरो मार्फत अरूलाई लेख्छ, मलाई देख्तैन ! अनि झोंकमा मैले लेखें–

*"प्रिय तुलसी,*

*गाउँफर्क अभियानको प्रारम्भ हुनुअघि नै तिमीले नगरत्याग गरेको तिम्रो दिव्यदृष्टिका लागि आश्चर्यमिश्रत बधाई! हुन त दुई प्रयासको लक्ष्यको बीचमा आकाशगङ्गा अटाउँछ तथापि तिम्रो सफलताका लागि मेरो शुभकामना तिम्रो साथ छ। समाजदेखिको तिम्रो यो सन्यासको शतप्रतिशत कारण त मैले बुझ्न सकेको छैन अहिलेसम्म, तथापि सेरोफेरोको अनुमान गर्न भने सकें कि? भविष्यको अनुमान नै गर्ने हो भने तिम्रो प्रयासबाट केही लाभ निश्चय नै हुनेछ। कमसेकम नेपाली जीवनको कटुतम् कन्ट्रास्टको अध्ययन निकै छेउबाट गर्न सक्नेछौ। र, यो अनुभवपछि तिमीले जेसुकै व्यवसाय अपनाए पनि उपयोग्य हुनेछ।*

*मेरा लागि भन्छौ भने यस युगको ज्वलन्त र प्रत्यक्ष उपमेय प्रोडक्ट तिमी भएका छौ– उपन्यासमा युगबोधक चरित्रको रूपमा प्रयोग गरूँगरूँजस्तो (कुनै दिन लेखें भने!) अथवा भनूँ, जुन सम्भावना मेरो मनको क्षितिजमा उदय हुन लागिसकेको थियो र जसको*

*वास्तविकताको त्रासबाट मैले आँखा चिम्लिदिएँ र टाउको निहुराइदिएँ, तिमीचाहिं उसैलाई निहारेर अझै त्यतै लम्किदियौं! सम्भावनाले तिमीलाई तर्साएन, तिमी समाप्तिको सम्मुख हुने दृढसङ्कल्प भयो। चरित्रको चरम बिन्दु यही हो!*

*काठमाडौं उस्तै छ। उही रेडीयो नेपालबाट जीवन प्रारम्भ हुन्छ तथा सडकको न्युजडिपोमा जीवन समाप्त हुन्छ। त्यसबीचको जीवन तिमीलाई वर्णन गर्नु अनावश्यक छ। ...ठीक छु र त्यसका लागि चूडा दाइ र तिमीलाई अनेक धन्यवाद! अलिक दुखित छु– कारण दुई वैकल्पिक सल्लाहकार तथा अभिभावकमध्ये एक गुमाएको छु।*

*तिम्रो खबर सुन्न इच्छुक छु। बिहान कसले चिया ल्याउँछ तथा बेलुकाको खाना कसले खुवाउँछ? त्योचाहिं लेखें।*

***

जवाफ छैन।

अनि अमेरिकाबाट चिठी आउँछ। स्क्रिप्टको प्रतिलिपि आउँछ। त्यसलाई हामी दुवैले हेरिदिनुछ र कहीं गल्ती छ भने सच्याइदिनुछ। म नगएको ठाउँको घटनाक्रम मलाई ज्ञान छैन। तुलसी भने अखबार, रेडियो र समाचारको संसारभन्दा निकै पर छ। काठमाडौंबाट झन्डै १५ दिनको अनकन्टार।

यसै बेला काठमाडौंमा एक हल्ला उड्छ– उसले विवाह गऱ्यो। त्यही गाउँकी कुनै ठिटी। सुनें, अचम्म लाग्यो– नपत्याइसक्तो किसिमले। यदि उसले विवाह गरेकै हो भने त्यो आवेश होइन होला भन्ने आशाचाहिं मैले त्यागिनँ।

यसैबीच हाम्रो परिचित एक मित्रलाई ऊ लेख्छ–

"चिठी लेखेकोमा धेरैधेरै, साह्रै धेरै धन्यवाद छ तर अफसोस त्यति अघि लेखेको चिठी दुई दिनअघि मात्र पाएँ। ढिलै भए पनि आइपुग्यो, त्यही सन्तोष छ। मेरो चिठीले त तपाईंकहाँ पुग्ने सौभाग्य नपाएकोमा साह्रै दुःखी छु। हुन त, यौटै चिठी लेखेथें, सायद यता आएको एकाध महिनापछि। सम्झन भने सधैं सम्झन्थें। विश्वास राख्नुस्, बरु आफूलाई नै बिर्सेको छु। तर आफ्नो मित्रलाई भने कहिल्यै बिर्सेको छैन, बिर्सने पनि छैन। कसरी बिर्सिएला, सम्झनाका धेरै मीठा कुराहरू मनमा नमेटिने किसिमले छापिएका छन्। फेरि स्नेह, ममता पनि बिर्सिइने कुरा हुन्छन् र? ...छुट्टिएको दिन मन बडो खल्लो लागेको थियो, आज पनि लागेकै छ। हुन त म यता आएको वर्षदिन पनि नाघिसक्यो क्यारे तर धेरै सम्झनाहरू आँखासामुन्ने नै छन्, झलझलती देख्तै छु। मानिसको जीवन पनि अनौठो हुन्छ, हैन त? तपाईंलाई धेरै कुरा सोध्न मन लाग्दो हो मेरो बारे। तर के लेखूँ, म आफ्नो बारे पनि नजान्ने भइसकेको छु, केही सोच्न खोज्यो भने पनि केही पनि बुझ्दिनँ। कहाँ छु र के गर्दै छु, केही पनि थाहा छैन। हुरीले जताजता हुत्याउँछ, त्यतैत्यतै पुग्छु। खै, यस्तैउस्तै छ जीवन।

मैले विवाह गरेको बारे प्रश्न मात्र सोध्नुभयो, बधाई दिनु भएन। किन? खुशी लागेन र? हो, यहाँ आएको भोलिपल्टै मैले बिहे गरें, ताराहरूको घुम्टो ओढेको आकाशसित, अनि खोलानालाहरूसित, अनि पर्वत र जङ्गलहरूसित। सन्तान पनि त मेरा धेरै भइसके– कलिला पातहरू, राता र सेता फूलहरू मेरै सन्तान त हुन् नि! अब चिठी लेख्ता मेरो यस्तो राम्रो परिवारलाई धेरैधेरै बधाई र शुभकामना दिनोस् है!..."

यही हो तुलसी! म जान्दिनँ भविष्यले कता मोड लेला। त्यसको प्रयोजन पनि के र? मैले त उसको वर्तमानको समेत मीमांसा गर्न सकेको छैन। जुन मानिसले मेरो जीवनलाई स्पष्ट बुझ्न सकेको छैन, त्यसलाई गति प्रदान गर्न सकेको छ, उसको जीवनको एउटै घटना मैले विश्लेषण गर्न सकेको छैन।

काठमाडौंको विषमता, फ्रस्ट्रेसन तथा वैचारिक विभिन्नताको के यही अन्त्य हो? र, यही के उचित समाधान हो?

वानप्रस्थ भनेको यही हो ?

यसमा पनि के इतिहासको कुनै प्रतीक छ, जो म मेरो जीवनमा बुझ्ने मौका पाउनेछैन ?

यिनै प्रश्नहरूले गर्दा मैले यो चिह्नारी अपूर्ण नै छाड्नुपरेको छ– के गरूँ ?

# पारिजात

पारिजातको 'शिरीषको फूल' र शङ्कर लामिछानेको भूमिका– यी दुई बेग्लाबेग्लै पदार्थलाई पाठकले आफ्नो मस्तिष्कमा यसरी हुँडलेको छ, आज तिनको वैयक्तिक अस्तित्व समाप्त भएको छ। आज मैले पारिजातमाथि केही लेख्न थालें भने सबैले त्यसलाई 'शिरीषको फूल'को परिशिष्ट ठान्ने भय छ। यसको सिकार हामी दुवै भइसकेका छौं।

पारिजातले एकपटक मलाई लेखी–

"...उपन्यासको चर्चा र सफलता (भनूँ?) ले अब धेरै व्याप्त भइसकें। सोचेकी थिएँ, त्यसको पनि केही माने लाग्छ तर निस्सारता सायद मानिसको अन्तिम खुड्किलो हो र जहाँबाट साटिने ठाउँ छैन। जब एउटा तरुण तथा आधुनिक ठिटो आउँछ र उत्सुकताकासाथ भन्छ– "...तपाईं सकमबरी?" मलाई लाग्छ भनिदिऊँ, "त्योभन्दा हतभागिनी पारिजात।" तर त्यसो भन्दिनँ र ठट्टा गर्नपट्टि लाग्छु– "तपाईंलाई कस्तो लाग्यो?" मानिसहरू मलाई सकमबरीमा देख्न थालिसके, आत्मसाथ गर्न थालिसके। तर चौबीस वर्षको उमेरमा ऊ एउटा सफल मृत्यु मरी र म तीस वर्षको छेउछाउमा सुयोगवीरको जीवन बाँच्तै छु... !"

ठीक हो, पारिजातले जन्माएका पात्रहरू अब हुर्किसके। तिनको आफ्नो स्थान समाजमा भइसक्यो– आज तिनको हत्या न पारिजात गर्न सक्छे, न म गर्न सक्छु, न पाठक नै। तथापि तीन आयाममा उभिएर हामी तीन पक्षले ती पात्रहरूको जुन रूप

प्रतिस्थापित गरेका छौं, त्यो उनको खास रूप होइन। तिनलाई अवतरित गर्दा पारिजातले चरित्रका केही अंश निश्चय पनि पूर्णरूपले प्रयोग गरी र आज ती फर्कीफर्की आफ्नो अंशबन्डाको मुद्दा गर्छन् ऊसित। यसकारण पारिजात एक अभियुक्त हो। यस्तो अभियुक्त, जसलाई वर्णन गर्न 'अज्ञेय' भन्छन्– "प्रायः उनीहरूसँग मेरो कुराकानी भइरहन्छ र म ती सबका लागि अभियुक्त हुँ; ती जस्तो बन्न पुगे, त्यस्तो बनाइदिने उत्तरदायित्व मेरो हो। तथापि ती जस्तो पाठकलाई देखा पर्छन्, जस्तो मलाई देखा पर्छन् र जस्ता ती स्वयम् आफ्ना नजरमा छन्, के यी तीन रूप अलगअलग होइनन्?"

यसै कुराको बोध पारिजातलाई हुन गएको छ र पो ऊ भन्छे–

*कहिलेकाहीं म आफैसँग पनि बीभत्स कामहरू गर्छु*
*यसलाई म आफ्नो सुकिलो अवस्थामा बिर्सन पनि खोज्छु*
*यही बिन्दुमा सायद मेरा जीवाहरू*
*खण्डित हुन थाल्छन्*
*एकदेखि बढ्दै असङ्ख्य अवस्थाहरूमा*
*म हेर्छु, छाम्छु र खोज्छु*
*त्यसपछि आर्तनाद गर्छु*
*कि कहाँ लुकेको छ मेरो निर्दिष्ट 'म'*
*यसरी खण्डित बाँचेको मेरो जीवन*
*यतिका भाग लागिसकेका मेरा अवधिहरू*
*मेरो अनुभवमा सीमित समय, युग र शताब्दी*
*त्यहीबीच हराएकी 'म'*
*लाग्छ, यो महाज्ञान अवश्य होइन।*
*यत्ति ठूलो शून्यकी म छाडा सामन्ती*
*यत्ति ठूलो खोक्र्याइको म एक्ली स्वच्छन्द घोडा*
*एउटा नौलो परिपाटीको नाउँमा*

*एक औंलो ठड्याउन म यहाँ व्यवधानहीन बाँचेकी छु*
*दिशाहीन बाँचेकी छु*
*हुरीभरि, ईथरभरि, डाइमेन्सभरि*
*मलाई पढ्नेहरू,*
*यो ढाडमा झुन्ड्याइएको साइनबोर्ड मलाई हेरिदिनू !*

*(नयाँ कविता, वर्ष १, अङ्क ३)*

("कुनै पनि घृणाबोधमा म ईश्वरलाई गाली गर्दिनँ। म ध्यानस्थ हुन्छु, भुसिया कुकुर मेरो गोडामा घुम्दै तीनपटक मुतेर जान्छ। म त्यो निरीहतालाई यहाँ स्पष्ट गर्दिनँ, मेरो सम्भोगको नाङ्गोपनमा "त्यो निरीहता सधैं विस्मृत हुन्छ, कृतिम वीर्यपातमा।" म सृष्टिलाई बदनाम गर्दिनँ, जम्मामा म त्यो निरीहतालाई कहिल्यै छुँदिनँ। जहाँ कतैपछि सम्भाजित ईश्वरत्वका बन्द कचौराहरू हुन्छन्, म खोलेर हेर्दिनँ। मलाई पूर्वाभास भइसक्छ कि त्यहाँ केही पनि भएको हुन सक्तैन।")

पारिजात ती पात्रहरूलाई 'भुस्याहा कुकुर' बनाई ध्यानस्थ अवस्थामा तीनपटक गोडामा मुत्न दिन्छे भने मैले उसको पोर्ट्रेट गर्न तम्सेको यस क्यानभासलाई पखाल्न किन नसक्नु ?

पारिजात असलमा कुलटा हो। नैतिकता उसमा लेस मात्र पनि छैन। उसैको चित्रअनुसार ऊ "स्वास्नीमानिस स्वास्नी हुनुभन्दा जननी पहिले भइहोली" ('मैले नजन्माएको छोरो'बाट)। आफैँ ऊ स्वीकार गर्छे– "मेरा आदर्शहरूले घेरा हालेर मलाई थुनेका छन्। म आमा भइसकें कि क्या हो कुन्नि ? मेरो स्वभाव बदलिसकेको छ" – ('मैले नजन्माएको छोरो')। उसको "सन्तति... आजसम्मका ...सीमाहरूलाई पार गरी... नयाँ युगको सृजना गर्दै निस्केको छ। यो जन्मिनु एउटा नयाँ युगको सृजना र नयाँ परिपाटीको उत्थान हुनु हो। यो... आजसम्मका मान्यता, परम्परा र मूल्याङ्कनहरूलाई बगाल लगाएर अघि बढ्नेछ।" ('राल्फाको घोषणा'बाट)।

शारीरिक अस्वस्थताको अवगुण्ठनमा बेरिएर उसले आफ्ना यौनआकाङ्क्षाहरूको तृप्ति मानसिक उचाइमा गरेकी छ। एक प्रकारले योग साधनाको यो अन्तिम स्तर हो। स्वयम्को आकाङ्क्षा स्वयम्बाट पूर्ति गर्नुजस्तो कष्टसाध्य तथा चरम साधना अन्य छैन। यसैको बोध गरेर उसले मलाई लेखेकी हो– "निस्सारता (स्वयम्को सार स्वयम्मा सन्निहित हुनुजस्तो निस्सारता के छ अरू!) सायद मानिसको अन्तिम खुड्किलो हो र जहाँबाट साटिने ठाउँ छैन।" ठीक पनि हो! उसका मस्तिष्कको गर्भमा सारा हाम्रो जागरुकता समावेश गर्छन् र ऊ तिनलाई एक कुनामा बसेर गर्भाधान मात्र गरिदिन्छे। यस अर्थमा ऊ कुलटा हो– ऊ जगज्जननी हो। र यसै अर्थमा, ऊ अन्योलमा पर्छे र भन्छे– "म आमा भइसकें कि क्या हो?"

उसको त्यो महान् भावना नबुझ्नेहरूका लागि उसको प्रश्न छ– "प्लास्टिकको गोलीलाई ओथार्न खोजेकी निर्लज्ज कुखुरीजस्ती म एउटा कोरा भावनामा आफैँलाई पिल्स्याएर हिंड्ने तर त्यो कुखुरीको आवेश एउटा सत्यता, अनि मेरो कुन्नि सत्य कि झूट!" ('मेरो नजन्मेको छोरो'बाट)।

यो भावना नबुझ्ने धेरै छन्; त्यसमध्ये नाउँ चलेका प्रकाण्ड विद्वान् पनि। उनको रायअनुसार म हेनरी मिलरको चेलो हुँ र मेरो सम्वन्ध पारिजातसँग 'पञ्च मकार'को छ। 'पञ्च मकार' शब्दको अर्थ ती निरीह विद्वान्ले त्यस बेलासम्म बुझ्दैनन्, जबसम्म तिनको विद्वता सांध्यभाषा छिचोल्न सक्तैन। 'महामुद्रा' शीर्षकअन्तर्गत मैले एकपटक लेखेको छु, "तत्वयोग प्राप्त गर्ने सबभन्दा सहज उपाय साधकका लागि एउटै छ– आफ्नी जन्म दिने माता, आफ्नै छोरी र भान्जीसँग उसले यौन सम्बन्ध राख्नुपर्दछ।"

'प्रज्ञोपाय विनिश्चय सिद्धि'बाट लिइएको यस अंशको सोझो अर्थ साह्रै घिनलाग्दो छ।

तथापि, जो यसको अर्थ बुझ्ने क्षमता राख्छन्, तिनका लागि यसको अर्थ यसरी लाग्छ, "तत्वयोग प्राप्त गर्ने सबभन्दा सहज उपाय साधकका लागि एउटै छ– आफ्ना आन्तरिक नारीतत्व, लोभ, मोह, स्नेह, अहम् इत्यादि तत्वहरू, जो मनिसभित्रै अवस्थित

हुन्छन् (पारिजातको ‘मैले नजन्माएको छोरो’ पढ्नुस्) र जसलाई मानिसले आमा, बहिनी, छोरी र भान्जीजत्तिकै अपनत्व प्रदान गरेको हुन्छ, ती तत्वलाई आफ्नो पुरुषतत्वसँग समन्वय नगरी उसले आफ्नो साधना प्राप्त गर्न सक्तैन!”

यी अर्धपण्डितले म र पारिजातलाई एक भिन्न पृष्ठभूमिमा लिए। तर ती जान्दैनन्, पारिजातसमक्ष पुग्नुअघि नै म नाङ्गिसकिएको हुन्छु। मलाई यस्तो अनुभव हुन्छ, ऊ मेरी इम्पल्सहरू वा अझ प्रसट भनूँ, मेरो साहित्यिक इम्पल्सहरूकी जन्मदाता हो। उसको मस्तिष्कको गर्भ देखेर म निश्चय पनि हेनरी मिलरजस्तै सोच्छु र भन्छु, यहाँबाट कति जन्मे होलान्! र म स्वयम् त्यहाँ जन्मेको अनुभव गर्छु, पुनः मलाई लेख्ने प्रवृत्ति जागेर आउँछ। यो यदि पाप हो भने, यस्तो पाप जीवनमा रोज गर्ने सौभाग्य मलाई प्राप्त होओस्।

‘कुलटा’ शब्द मैले क्यानभास पखाल्न प्रयोग गरें। मलाई लाग्छ, अर्धपण्डितका लागि त्यसले असर पनि गरिसक्यो।

अब म क्यानभासमा नयाँ रङ्ग भर्छु। पारिजात वास्तवमा स्वच्छ, स्निग्ध, श्वेत हो। उसलाई जसरी प्रयोग गरे पनि हुन्छ। प्रयोग गर्ने दृष्टि तथा क्षमता हाम्रो आफ्नो स्तरमा मात्र निर्भर गर्छ। मलाई खुशी छ, म उसको समकालीन भएर जन्में। नत्र उसको अनुहार, अनेक रूपमा मेरो समक्ष आउँथे। अर्को खुशी छ, म उसद्वारा Dominated भइनँ। नत्र, म आज जन्मेको भए, मैले ऊसँग मेरो अंश माग्न धाइरहनुपर्ने थियो। त्यो पनि कष्ट मलाई भएन। एक प्रकारले म भाग्यमानी छु।

कारण यो कि मेरो जीवन कृष्णको छ, म Diplomat पनि उत्तिकै छु र उसका सामु दहीको रूपमा चिया चोर्न पनि जान्छु।

थाहा छैन, पारिजातलाई एउटा कुराको अनुभव भयो, भएन! म उसको सामु भूमिका कहिल्यै बाँध्दिनँ। ऊ बुझ्छे– म बुझिएको अनुभव गर्छु।

यहाँ मलाई कसोकसो उसको ऐतिहासिक पत्रको सम्झना आउँछ। ऊ भन्छे–

*सुकन्या,*

*“ऐतिहासिक चिठी लेख है!”, मलाई सम्झना आइरहेछ तर त्यो दिन तिमीलाई सायद भन्ने मौका नै पाइनँ कि मलाई इतिहासमा विश्वास छैन। हामी इतिहासका ती निर्धा दिनहरूमा बाँचेका छौं, जसको उल्लेख कसैले पनि गर्दैन। यो चिठी मात्र एउटा सन्तुष्टि, एउटा सम्झौता हो। तिमी जिउँदै छौ र यहाँ जुन वर्तमान अवस्थित छ, यो यत्तिभरको सार्थकता हो र लाग्छ– सार्थकताको परिभाषा नै यही हो। म अहिले असाध्य सीमित परिवेशमा छु र मलाई आजका मान्छेहरू रङ्गीन कीरा र सुन्दर पशुहरूजस्तो लाग्छ। सम्झन्छु, म प्राग्ऐतिहासिक युगको सर्वश्रेष्ठ कलाकार हुँ र जनावरहरूको भित्ति चित्र लेख्न खोज्दाखोज्दै मेरो हात अनायस टक्क रोकिन्छ।*

*अहिले मेरा कोठाभरि तरुण अनुहार हाँसिरहेका छन् अनि यत्तिका कलिला मुस्कानहरूलाई म एकसाथ अस्वीकार पनि गर्न सक्तिनँ। क्रमशः मेरो स्वयम् घोषित सर्वश्रेष्ठ कलाकारको मान्यता आफैँमा मर्छ। आखिर यो जीवन मनस्थितिको कमारो हो।*

*सुकन्या, अचेल मेरो केही पनि सिद्धान्त छैन, कुनै पनि उद्देश्य छैन र यो वर्तमान म ओढिरहेछु। वास्तवमा त्यो संस्कार हो कि विडम्बना पनि थाहा पाउँदिनँ। ...आजको यो युग र यो मेरो देश, जहाँ आत्ममर्यादा कि त प्राग्ऐतिहासिक कथा हुन्छ, कि त अनुपलब्ध परिकल्पना। तिमीलाई थाहा छ, यहाँ बौद्धिकताको नाउँमा अज्ञानता र पारखको नाउँमा नकाब उपयोग गरिन्छ। पारिजात र आत्ममर्यादा! (‘सेतो वन, नीलो जून, आकाशका अमिला विश्वासहरू’बाट)*

(छैन, पारिजात, छैन! तिम्रा पुत्रहरूले त तिमीलाई आमा भन्न अनकनाए!)

“तिमी हाँस्लेउ या सबै हाँस्लान् तर आत्ममर्यादाको मेरो आफ्नै परिभाषा छ।”

(हुनै पर्छ पारिजात, हुनै पर्छ। नत्र हाम्रो स्थान के?)

"जाँ पाल सार्त्रको Rootless Freedom तिमीलाई सम्झना आउँछ होला।"

(आउँछ पारिजात, निश्चय पनि आउँछ!)

"छनोट गर्नलाई हामी यदि स्वतन्त्र छौं भने मलाई क्याक्टस र गुलाफ कहिल्यै मन परेन। यसो भनौं Alternative भएसम्म यी फूलहरू म छान्दिनँ।"

(किन छान्ने? ती Extreme हुन्। तिमी निस्सारतामा प्लास्टिकको फुल ओथार्न बसेकी, तिमीलाई वास्तवमा फूलको के आवश्यकता?)

कसैले भर्खर जन्मेको फुल देखेको छ? त्यसमा आमाको चुच्चो लागेन भने त्यो फस्टाउँछ? त्यो फुल जन्मेन भने कुहिन्छ।

'पारिजात' शब्दको अर्थ हो (शब्दकोशलाई क्षमा माग्दै)– रातभरिको प्रक्रियाले सूर्योदयअघिको भूमिमा गरेको आत्मदान! यदि त्यो भूमिको आत्मसात् हो भने त्यस कालसम्म हाम्रो जीवन 'शिरीषको फूल' नै बनोस्, जबसम्म पारिजातको फूललाई भूमिकामा कसैले बटोल्दैन! जीवनजीवनपर्यन्त म तेस्रो व्यक्तिका लागि भूमिका नै रहूँ र पारिजात सकमबरी भै पढोस्।

तर पारिजात अझ आफूलाई विस्तृत गर्दै छे। भन्छे– "तिमी मेरो चिठीमा इतिहास नखोज! सुकन्या, सायद म हराउँदै छु, सायद टुङ्गिंदै छु। लाग्छ, म फाँट भएर पल्टिरहेकी छु र राल्फाहरू ममाथि बुर्कुसी खेलिरहेका छन्। जुलुस भएर हिंडेका छन्।"

तिमी पारिजात, गोरेटोजस्ती पल्टिदिएको भएर त तिमीलाई अरूले कुलटा ठानेको। तर ती बुझ्दैनन्, ती स्वयम् तिम्रो गर्भबाट जन्मिएका हुन्।

त्यसै कारण तिम्रो चित्रलाई विभिन्न ढङ्गले लिपपोत ग्रिदिएका कारण Clear–cut–image मा त्यसको केही माने छैन। निस्सारताकी जननी तिमी, तिम्रो सार हुनु राम्रो पनि होइन।

# बालचन्द्र शर्मा

कलम हातमा लिएर सोचिरहेको छु– के लेखूँ? र लेखे पनि कहाँबाट श्रीगणेश गरूँ?

अरूका निम्ति उहाँ बालचन्द्र शर्मा, एम.ए., साहित्यरत्न नेपाली राजनीतिक क्षेत्रका नेता, साहित्यिक तथा इतिहासकार इत्यादि भए पनि मेरा निम्ति त दाजु हुनुहुन्छ। परिचय र समयको बन्धनले उहाँलाई बाँधेर मीमांसा गर्न पनि उपाय छैन; कारण मलाई स्वयम् ज्ञान छैन मैले कहिलेदेखि दाजुलाई चिह्नें। हुन सक्छ कि केटाकेटीमा मैले दाजुको बुई पनि चढेको हुँला अथवा उहाँले पहिले राख्ने गरेको लामो टुप्पी पनि खेलबाडमा समातें हुँला। नाताले हामी मामाभनिज हौं तर दाजुभाइ कसरी बन्न पुग्यौं त्यसको पनि लेखो मसँग छैन! त... अहिले म भन्दै थिएँ कि यस लेखको श्रीगणेश कहाँबाट गरूँ? यो नै थाहा पाउन सकेको छैन। मेरो अनौठो परिस्थितिको बयान, सम्भव छ, बालकृष्ण समका यी पङ्क्तिले दिऊन्–

*तिनी हाम्रा यति नगिच छन् कि हामी छुन सक्तैनौं;*
*तिनलाई हामीले यति बुझेका छौं कि व्यक्त गर्न सक्तैनौं।*

जे होस्, रमाइलो गरी सम्झिने र स्पष्ट दृश्य त मेरा आँखामा अहिले त्यस बेलाका आइरहेछन्, जब म एस.एल.सी.को परीक्षा दिएर सन् ४६ मा काशी गएको थिएँ। १८ वर्षको नेपाली ठिटोले काशीमा एक्कासि यस्तो एउटा साहित्यिक मण्डलीमा प्रवेश गर्‍यो, जहाँ गफ नै अनौठा हुन्थे। काशीको गर्मीमा बाल्टीका बाल्टी पानी ओसार्दै तातो भुइँमा स्वाइँय गर्ने गरी पानी छर्दै सेलाएपछि सतरन्जा ओछ्याएर हातको सिह्रान बनाउँदै

आकाशका तारातिर हेरी गफ गर्ने मुख्यतः हामी ६ जना हुन्थ्यौं– दाजु, ईश्वर बराल, चन्द्रशेखर शास्त्री, मामा नरेन्द्र रेग्मी, मेरा बालसँगाती दीपकुमार शास्त्री र स्वयम् म। हाम्रो विषय नियमित हुन्थ्यो, यस्तरी कि त्यसको कुनै नियम हुँदैनथ्यो, आकस्मिक नियमितताको ठोस प्रमाणभैं। सिनेमाको अभिनेताको जीवनदेखि लिएर जापानी व्यापारीले बनाएको सस्तो, नक्कली मोती अथवा प्रेमचन्द उपन्यास लेख्ता खुट्टा कसरी चलाइरहन्थे अथवा ज्योतिषशास्त्रको जन्म कहाँ र कसरी भयो ?

त्यस जीवनमा एउटा स्फूर्ति थियो। दाजुले त्यही वर्ष एम.ए.को जाँच दिनुभएको थियो र एउटा निश्चिन्तताले परीक्षाफल पर्खिरहनुभएको थियो।

ठीक दुई गज अग्लो विशालकाय जिउ, आँखामा ठूलो प्रोफेसरी चश्मा लाएको दाजुलाई देख्नेबित्तिकै पहिलो तरङ्ग जुन मगजम प्रवेश गर्दछ, त्यो हो, यो मान्छे सेनामा किन भर्ती भएन! तर जो जान्दछन्, तिनले बुझेका छन् कि केही महिना नेपाली क्रान्तिमा सैनिक कारबाही गरेको फलस्वरूप दाजुको एउटा खुट्टा यस्तरी बेकम्मा भएको छ कि झन्डै लङ्लाएर हिंड्नुपर्दछ।

अँ, एउटा कुरा। काशीमा हामीले जुन समय साथमा बितायौं र त्यस बेला दाजुमा मैले जुन एउटा कथा भन्न सक्ने अनौठो शक्ति फेला पारें, सो देखेर मेरो मनमा अनायस एउटा विचार त्यस बेला आएथ्यो। दाजुको त्यो सानो खोपडीमा कसरी त्यतिका विचार सजिन सके। अनि आज कैयन् वर्षपछि त्यसरी अनायस नै त्यसको जबाफ पनि मेरो मनमा आयो– परिस्थितिले मानिसलाई सिकाउँदो रहेछ, वातावरणले पाल्दो रहेछ र कार्यले सघाउँदो रहेछ, नत्र कलम समातेर समाजसँग लड्न पनि अघि नसरेको मान्छेले एक दिन बन्दुक समातेर राज्यसत्तासँग लड्न खडा होला भन्ने मैले त कमसेकम सोचेको थिइनँ।

हो, दाजुको जीवन सङ्घर्षमय छ। म्याट्रिकको सर्टिफिकेटले आफ्नो निधार सिंगारेकै वर्ष दाजुका आमाबाबुले कपालका रौं ताछेर हिंडिदिए। अनि दाजुले कसरी एम.ए.सम्म पढ्नुभयो, कसरी भोको पेट आफूलाई मर्न दिनुभएन ? यो पनि एउटा लामो इतिहास

छ। त्यस ६ वर्षमा उहाँका पसिनाबाट विभिन्न विषयका अनेक पुस्तक जन्मे र परिश्रमको फलस्वरूप उहाँले काशी हिन्दू विश्वविद्यालयको रहरलाग्दो सर्टिफिकेट र अलब्ध सामाजिक अनुभव पाउनुभयो। त्यस बेलाका दाजुका लेखनीबाट जन्मेका पुस्तकहरूमा 'पूजादानादि सामाग्री प्रदर्शिका', जसमा विभिन्न किसिमका मण्डप र पूजाविधानमा चाहिने सामानहरूको विस्तृत सूची थियो (याद राख्नुहोला, उहाँ कहिल्यै कर्मकाण्डी हुनुभएन!) तथा गुलाबकावली र दर्जनौं वैद्यक, सङ्गीत, ज्योतिष, कर्मकाण्ड र पुराना ढङ्गका कथासङ्ग्रह इत्यादि पनि थिए।

यी लाइन पढ्नेलाई यो सुन्दा आश्चार्य लाग्ला। मलाई खुदै यो लाइन लेख्ता एउटा महान् आश्चार्य लागिरहेछ तर यसभन्दा सत्य अरू के हुन सक्छ कि यी दाजुका आफ्नै कथन हुन्। र, यसको अर्थ पनि स्पष्ट छ– अर्थ अभाव! मलाई कसैले "विश्लेषण गर" भनी भनेको खण्डमा रामायणको केवल एउटा घटना उसको सामु राखिदिन सक्छु। हनुमानजी सीताको खबर लिन लङ्का जाँदा, समुन्द्र तर्न लाग्दा उनको जिउबाट पसिना चुहिएको थियो रे, त्यो कुनै माछोले खाएको थियो रे! अनि कुनै मकरध्वजको जन्म भएको थियो रे! हनुमानजीलाई आफ्नो शरीरबाट त्यसरी पसिना चुहएिको ज्ञात त जरुर थियो होला तर त्यसको फल उनको मगजमा थिएन होला। हनुमानजीको लक्ष्य र ध्येय सीताजीलाई पाउनु मात्र थियो। पसिना पानीमा खस्छ अथवा पत्थरमा, त्यसको बारेमा अडेर हेर्ने फुर्सद उनलाई कहाँ थियो! त्यस्तै सायद दाजुले काशी हिन्दू विद्यालय नाघेर सरस्वती भेट्नको निम्ति...

हनुमानजीको अगाडि छोरो मकरध्वज ठूलो भएर आएपछि मात्र उनलाई ज्ञान भयो रे! त्यस्तै गुलाबकावली छापिएर निस्केपछि त्यसमा लेखिएछ– 'श्री बालचन्द्र शर्मा, एम.ए., साहित्यरत्न!' र दाजुलाई त्यसको ज्ञान भयो। यसको टीकाटिप्पणी गरे दुई जनाले– दार्जीलिङका श्री सूर्यविक्रम ज्ञवाली र हिन्दु विश्वविद्यालयका प्रोफेसर श्री विश्वनाथप्रसाद मिश्र। दुवैको भनाइ थियो– लेख्नै छ भने गहन विषयमा जिउँदो साहित्य किन नलेख्ने? दाजु जानुभएछ प्रकाशककहाँ झगडा गर्न र सीधा जबाफ पाउनुभएछ,

“जनसेवा गर्न कुदेपछि यसभन्दा अरू के सेवा हुन सक्छ कि तपाईंले जनरुचिअनुसार उनको सामग्री दिनुभयो।” त्यो थियो दाजुको राजनीतिक कुदाइमा एउटा मीठो छेड; त्यस बखत दाजु ने.रा.कां.को महामन्त्री हुनुहुन्थ्यो र त्यस बेला जब कि दिनभरि जन्मन लागेको ने.कां.को पहिलो प्रसवको ओथारो बस्नुहुन्थ्यो, उहाँ कलकत्ता जानलाई आहार खोज्न ‘गुलाबकावली’को देशमा चर्नु पनि हुन्थ्यो। यसपछि गहन विषयको खोजमा, प्रकाशककै रायमा उहाँले ‘नेपालको ऐतिहासिक रूपरेखा’ चार सय चवालीस पेजमा खिँच्नुभयो। सामग्री बटुलेर बीस दिनको अध्ययनमा कसरी त्यो मोटो पुस्तक जन्म्यो– त्यो पनि एउटा अनौठो घटना हो।

मैले मौका छोपेर एकचोटि प्रश्न गरें– “इतिहास त तपाईंको विषय होइन! एम.ए.मा तपाईंले साहित्य लिनुभएको थियो अनि कसरी सम्भव भयो?”

दाजु हाँस्नुभयो। दुवै आँखा झिम्क्याएर दाहिने हातले उहाँले चुट्की बजाइदिनुभयो। बालभन्द्र शर्माको व्यक्तिगत शब्दकोशमा त्यस क्रियाका अर्थ हुन्छन्– बरु यस्ता अथवा अँ–अँ नछाड् अथवा कसरीकसरी। तपाईंलाई चाहे जुनसुकै माने लाउन मन परोस्, मैले त यसको तेस्रो लगाएँ।

सायद मैले बुझिनँ भन्ने ठानेर होला, उहाँले भन्न थाल्नुभयो– “धेरै जना भन्छन् ‘कला कलाका लागि’, अनि फेरि अरू भन्छन्, ‘कला आत्मतृप्तिका लागि’ तर मैले जीवनमा कहिल्यै पनि कलाका यी दुई व्याख्या बुझ्न सकिनँ। मेरो निम्ति त कला रोजीका लागि थियो। प्रकाशकलाई जे चाहियो, त्यसको निमित्त कलम घोक्र्याउन बाध्य हुन्थें। तिमीलाई थाहै होला, मैले बीस दिनसम्म काशी विद्यापीठ तथा बिहार रिसर्च सोसाइटीबाट सँगालिएका पुस्तकका भरमा नेपालको इतिहास जस्तो मेरो निमित्त सर्वथा नवीन विषयमा कलम उठाएँ। प्रकाशकको राय थियो– इतिहासको विषयमा साइज डबल क्राउन पेपर सय पेजको होस्। तर इतिहासमा भौगोलिक वर्णनमै जब सय पेज लेखिए अनि प्रकाशक तथा लेखक दुवै आत्तियौं। इतिहास सात–आठ खण्ड बढी मोटायो र मैले छक्क मानेर हेरें कि यो पनि सम्भव रहेछ।”

मैले भनें, "आन्तरिक प्रेरणा नभै लेख्न कहाँ सम्भव छ र? फेरि खास गरेर इतिहासजस्तो उराठलाग्दो विषय।"

जबाफ पाएँ, "मेरो प्रेरणाको मूल उद्‌गम नै अभाव हो। 'अग्रगामी'मा मैले सर्वप्रथम 'ग्राफस्पिकी जलसमाधि' भन्ने लेख छपाउँदा पनि मलाई कलेज फी तिर्ने अभाव थियो। पछि सरस्वती, विशाल भारत, आजकल, युगधारा इत्यादिमा पनि मैले लेखेको छु, मुख्यतः त्यही कारणवश। तिमी भन्छौ, प्रेरणा कहाँबाट आयो? छाक अड्‌केको बेला पाँच सयको आकर्षक थैली मेरो अगाडि ल्याएको भए मलाई जुनसुकै चलताफिरता विषयको जुवामा जोतिन अघि सर्न तयार पाउने थियौ।

म त वाल्ल परेर दाजुको चस्माको ऐनामा पर्ने झ्यालबाहिरको बगैंचाका दृश्यहरूको प्रतिविम्ब हेर्दै रहें। दाजु भन्दै हुनुहुँदो रहेछ, बीचमा केही वाक्यहरू मेरो कानमा परेनन्– "...मेरो पहिलो लघुकथा अभावलाई नै लिएर बनेको थियो। त्यसको नाम हो 'समाज बन्धन' अनि मैले 'शवनम' लेखें। स्थान र पात्र बदलिएको बाहेक मेरा कथाहरू एकदम सत्य घटनाका आधारमा छन्।"

मैले सोधें– "तपाईंले जम्मा कति कहानी लेख्नुभएको छ?"

"एक दर्जनजति होलान्?"

"तिनमा सबैभन्दा राम्रो कुन ठान्नु हुन्छ?"

"मूर्ति! राँची जान लाग्दा रेलको ठब्बामा एउटा सिपाहीले फिलिस्तिनमा देखेको एउटा मूर्तिको वर्णन गरेको थियो र त्यो कहानी मैले डेहरी अनसोन स्टेसनमा आधा घण्टाको विश्राममा लेखेर तुरुन्तै काशी पठाएको थिएँ– हुलाकबाट।"

"मूर्ति नछपाएर तपाईंले 'झ्यालबाट'मा शवनम छपाउनुभयो?"

"त्यसको एउटा अनौठो कारण छ। त्यस कहानीमा शुरु र अन्त्यको घटनाचाहिं सत्य छन्। बीचमा जुन काबुलको वर्णन गरिएको छ, त्यो हो मेरो मीठो कल्पना! त्यस कहानीलाई सुनेर धेरै जनाले तारिफ गरे र एक सज्जनले भन्नुभयो कि यो कुनै अङ्ग्रेजी कथाको अनुवाद हो। अनि त्यस च्यालेन्जलाई कबुल गरेर मैले त्यो कहानी छपाएको कि हेरूँ अनुवाद भए कुनै न कुनै पाठकले मूल कथाको प्रमाण दिएर आलोचना अथवा प्रतिवाद गरिहाल्ला।"

"तपाईंको इतिहासको शैली देखेर तपाईंको कलमबाट कहानी बन्न सक्ला भन्ने मलाई अनौठो लाग्छ। यो कसरी?"

"किन?"

"शैलीको प्रभाव लेखनमा पर्छ नि, त्यसकारण; जस्तै तपाईंको भाषामा विशिष्टता छ, साहित्यिक नभै खरोपन।"

दाजुले हाँसेर भन्नुभयो, "यसमा मेरो विचार मिल्दैन! म त सच्चा लेखक त्यसलाई भन्छु, जसको शैली एउटा ठाउँमा सिवाय फेरि नदोहोरियोस्। लेखक जब कथानकमा आत्मसात् हुन सक्तैन र उसका लेखनीबाट प्रत्येक पात्रको बोलीमा एउटा स्पष्ट विभिन्नता झल्कँदैन, तबसम्म त्यो लेखक सफल कहाँ? लेखकको शक्ति हुनुपर्छ पात्र चिन्नेमा। लेखक सफल हुन्छ, जब ऊ त्यस पात्रमा आत्मसात् गरोस्, उसको आफ्नो अस्तित्व त्यस बेला बिलकुलै नरहोस्। पात्रले जुन कुराको अनुभव गरको छ, त्यो यथार्थ बोध गर्न आफैँले बोध गर्नुपर्छ– यसरी म Impersonal personality मा विश्वास गर्छु। ...मूर्ति पढ्यौ भने तिमी जान्लाऊ कि त्यस कथाको वातावरण, बोलाइ, शैली सबै पाश्चात्य राख्ने प्रयत्न गरेको छु। केवल त्यति नै त्यसमा मेरो लक्ष्य थियो। मैले एक ठाउँमा लेखेको छु, "नील नदीको किनारमा जाडोमा हुस्सुको कम्बल ओढेर काहिरा गुटुमुटु परी सुतिरहेथ्यो" र अर्को ठाउँमा "व्यस्तता गुजुल्टिएका कैयन् वर्ष व्यतीत भए।" यी पङ्क्तिबाट तिमी बुझ्नेछौ कि त्यस कथामा म कुन शैलीमा बगेको थिएँ। मैले अघि नै भनें नि, डेहरी

अनसोन जक्सनको भिडमा एउटा बेन्चमा बसेर मैले त्यसै बेला नलेखेको भए त्यो कथा सायद त्यसरी कहिल्यै पनि लेख्न सक्ने थिइनँ होला।"

"यो त भो शैली, अब भाषा?", मैले कुरालाई टुङ्गिन दिन चाहिनँ।

"हो, भाषा भने जरुरै फरक हुन्छ। मेरो भाषामा मेरा गुरु रामचन्द्र शुक्लको प्रभाव परेको छ। उहाँको भनाइ थियो– बीस पृष्ठ नराम्रो लेख्नुभन्दा दुई पृष्ठ राम्रो लेख्नु बेस। त्यस्तै राम्रा दुई शब्द बीस बोक्रे ठेलीभन्दा बेस छन्। मेरो लेखको भाषामा तिमीले एक थोकको प्रयत्न पाउनेछौ कि जहाँबाट होस्, एक शब्द निकाल्नसाथ त्यस वाक्यको माने अपूर्ण हुनेछ।"

मैले प्रश्न गरें, "जब तपाईं अभाववादको पूर्तिका लागि लेख्नुहुन्थ्यो त तपाईंको अभावपूर्ति कहानीभन्दा बढी अरू विषयले. पनि त हुन सक्थे? कथा लेख्ने के जरुरत?"

दाजुले भन्नुभयो, "यसका दुई कारण छन्। एक त हो मेरा साथीहरूको प्रभाव, दोस्रो त्यसबाट पनि मैले अभावपूर्ति अर्कै रूपमा गरें। तिमीले मेरा साथीहरू बालगोविन्द श्रीवास्तव (जो अहिले सिलोन रेडियोबाट बोल्छन्) अनि चन्द्रशेखर शास्त्री (बनारसमा थियो– सफिकल सोसाइटीमा अध्यापक) र श्यामु सन्यासी (तिनताक 'कहानी'का सम्पादक) आदिलाई चिनेकै छौ। यिनीहरूसँग बसउठ गर्दा कथानक, शैली, धारा, भाषा इत्यादि अनेक विषयमा कुरा भइरहन्थे। उनीहरूचाहिं कहानी लेख्थे, हाम्रो बीचमा घटेका घटनाउपर। त्यस्तैमा मेरो प्रथम कथा 'समाज बन्धन'की नायिका एउटी गुजराती महिलाको बारेमा उनीहरूले लेखेका कथाबाट चित्त नबुझेर मैले आफ्नो किसिमको कथा लेखें। त्यो सफल भयो रे! दोस्रो कारण हो कि जब लेखिहालें एक अभावको पूर्तिलाई, त त्यसलाई छपाएर अर्को अभावको पूर्ति पनि गरिहालें।"

र, दाजुले एकचोटि फेरि आँखा झिमिक्क पारेर दाहिने हातको चुट्की बजाइदिनुभयो।

मैले अनकनाइअनकनाइ सोधें, “दाजु, साहित्य कस्तो हुनुपर्छ ?”

दाजुले भन्नुभयो, “जनताको, जनताले र जनताकै लागि। लेखक समाजको एक अङ्ग भए तापनि लेख्ने बेलामा समाज आत्मसात् गर्नुपर्दछ। समाजलाई के कुरा चाहिएको छ, त्यो ऊ आफ्नो व्यक्तिगत अभावबाट बुझ्न सक्दछ; कारण ऊ पनि त्यसको अङ्ग हो। त्यस अभावको पूर्ति गर्न खोज्नु वा उपाय बताउनु नै लेखकको सच्चा कर्तव्य हो।”

“हाम्रो साहित्यले अहिलेसम्म केही गर्न सकेको छ कि छैन ?”

“भानुभक्तपछि यता कसैले पनि राम्ररी गर्न सकेका छैनन्।”

“कारण ?”

“कारण यो कि अधिकांशले दरबारी जीवनदेखि प्रभावित भएर अथवा त्यसको एकाङ्गी विद्रोहमा मात्र लेखे। तर सम्पूर्ण नेपाल त दरबारमा वा त्यसको यस्तै विद्रोहमा मात्र सीमित थिएन। जनता एकातिर, लेखक अर्कातिर। यसरी हाम्रो साहित्यको पूर्ण विकास हुन सकेन।”

“पद्य, गद्य दुवैको ?”, मैले सोधें।

“दुवैको। खै, नेपालमा कुनचाहिं कविको कविता अथवा गीत लोकगीत बन्न सक्यो ? जनता ‘रेलीमै रातो रुमाल’मा रह्यो र लेखक पुग्यो ‘साँढे’ साहित्यमा।”

मैले हाँसेर सोधें, “यस अभावको पूर्ति गर्न तपाईंको प्रेरणा छैन त ?”

मभन्दा बढी हाँसेर दाजुले भन्नुभयो, “म लेख्छु– नेपाली साहित्यको इतिहास।”

मैले भनें, “यसले जनताको रुचि र अभावको पूर्ति गर्ला भन्ने त यसको विषयवस्तुको नामैबाट बुझिंदैन नि !”

“यसले हाम्रो साहित्यको प्रगति कता छ, त्यो दर्शाउनेछ अनि भावी लेखकले जनता र साहित्यबीचमा भएको अभावको खाडल पुर्ने चेष्टा गर्नेछन् ।”

मैले सोधें, “प्रजातन्त्रपछि त साहित्यको उन्नति हुन सकेको छैन भनी भन्छन् नि समालोचकहरू ?”

“पहिले भएको थिएन, बरु अब हुने आशा छ। नेपाली साहित्य उठ्न नसकेको एक अर्को ठूलो कारण पनि छ। यसमा गद्यको जग नै थिएन। साहित्यमा बलियो जग हुनुपर्छ गद्यको। हाम्रो साहित्यिक इतिहासमा गद्यको अभाव कति छ, यो त यसबाटै थाहा हुन्छ कि गद्य एउटा पनि गद्य होइनन्। कविहरू त केवल अँध्यारोमा ढुङ्गा हान्ने अभ्यास गरेझैं कविता हानिरहेथे। आजकल, नवयुवक लेखकका गद्य देखेर मलाई भविष्यको साहित्य निर्माणमा ठूलो आशा छ।”

र ...कायेनवाचा गर्नुअघि एकचोटि भनिदिऊँ, यी हुन् मेरा दाजु र अरूका निम्ति बालचन्द्र शर्मा। उमेरले तरुण, अनुभवले वृद्ध, भविष्यको आशा... आफ्नो भावनाका किशोरलाई हुर्काउने र इतिहासबाट सिकाउन, सिक्न चाहने एउटा लेखक।

*प्रगति ७*

# भीमदर्शन रोका

इन्द्रेनीको दोस्रो अङ्कमा परिचय दिंदै लेखिएका श्री ईश्वर बरालका वाक्य यस प्रकार छन् :“भीमदर्शन रोका उर्दूको खानीबाट जुहार लिएर नेपाली काव्याकाशमा झल्किनुभएको छ। उहाँका कवितामा चटक्कता छ। उहाँका कवितामा एक झुल्का हुन्छ, एक उफ्राइ। त्यसैले उहाँका कविता छरिता र साना हुन्छन्। रोका विशेषतः बोलीचालीको भाषामा लेख्नुहुन्छ। यस प्रकार उहाँ फूलको मुस्काइमा तलवारको चोट गर्नुहुन्छ। उहाँका कवितामा विशेषतः प्रेमालु भावनाको सरसता पाइन्छ। भीमदर्शन एउटा खास किसिमको मस्ती तथा भाषाको खानी लिएर आउनुभएको छ।”

रोकाको खानी र मस्ती यस्तो थियो तिनताक–

*रात केवल एक प्रहर बाँकी छ*
*तीन प्रहरको अन्तिम असर बाँकी छ*
*पश्चिममा पुगेकी एक्ली चाँदनीलाई*
*केवल यौटा मेरै भर बाँकी छ*
*रात केवल एक प्रहर बाँकी छ।*
*कैयौंले यहाँ रातको गीत थालेथे*
*आफ्ना आफ्ना ताराहरू बालेथे*
*तर को रह्यो अब यहाँ– तिमी छौ,*
*म छु र हाम्रो रहर बाँकी छ*
*रात केवल एक प्रहर बाँकी छ।*

भाक्सु, धर्मशालामा हुर्केको तरुण प्रवासी नेपाली भीमदर्शन रोकालाई नेपाल आउने ढोका खुल्छ, २००८ सालको विद्यार्थी सम्मेलनद्वारा। प्रतिनिधिको रूपमा उसको आगमन हुन्छ र काठमाडौंले उसलाई यत्ति मोहित पार्छ, ऊ फर्केर जाँदैन, बरु चार वर्षभित्र नै नेपालको प्रतिनिधित्व गर्न विदेश पो पुगिराखेको।

नेपाली सांस्कृतिक मण्डलमा सदस्यको रूपमा जाने भीमदर्शन रोकालाई त्यस बेला म चिन्दिन थिएँ। कुरा पनि त एक जुगअघिको भयो। प्रगतिमा उसका कविताहरू निस्कन्थे– पढ्थें। नेपाली कवितामा उसले ल्याएको नयाँ शैलीमा उर्दूको स्वादले मजा दिन्थ्यो।

अनि हाम्रो भेटघाट भयो कविगोष्ठीमा। उसको कविता पाठको शैली बढो प्रभावकारी थियो। बोल्न उठेपछि उसको अनुहारमा एउटा दीप्ति आउँथ्यो– झुमेर मस्तीमा उसले पङ्क्तिहरू निर्धक्क बोल्दा वातावरण शम उम्री आउँथ्यो। झटकमा उसले आँखा चिम्लेर टाउको फड्काउँदा हामी स्वयम् आकाशतिर हुत्तिएको अनुभव हुने।

हामीलाई नगिच ल्यायो इन्द्रेनी पत्रिकाले। इन्द्रेनीको काव्य–प्रतिष्ठान भनिने हाम्रो छ जनाको जत्थामा ऊ पनि थियो। भेटघाट बढ्यो, सम्बन्ध बढ्यो र हामी तपाईं–तपाईंबाट नगिचिंदै तिमी–तिमी र पछि तँ–तँमा आइपुग्यौं।

ऊ जातैले मात्र मगर होइन, अनुहारले पनि, मिजासले पनि (माओत्सेतुङसँग खिचेको फोटोमा ऊ ठ्याम्मै भतिजा देखिन्छ)। उसको अनुहार र तिनताकको व्यवहारअनुसार उसको हातमा कलमको सट्टा बन्दुक तथा बोलीको सट्टा गोली नै सुहाउने। परम्परागत सिपाही परिवारमा जन्मेर कविताजस्तो कोमल कला अपनाउनु तथा मास्टरजस्तो पेसाद्वारा जीविका चलाउनु नै उसको जीवनको ठूलो क्रान्ति हो।

बिदेसिएका नेपाली परिवारले भोग्ने क्रमबद्ध कष्ट उसको परिवारले पनि भोग्यो। ब्यारेकको जीवन र धर्मशालाछेउछाउको उसको बाल्यावस्था निकै रोचकरूपमा ऊ वर्णन

गर्छ। पन्जाबी (भनौं भाक्सु) लहजामा बोल्ने उसको तिनताकको नेपाली मीठो सुनिने, यारों!

गीत ऊ गाउँदैन तर बाँसुरीको तान मीठो छोड्छ। पेन्टिङ ऊ गर्दैन तर उसले बयान गरेको कुरा त्यत्तिकै चित्रमय हुन्छ। ऊ व्याख्यात्मक वर्णन पटक्क मन पराउँदैन, "भन्ने कुरा भनिहाल, बुझ्नेले बुझ्छ" भन्छ। एक प्रकारको आँ गर्दा अलङ्कार बुझ्ने मान्छे हो ऊ– उसका कवितामा पनि त्यही मिजास छ।"

एउटा कविता लिऊँ–

*ढल्मल ढल्मल ढल्मल गरी*
*सेतासेता बादलसरी*
*मलाई आकाशतिर जान नदेऊ*
*मेरै आफ्नै धरती छाडी*
*कहिले प्रयास गरें भने पनि*
*उचा उडान भरें भने पनि*
*तिमी मलाई हावाले हान्नू*
*पानी पार्नू, असिना मार्नू*
*बिजुली चुल्ठीले बाटो छेक्नू*
*तल मेरै धरतीका फ्याँक्नू*
*ढल्मल ढल्मल गरी*
*आकाशतिर जान नदेऊ।*

र व्यक्तिगत जीवनमा पनि उसले आफ्नै प्रयासद्वारा धरतीमै खुट्टा गाडिरह्यो। स्कुलमा पढाउने पेसा एकपटक अपनाइसकेपछि, अनेक प्रलोभन देखाउँदा पनि उसले त्यो त्यागेन।

केटाकेटी उसलाई मन पर्छ। ऊ भन्छ, ती जीवित कविता हुन्– एकपटक त्यसको चस्को लागेपछि कविता किन पढ्नुपर्‍यो? यिनै कारणले होला, उसले कलमको पनि परित्याग गरेर चक समातेको!

एकपटक ऊसँग भएको घटनाको वर्णन मैले मेरो एक लेखमा यसरी गरेको छु–

र, मलाई सम्झना आइरहेथ्यो मेरो साथी एक कविको। जो कविता गर्न छाडेर मास्टरी गर्न थाल्यो। र जो अब मास्टर मात्र भएको छ। नाउँ उसले नकमाएको होइन, स्वयम् एक स्कुल बनायो कविता क्षेत्रमा। लेख्न छाडे पनि, आजसम्म तर जसको बराबर चर्चा भइरहन्छ। ऊ बराबर भन्छ– "कविता लेखिन्छ आत्मातृप्तिका लागि, होइन त? तँ केटाकेटीका घेरामा एकछिन बस् त, कस्तो आत्मतृप्ति हुँदो रहेछ!" सडकमा हिंड्दाहिंड्दै एक दिन, अनायस टक्क अडेर भन्छ– "यो ठाउँ देख्छस्?"

"देखिरहेछु।"

"राम्ररी हेर्! यस ठाउँमा मलाई एकपटक चरम तृप्तिको अनुभव भयो।"

"ठाउँ हेर्छु। नाङ्गो पेटी र रित्तो भित्ता, पर्खालबाहेक त्यहाँ केही छैन।"

"पानी परेर म त्यहाँ त्यसै ओत लागेको थिएँ। एउटी पाँच वर्षकी केटी आफ्नी आमासँग जाँदै थिई। मलाई देखी। आमाको ओढिरहेको छाता मागेर ल्याई। भन्छे– "मास्साब, छाता लिनोस्।" मेरा त परेला रसाए। सक्छस् तँ बुझ्न त्यस केटीको हृदयमा भएको भावलाई? रिस राग, छलकपट, द्वेष केही नउम्रेको स्वच्छ स्नेह हो त्यो। त्यसले मुश्किलले दुई–चार सय शब्द जानेकी होली; त्यत्रो सानो शब्दकोशबाट शब्द झिकेर "मास्साब, छाता लिनोस्" भन्न सक्नु, आत्मप्रवञ्चनाबिना आफूलाई, आमालाई, वर्षालाई बिर्सेर! भन् त, ती तीन शब्दमा कत्तिको कविता छ। बिस्तारै गाला थपथपाएँ, भनें– भो बा भो, मान्छे पर्खिरहेको। बेमनसाथ ऊ फर्की। केटी स्कुलमा साधारण हो, विशेष आँखामा नपर्ने। भोलिपल्ट मैले क्लासमा उसलाई धन्यवाद दिएँ।

उसको अनुहारको दीप्ति, त्यस बेला। बाबू, जीवनमा कविता छरिएर बसेका छन्, देख्न सक्नु र टिप्न सक्नु मात्र पर्छ। लेख्ने फुर्सद कसलाई?"

र, साँच्चिकै उसलाई लेख्ने फुर्सद छैन। झन्डै महिनौं हाम्रो भेट हुँदैन। अनि अनायास कि ऊ मकहा,ँ कि म ऊकहाँ पुग्छौं– दुवैलाई भेटघाटको तिर्खा लागेको हुन्छ। दुई–चार घण्टा, जति ऊ जोगाउन सक्छ, त्यत्ति दिन्छ– गरिबले जुवा खेल्ने दुस्साहस गरेजस्तै। त्यस समयमा पनि हाम्रै आफ्नै धुकधुकी व्याप्त हुन्छ– के महँगो भयो र के अप्राप्य भयो र के हुँदै छ र कत्ति ट्युसनको मारामार छ र जाँच आयो वा जाँच भर्खर टुङ्गियो, कापी जाँच्नै छ, आई.ए.को जाँच आयो वा बि.ए.मा उसकी पत्नी जाँच दिंदै छ। "हेर भाइ शङ्कर, संसारमा परेपछि जे पनि गर्नुपर्दो रहेछ। म सबलाई पढाउने मेरी स्वास्नीलाई नहेरी दिंदा उसको चित्त दुख्तैन? आजकल म गृहविज्ञान पढाउँदै छु उसलाई।" अनि ऊ झन्डै अप्राकृतिक रूपको प्राकृतिक अट्टहास गर्छ। मैले आजसम्म बुझेको छैन, उसको यो अट्टहास कसप्रति लक्ष्य गरिएको हो! जीवनका बढ्दा विषमतालाई आफ्नो रूपमा ढाल्न र तिनैलाई प्रयोग गरी उपयोगी बनाउने उसको क्षमताको प्रतिक्रिया हो यो, अथवा आफ्ना कलात्मक प्रवृत्तिहरूलाई बन्धक राखी उसले जुन दाल, भात, डुकु कमाएको छ, त्यसको गन्ध वातावरणमा मगमगाउँदा उसमा उम्रेको रोष हो– यो मैले आजसम्म ऊसँग सोध्ने दुस्साहस पनि गर्न सकिनँ।

वर्तमान नेपाली जनजीवनलाई नाप्ने मापदण्डको प्रतीकका रूपमा एक छेउमा रोका, बीचमा म तथा अर्को छेउमा तुलसीलाई राखे, हाम्रो आर्थिक, सामाजिक, राजनीतिक, कलापक्ष र विचारपक्षको विवेचना गर्न निकै सुविधा हुनेछ। रोकाले बुझेर सन्यास लियो भने म नपैल्याएर भट्किँदै छु र तुलसी नबुझेर हरायो। अथवा त्यही गजलाई पर्लक्क पल्टायौं भने तुलसी बुझेर भाग्यो, म बुझाइको अन्योलमा गुजुल्टिएँ र रोकाले वास्तविकता स्वेच्छाले अँगाल्यो।

एउटा नमुना हेरूँ। म आफ्नो भविष्यप्रति यसरी भवना व्यक्त गर्छु–

*मेरो छोरा,*
*एक दिन तैंले मसँग*
*वा मेरो मृत्यु भएमा*
*स्वयम्सँग,*
*एक प्रश्न गर्नेछस्।*
*मेरो छोरा,*
*मसँग त्यस प्रश्नको केही उत्तर छैन*
*सिर्फ छ एक सन्तुष्टि*
*बल्ल मेरो परम्पराले थिचेका प्रश्नहरू*
*तेरा मुखबाट निस्कन सक्यो।*
*मेरा छोरा,*
*तेरो युगको प्रभावमा*
*मेरो अन्धकार*
*मेरो मृत्युसँगै मरिसकेको हुनेछ।*
*र तैंले बुझ्नेछैनस्–*
*तेरो पितालाई*
*स्वयम्को अस्तित्वसँग पनि शङ्का उठेको थियो*
*तँलाई पत्यार पार्न सक्नेछैन त्यस बेला–*
*म कस्तो उत्तेजनाहीन*
*निष्क्रिय र निर्बल थिएँ।*
*तैंले सायद कहिल्यै पनि बुझ्नेछैनस् होला–*
*सङ्घर्षको सृजनानिम्ति*
*शरीरको रगतको अन्तिम बुँद पनि झुल्किनुपर्छ–*
*केन्द्रित हुनुपर्छ प्रत्येक क्रिया एक लक्ष्यमा।*
*म त झन्डै लक्ष्यहीन थिएँ*
*सिवाय एक प्रयासको*

*मैले तँलाई जन्माउने प्रयास गरिनँ।*
*र लुकाइराखें आफैँमा*
*एक अज्ञात, अपरिचित, अनिश्चित अवसरका निम्ति।*
*म भन्न सक्तिनँ, म बिलकुलै असमर्थ छु–*
*तँलाई जन्म दिन ढिला गरेर,*
*मैले आफैँसँग*
*वा तैसँग*
*वा तेरा पछि आइरहने कैयन्कैयन् वंशसँग*
*केही अन्याय त गरिनँ?*
*नजन्मेको मेरो छोरा!*
*तेरो जन्मभन्दा*
*कति अघि*
*कति अघिदेखिन्*
*तेरो यो प्रश्न*
*मकहाँ आएर फर्केको छैन!"*
*तुलसी आफूलाई यसरी व्यक्त गर्छ–*

"...म आफ्नो बारेमा केही पनि नजान्ने भइसकेको छु, केही सोच्न मन लाग्यो भने पनि केही बुझ्दिनँ। कहाँ छु र के गर्दै छु, केही पनि थाहा छैन। हुरीले जताजता हुत्याउँछ, त्यतैत्यतै पुग्छु। खै यस्तैउस्तै छ जीवन।"

मलाई अम्बरले गाएको भूपीको सम्झना आउँछ यहाँनिर–

*मेरो मृत्युपछि मेरा अनाथ आँसुहरू*
*तिम्रो आँखामा वास माग्न आउनेछन्*
*बादल बनेर मेरा सुस्केराहरू*

*तिम्रो आँखाको प्रकाश माग्न आउनेछन् ।*
*बिपना बन्न नपाएका मेरा स्वप्नहरूले*
*तिम्रो निद्रामा सानो ठाउँ खोज्नेछन् ।*
*म कहाँ छु र कसरी छु–*
*मिरमिरेमा पिलपिले तारा तिमीसँग सोध्नेछन्*
*नदीझैं बग्दै जहाँ गए पनि तिमीले मलाई*
*किनार बनेर पर्खिरहेको पाउनेछौ*
*एकलासपनको क्षणमा आफूलाई छामी हेर्नू*
*बालुवा बनेर मलाई सँगै बगिरहेको पाउनेछौ ।*
*रोका भने आफूलाई यसरी व्यक्त गर्छ–*
*वरिपरि छेउछाउबाट*
*सजिला र अप्ठ्यारा ठाउँबाट*
*वनपाखाहरूबाट*
*र हलुका सुस्केराहरूबाट*
*आइरहन्छ*
*समय सधैं आइरहन्छ ।*
*पानीपानीमा बगेर*
*पातपातमा मस्केर*
*ऋतुहरूको आगमन*
*र तिम्रो आवाजबाट– आइरहन्छ ।*
*केही भन्न छुन्छ मलाई*
*केही बेर सुनिरहन्छ मलाई*
*मेरो श्वासमा लुटपुटिएर*
*मेरा क्षणहरूलाई लिएर*
*गइरहन्छ*
*समय सधैं गइरहन्छ ।*

*मबाट उठेर*
*फैलिंदै माथि पुगेर*
*नीलो आकाश बनिरहन्छ*
*त्यही नै मेरो अतीत हुन्छ ।*

असलमा नेपालको सामूहिक प्रतिनिधित्व हाम्रो तीन जनाको जीवनबाट मात्र सम्भव छ ।

म जान्दिनँ, रोकालाई मैले किन यस लेखको नायक बनाएँ । असलमा नायकत्वको ऊ जीवनविरोधी हो । र, एक्लै चरित्र छान्यो भने उसको कुनै महत्व छैन । म र तुलसीको पटाक्षेप नपाए ऊ उठ्न पनि सक्तैन ।

सायद हामी उठ्न यो लेखमा मैले रोकालाई गिराएको होला ।

कुण्ठाको यो एक प्रतीक हो ।

यो यसैमा समाप्त होओस् ।

# भूपी शेरचन

*मैले पिएकोमा रिसाएका साथीहरू*
*पिएर त हेर, पिउनु झन् गाहारो छ।*
*मरेर शहीद हुनेहरू,*
*जिएर त हेर, जिउनु झन् गाहारो!*

माथिका पङ्क्तिहरू सम्झनाका भरमा मात्र लेखेको हुँ। त्यसमा शब्दहरू यताउता हुन गएका होलान्। तर यहाँ मलाई वाक्यविन्यासमाथि लेख्नु छैन, न छ काव्यरचनाका गुणअवगुणमाथि नै आलोचना गर्नु। म त अहिले यी पङ्क्तिका स्रष्टालाई सम्झिरहेछु। र, आज उसैमाथि केही सोच्न मन लागिरहेछ।

भूपी शेरचनलाई अझै धेरै नेपालीले चिनेका छैनन्– नेपाली, मानिसलाई कम र उसको अवगुणलाई बढी चिन्छन्। तापनि चिनेकाहरूमध्येले पनि भूपीलाई राम्ररी चिनेका छैनन्। जस्तै म छु, मेरै टोलमा बस्छ ऊ, मसँग राम्रो परिचय छ उसको। साथमा बराबर समय पनि कट्छ तापनि म उसलाई अन्तरङ्ग भई चिन्दिनँ।

भूपीसँग पहिलो परिचय गराइदिने श्रेय भीमदर्शन रोकालाई छ। वटुको एक भाडाको कोठामा भूपी बसेको बेला एक दिन दर्शनसँग मैले साँझ उसकहाँ बिताएँ। त्यसभन्दा अघि हामीले एकअर्कालाई नचिनेको होइन तर चिनजानमा रसको वर्षा गऱ्यौं त्यस बखत, रक्सीले। भूपी भन्थ्यो– “बाहिरबाट आएर, शङ्करजी, पहिलो कामचाहिं झ्याल बन्द गर्नु हुन्छ मेरो! नत्र राति झ्याललाई ढोका भन्ठानी बाहिर जान खोजें भने... भित्र

आउन सक्तिनँ फेरि" (उसको कोठा चार तलामाथि छ!) मैले आश्चर्य मानेको थिएँ, ऊ लडखडाएर कसरी त्यतिको गल्ली, भऱ्याङ, मटान पार गर्न सक्छ सधैं! ऊ भन्थ्यो, रक्सीले उसलाई स्फूर्ति प्रदान गर्छ रे!

र आजकालचाहिं रक्सी भएन भने उसको खुट्टा लरबराउँछ। भन्थ्यो, "म नढलमलाई हिंड्नै सक्तिनँ, नपिएको बेला!" र, अस्ति मात्र संयोगवश फेरि दर्शन र म उसकहाँ गयौं। उसलाई भेट्न होइन, उसलाई छाड्न। दुईतिर दुई जनाले अँगालो मारेर उसलाई ओछ्यानमा छाडिदियौं। जुन साथीकहाँबाट उसलाई ल्यायौं हामीले, त्यहाँ ऊ होसमा थिएन, ऊ मोटरमा पनि होसमा थिएन, ऊ भऱ्याङमा पनि होसमा थिएन, ऊ ओछ्यानमा पनि होसमा थिएन। उसको सिराननिर राखेको रमको बोतल देखेर ऊ होसमा आयो। भन्छ– "यारों, Come on, one for the road!" दर्शन मतिर फर्कंदा त्यस बखत, प्रश्न चिह्नको सच्चा प्रतीक देखिन्थ्यो।

यहाँनिर एउटा कुरा भनिदिऊँ– भूपी ओछ्यानमा पल्टिँदा पनि सडककै चिन्ता गर्छ। उसको सम्पूर्ण जीवन मानौं एउटा लामो 'रोड' हो, जसमा ऊ कतै आराम पाउँदैन। र, भूपीले जति रक्सी खाइरहेछ, आफ्नो निमित्त होइन, सिर्फ त्यस 'रोड'को निमित्त!

मलाई लाग्छ, भूपी बाटोमा हिंड्न जन्मेको निश्चय पनि होइन। ऊ त मुगलकालीन दरबारमा जन्मनुपर्ने– खास गरी शाहजहाँको मित्रको रूपमा। अनि सायद ताजमहलमाथि उसले लेख्तो हो– 'शुभ्र, स्निग्ध र शान्ति' ('मैनबत्तीको शिखा'बाट) र नारीका निमित्त सोच्तो हो– घैंटोमा उम्रको वटवृक्ष! अथवा फेरि, भूपी जन्मिनुपर्ने पञ्चायत राज्यको पूर्ण विकसित अवस्थामा, जब उसलाई कम्युनिजम हटेर कलमिजम र रक्सिजममा जानुपर्ने थिएन– सायद आवश्यकता नै पर्ने थिएन।

हिजो एक मित्रसँग कुरा गर्दै थिएँ, भूपीको जीवनबारे। 'सर्वहारा'बाट राजीनामा दिएको कारणमा उनले भने, "भूपीको टेम्परामेन्ट राजनीतिको निमित्त बनेको होइन।" मैले त्यति बेला नै सोचें– भूपीको चरित्र नेपालको निमित्त बनेकै होइन, खास गरी

आजको नेपालको निमित्त त हुँदै होइन। मेरो त्यो समीक्षा निकै नै विवादास्पद, मलाई थाहा छ तर यो विवादभन्दा निकै परको मेरो आफ्नो धारणा हो।

कैयन् यस्ता प्रश्न हुन्छन्, जसको निर्णायात्मक उत्तर पाएको भन्दा नपाएकोमा रमाइलो हुन्छ– भावी इतिहास र इतिहासकारका निमित्त। आज म प्रष्ट देखिरहेछु, हामी सबैको मृत्युपछि (एक–दुई–दश–सय वर्षपछि) कसैले नेपालको आजको कालको साहित्यको अध्ययन गर्न थाल्नेछ। भूपीका कविताहरू निश्चय पनि उसको निमित्त एक नसुल्भने समस्या बन्न जानेछन्। कम्युनिस्ट नारावादबाट जन्मेको कवि रसवाद, रहस्यमयवाद र व्यक्तिवादका लोकहरूको यात्रा गरेर बिलाएको हुनेछ। अनि ऊ खोज्न थाल्नेछ, भूपीको व्यक्तिगत जीवनका घटनाका नगुँथिएका फूलहरू। हरेक फूलमा उसले एक गन्ध पाउनेछ, नैराश्यको।

भूपीको हँसिलो अनुहारको छालामुनि केको नैराश्य छ, त्यो जान्नेछैन होला त्यस इतिहासकारले– असफल विवाह, असफल प्रेम, असफल राजनीति, असफल मैत्री, असफल वातावरण वा असफल युगको छाया (?)। स्वयम् म, उसको मित्र, उसकै युगमा बाँचेको, उसैसँग साथ हिंडेको मान्छे, सहलेखकले पनि यो जानेको छैन। र, जान्न खोज्ने चाहना वा मनोवृत्ति पनि आउँदैन मलाई।

भूपीको छेउमा एकछिन बस्नासाथ हामीलाई (कमसेकम मलाई) निकै कुराले असर गर्छ। उसको ओइलाउँदै गइरहेको मुखको तेज, फक्रँदै गइरहेका शरीरका अनगन्ती रोगहरू, घट्तै गइरहेको उसको आफूप्रतिको विश्वास र बढ्दै गइरहेको रक्सीको मात्रा। उसको लोकप्रियता निश्चय पनि बढिरहेछ; तर उसको जान–आउने ठाउँ रोज घटिरहेको छ। २४ घण्टाको दिनमा १२ घण्टा ऊ पिउँछ। मलाई थाहा छ, यो तेज गतिमा चलिरहेको उसको जीवन चाँडै नै समाप्त हुने सम्भावना छ तर मलाई भूपीसँग कुनै उजुर छैन; न मलाई यो आवश्यकता नै लाग्छ, म भनूँ, “भूपी नपिऊ।” मलाई दुःख लाग्छ भने आजको समाजउपर होइन, भावी समाजउपर, जसले भूपीको अभावलाई सहनुपर्नेछ। कुटाइममा फुलेको फूल ओइलाउँछ नै, यो कसलाई थाहा छैन र, बेसिजनमा फुलेको

फूललाई संरक्षित राख्न सके बगैंचाको इज्जत साथै बगैंचाको तालिमको बास्ना पनि आउँथ्यो होला। भावी समाजले हाम्रो यो अशक्तताउपर दुःख मान्नेछ र त्यसमा दुःख लागिरहेछ।

भूपीलाई आज जो हामी देख्छौं, यसले कुनै समयको उसको जिउको मिलेको बान्कीको सम्झना दिलाउँछ। टाउको र छाती निकै चौडा छ, कम्मरभन्दा मुनिको अंशचाहिं खुम्चिएको पेन्टजस्तो– मानौं, पेन्टको डिजाइन नै उसलाई देखेर बनेको हो। उसको जिउको तुलनामा छाती निकै चौडा छ– फिताले नापे पनि, खर्चले नापे पनि। र... नाप्न नसकिनेछ उसको मुस्कान र उसको सौजन्य। सडकमा कसैलाई भेट्ता ऊ खुलेर मुस्कुराउँछ र आफ्नै मुस्कुराहटको बोझले उसको टाउको र छाती अगाडि झुक्छन् (डर लाग्छ मलाई, अलि बढी अरू झुक्यो भने उसको फितलो कम्मर चटक्क त कहीं भाँचिंदैन?)।

अनि अर्को अनौठो छ उसको वार्ता गर्ने ढङ्ग...

"ओहो शङ्करजी, कहाँ जान लाग्नुभयो?"

"घर जाँदै छु।"

"आजकल के गर्दै हुनुहुन्छ? केही सुनाउनुस् न, कहिले फुर्सदमा..."

"खै मैले त केही लेख्न सकेको छैन, तपाईं के लेख्तै हुनुहुन्छ?"

"कहाँ शङ्करजी, म त बिरामी भएको थिएँ। डाइरिया भएर सात दिन घरबाटै निस्किइनँ। अहिले निस्केको, पारस जाऊँ भनेर।"

"अहिले कस्तो छ?"

"बिरानो ठाउँमा आएको जस्तो लाग्दै छ। साह्रै कमजोरी र नियास्रो लाग्दै छ। सुस्ताइसुस्ताइ हिंडिरहेछु। होटल पुगेर साथी र रम भेट्टाएर मन बहलिइहाल्छ कि भनेर..."

उसलाई एक दिन यस्तै गरी भेटें, विष्णुमतीको पुलमा। राति एघार बजे। म घर जान लागेको, ऊ घरबाट फर्किन लागेको। आश्चर्य लाग्यो। हामी दुवैको हिंडाइले पुल कामिरहेको थियो।

सोधें, "अरे, भूपी यस बेला कहाँ?"

"तपाईं कहाँ नि?"

"म घर जाँदै छु।"

"ओ, तिमी गइसकेको, अब म जाँदै छु।"

हामीले हाँसेर अँगालो मार्‍यौ र एकले अर्कालाई लड्नबाट बचायौं।

उसको पारसका दृश्य... वरिपरि मानिसका बीच रमको आधा बोतल ऊ राख्छ। र, जसलाई जति चाहिन्छ, खन्याएर खान्छ। उसको कुरा गराई पनि यस्तै छ। वरिपरि मानिसका बीच ऊ आधा वाक्य बोल्छ र जसलाई जति हाँस्नु छ, हाँस्छ, आफ्नो क्षमता हेरी; बोतलको खर्च भूपीको हुन्छ; र हाँसोको मूल्य पनि उसकै जीवनको कुनै घटना।

ऊ कुरालाई साह्रै छिटो बुझ्छ तर मानिसलाई बडा ढिलो। अझ सुन्छु, कहिलेकाहीं बुझेर पनि ऊ बुझ पचाइदिन्छ रे! ऊसँग प्रत्येक प्रश्नको समुचित उत्तर छ– ऊसँग सिर्फ आफ्नै प्रश्नको, मानौं, जबाफ छैन।

आजकल कताकता ऊ निर्धक्कसाथ आफ्नै मृत्युको कुरा गर्छ। मलाई लाग्छ, आफ्नो उपयोगितालाई पनि अब नैराश्यले छोपिदिएको छ। मलाई कहिलेकाहीं लाग्छ, म ऊसँग

बसूँ एक–दुई घण्टा र गम्भीरतासाथ उसको मनका कुराहरू सोधूँ, छलफल गरूँ, सल्लाह दिऊँ। तर, ऊ जसरी आफ्नो जीवनको रहेसहेको सुखलाई गङ्गाजलझैं प्रत्येक गिलासमा एक थोपा मिसाएर पवित्र पारिरहेछ, त्यो देख्ता त्यो सुखको वातावरण (कृत्रिम वा प्राकृतिक– जेसुकै किन नहोस्!) देख्ता मलाई साहस आउँदैन, उसको स्वप्न भत्काइदिने।

अनि म सम्झन्छु एउटा कुरा। शहीद दिवसको जुलुसलाई उसले नेतृत्व प्रदान गर्दा म एउटा पसलमा लुकेको थिएँ लाजले। र, मैले भनेको थिएँ पछिबाट उसलाई– "भूपी, तिमीलाई देख्ता मलाई लाज लाग्यो। तिमीले नेतृत्व दिएको कुरामा होइन; नेतृत्व दिइरहँदा म दर्शकको रूपमा निष्क्रिय देख्ता, मेरो निष्क्रियताको तुलनामा तिमीलाई कहीं आफ्नो सक्रियतामाथि लाज नलागोस् भनी। तिमीले मलाई देखेनौ र मैले ईश्वरलाई धन्यवाद दिएँ।"

उसले भनेको थियो– "तिमीले मलाई देखेको थाहा थियो तर तिमीले मैले नदेखोस् भनी चिताइरहेकाले मैले नहेरिदिएको हुँ। मेरो लाजमा तिमीलाई लाज नलागोस् भनी!"

म सम्झन्छु अनि, सायद ऊ यो कुरा पनि जान्दछ होला, मेरो मनमा ऊसँग कुरा गर्ने इच्छा उत्पन्न भएको कुरा। र, उसलाई दुःख होला भन्ने म सोचिरहेछु र जो मलाई दुःख लागिरहेछ, ऊ त्यो पनि जान्दछ होला; र ऊ त्यस्तो अवसर नै आउन दिन चाहँदैन होला।

भूपी नेपालको आकाशमा चम्केको एउटा लामपुच्छ्रे तारा हो, जो आफ्नो अग्निले आकाशलाई डाम्ने प्रयास गरिरहेछ र गहिराइ नापिरहेछ हेर्नलाई र भिरिरहेछ अन्धकारलाई। र, जो बूढापाका छन्, जो केही जान्दछन्, जसका आफ्ना युगका विश्वास छन्, उनको मनमा ठूलो आशङ्काको जन्म गराइरहेछ।

र, जसले बलेको लामपुच्छ्रे तारा आफ्ना आँखाले देखेनन्, उनलाई बुझाउन असाध्य गाहारो हुन्छ– आकाश कहाँदेखि कहाँसम्म चिरिएको थियो भनी। र, जसले आफ्ना

आँखाले तारा देखे, ती पनि त स्वयम् फेरि त्यसको सच्चा स्थान पैल्याउन सक्तैनन्, पछि परन्तु कसैलाई बयान गर्ने कुरा त परै जाओस्।

*रूपरेखा, पूर्णाङ्क १५*

# लक्ष्मीप्रसाद देवकोटा

२००७ साल पौष महिनाको जाडोको साँझ। मैतीदेवीको फाँटको बीच खेतमा टायलको एउटा घर। त्यसको ढोकामा म चिच्याउँदै थिएँ– “देवकोटाजी हुनुहुन्छ?” माथिबाट कुनै अङ्ग्रेजी ऐतिहासिक किताब जोरसँग घोकेको शब्द आइरहेको थियो। मेरो मनमा लाग्यो, सायद हेनरी आदोंको जीवनी पढ्ने यो कुनै मेट्रिकको विद्यार्थीको घरमा म पुगेछु भूलले।

सेतो पुरानो छिटको धोती लाएकी एक जनाले मेरो नगिच आएर भन्नुभयो– “माथि उः त्यो कोठामा जानुहोस्।”

जीवनमा पहिलोचोटि देवकोटाजीसित परिचय पाउने उत्साहमा मेरो मन धकधक गरिरहेको थियो। ‘सुन्दरीजल’ र ‘शाकुन्तल महाकाव्य’ लेख्ने कविको साक्षत् दर्शन। भऱ्याङका हरेक खुड्किला पहाडझैं लागेपछि दुईदुईवटा गरेर म कोठामा उफ्रेर एक्कासि पुगें। देखें– कालो कम्बलले गुटुमुटु भएर एउटा मैलो, फोहोर ओछयानमा पल्टेर घोप्टिई देब्रे हातले चिउँडो अडाएर उच्च स्वरमा केही एकाग्रचित्त भई पढिरहेछ। एक मन त लगत्तै फर्कूं जस्तो लाग्यो, सायद उहाँ त्यो महाकवि होइन होला भन्ठानेर। अनुहारमा कालो फुस्रो मुख छ। कपालका रौं आफूखुशी दश दिशा दौडिरहेछन्। कम्बलबाट निस्केका हातमा झ्यापझ्यापती रौं, कालो फुस्रो हात मसीमसी लागेको। यस्तो मानिस पनि महाकवि! कोठामा चारैतिर हेरें। आँधी, हुरी भर्खरै त्यहाँ नाचेर गएझैं हरेक दिशामा कागज छन्। सायदै कुनै किताब सद्दे होला। मसी नघोप्टिएको सुकुलको कुना नराम्रो देखिन्थ्यो– एक कुनामा मात्र उज्यालो भएर होला। कुनै समयमा पोतेको चुन

झरिसकेको थियो र आज त्यही भित्तामा एकातिर श्रीकृष्ण रवीन्द्रनाथ टैगोर; अर्कोतिर अर्को कुनै दाढीवाल बूढो, यिनीहरूका चित्र पेन्सिलले लेखिएका छन्। यतिले नपुगेर फुटेको मकल र चारैतिर झरेको खरानी। मेरो उपस्थितिको ज्ञान भएछ क्यार, त्यो सङ्गीत अकस्मात् बन्द गरेर उहाँ मतिर हेरिरहनुभएको।

"देवकोटाजी?", प्रश्नसूचक दृष्टिले हेर्दै मैले सोधें।

"जी आउनुहोस्!", उहाँले जवाफ दिनुभयो।

सायद "होइन" भनेको भए म ज्यादा आनन्दित हुने थिएँ होला, त्यस्तो मानिसलाई महाकवि होलान् भन्ने मैले नसोचेकाले पनि त्यसो हुन सक्छ। नगिच गएर बसें।

"तँलाई चिनिनँ?"

"यो पत्रले चिनाउनेछ" भनेर मैले आफ्नो मामाको पत्र उहाँको हातमा राखिदिएँ। कमसेकम तीनचोटि माथिदेखि तलसम्म हेरेर अनि फर्केर मतिर हेरी उहाँले भन्नुभयो– "उसो भए उहाँको तपाईं आफ्नै भानिज?"

"जी!"

पत्रमा थियो, देवकोटाजीसँग एउटा अनुरोध। उहाँका लघु कथासङ्ग्रह गर्ने साधन एवम् अनुमति। श्री ईश्वर बरालको सम्पादनमा।

"मैले लेखेका कथाहरू त कता छन् कता!", सम्झेझैं गरेर उहाँले फेरि भन्नुभयो। "खस्याङखुसुङ लेख्थें, बसीबियाँलो गरेर, त्यो पनि काशीबाट आएदेखि त स्थिति नै मिलेको छैन। देखिहाल्नुभो होला?", चारैतिर कोठामा औंला नचाइदिनुभयो। यो नग्न सत्यताको सहाराले मेरो मनको मैलोपन जम्मै पखालिदियो।

"खोजखाज गरेर" ...म भन्दै थिएँ। उहाँ हाँस्नुभयो। "कहाँ...? प्रकाशकी आमाले लखेर पैसा आउने होइन भनी अस्ति झन्डै फालिदिएकी। बल्लबल्ल केही उम्काएर छोराले राखेको छ। कागज, कलम मसी जम्मैमा कर्फ्यु पो लागेको छ।"

मलाई खिन्नतासाथ हाँस्नै पऱ्यो किनभने उहाँ आफैं हाँसिरहनुभएको थियो।

"तपाईं बनारस जाने?", सोध्नुभयो।

"मानिस जाने छन्, चार–पाँच दिनमा। उनकै हात पठाउन पाए असल हुने थियो।"

"ठीक भन्नुभयो।"

"एउटा चिठी त आजै पठाउँदै छु। तपाईंको पनि केही...।"

"हुन्छ...हुन्छ..." स्वीकार गरेर उहाँले डसना पल्टाउनुभयो।

फुलमार चुरोटका ठुटा कमसेकम २७ जति होलान्, डसनाको कापमा। एउटा झिकेर मतिर हेर्नुभयो। खल्तीबाट सिङ्गो चुरोट एवम् सलाई झिकेर मैले उहाँलाई दिएँ। असल चुरोटलाई ओल्टाइपल्टाइ हेरिदिंदा मलाई त्यस बखत आफैंमाथि लाज लाग्यो, किनकिन! चुरोट सल्काएर उहाँले आफ्नो अनुसन्धान जारी राख्नुभयो। अन्तमा निराश भएर मतिर हेरी भन्नुभयो– "तपाईंसँग कलम छ?"

बानीले होला, दाहिने हात झट्ट माथिल्लो खल्तीमा पुगिहाल्यो तर अपसोचसाथ मैले भनें– "छैन, घरमा छुटेछ।" थाहा छैन, कुन कुनाबाट कान्छी औंलाजत्रो सिसाकलम झिकेर उहाँले अगाडि राख्नुभयो। त्यो पनि नतिखारेको।

"चक्कु छ?"

“...आजकलका ठिटा कहाँ खल्तीमा चक्कु हालेर हिंड्छन् र!” ओढ्ने छोडेर उहाँ उठ्नुभयो। अनि देखें– महाकविको सच्चा रूप। जिउमा सिर्फ एउटा धोती छ। न भोटो, न गन्जी, न कमिज।

केही नपाएर होला, उहाँ त्यसै फर्कनुभयो अनि ईश्वरीय औजारले सिसाकलम ताछ्न लाग्नुभयो, दाँत एवम् नङ्ग्राले। बीचबीचमा कुरा हुँदै थियो। उहाँ आफैँ बोलिरहनुभएको थियो। मेरो त घाँटीभित्र आगो जलिरहेको थियो।

“नरेन्द्रजीकहाँ बनारसमा बडो आनन्दमा थिएँ। तर के जन्जालमा आउनु लेखेको रहेछ।”

दाँतको एक झोंकले सिसाकलम भाँचियो। लेख्ने एउटै उपाय थियो, त्यो पनि...। आज चिठी नलेखिने होला भनेर म निराश भएँ। तर कविजीले सिसाकलमको काठ झिकेर आखिर एक इन्च लामो सिसाले मात्र लेख्न लाग्नुभयो। औंलामा हराउने त्यति सानो सिसाले पनि लेख्न सम्भव हुँदो रहेछ भनेर मैले जीवनमा पहिलोचोटि थाहा पाएँ।

मेरा आँखामा खपी नसक्नु आँसु भरिए। मैले साचें– नेपालका महाकविको आज यो दशा छ। एउटा बर्नार्ड शा छन्, जसका प्रत्येक शब्दको मोल एक रुपियाँ छ र एउटा देवकोटा छन् जसका... साँच्ची, नेपालीहरू मानिस चिन्दैनन्। नेपाली कलाको पूजा गर्न जान्दैनन्। आफ्नो गौरव पनि बुझ्दैनन्। थाहा छैन, मेरो मनले कत्ति सराप्यो। कत्तिको दुःख पायो। आफ्नो सफा लुगासँग मलाई आफसेआफ घृणा लाग्यो। मेरा असल कलम, घडी, बिलायती जुत्ता... छिः मलाई आफूदेखि घृणा लाग्यो।

त्यो चिठी त आज मसँग छैन। तर त्यो बहुमूल्य चिठीको केही वाक्य म अहिले पनि झलझल सम्झन्छु– “महाशय, मलाई अहिल्यै माघपुस लागेको छ। माघको झरीमा झैं मेरो जीवन नै कठाङ्ग्री रहेछ। मन, मगजमा तुषारो जमेझैं दुःख जमेका छन्। आज मैले लेखेका साहित्य के साहित्य होलान् र?”

ऐतिहासिक यो पत्र, जसको मूल्य सन् १९५२ मा १०,००० भन्दा कम होइन... लिएर मनमनै कठाङ्ग्रिंदै म पनि बाहिर निस्कें।

मेरो जीवनमा देवकोटाजीसितको यो पहिलो भेट हो। चार–पाँच दिनपछि एकचोटि आउनु भनेकाले फेरि पुगें। स्याना बच्चाबच्ची पिठ्युँमा घोडा चढिरहेका र हाम्रा कविजी एक नयाँ कविता सृजना गरिरहनुभएको। मलाई यो देखेर आश्चर्य लाग्यो।

मानिस भन्छन्, कविता लेख्न एकदम एकान्त चाहिन्छ; कुनै किसिमको खलबल, कोलाहल हुनु हुँदैन तर हाम्रा गुरुजीको त्यस्तो परिस्थितिमा समेत लेख्ने विलक्षणता देखेर आश्चर्य लाग्यो।

“आहा! कहानी लेख्न भुसुक्क बिर्सेछु।” मनमा ठूलो आशा लिएर आएको थिएँ। एकदम निराश भएँ। गुरुजी भन्दै हुनुहुन्थ्यो, “यो एउटा कवितामा खस्याङखुसुङ अलमलिएको। सुन्नु हुन्छ?”

“हवस्!”

कविता थियो अङ्ग्रेजीमा– Prometheus unbound। मैले खोक्रो रबाफ नराखेर भनेको खण्डमा यो भन्नु अत्युक्ति होइन कि देवकोटाजीबाहेक अरू कसैको मुखबाट त्यो कविता सुनेको भए, म आफैँले पनि पढेको भए, मैले बुझ्ने थिइनँ। पृथ्वीमा आएको प्रथम पुरुषको स्वतन्त्रता लिएर रचिएको थियो त्यो कविता। आठआठ पङ्क्तिका एकएक भर्स, साथै फ्रि भर्समा त्यसको नेपालीकरण। पङ्क्तिको पङ्क्तिमै। त्यसमा अनौठो प्रयोग जुन गुरुजीले गर्नुभएको थियो, त्यो हो नेपालीकरण पनि आठै पङ्क्तिमा। फेरि यो पनि होइन कि एक भर्सलाई लिएर त्यसको सीधा अनुवाद। अङ्ग्रेजीमा आठ लाइन, नेपाली आठ लाइन। अङ्ग्रेजीको जुनसुकै लाइनसँग नेपालीको उही नम्बरको लाइन मिलाउनु उही रूपमा। फेरि कतै नमीठो भए पनि एउटा कुरा। ...यदि मैले यहाँ यो भने भनें कसैले पत्याउँदैन होला तर त्यो कविता प्रकाशित भएको खण्डमा गुरुजीबाहेक

त्यसलाई राम्ररी पढाउन सक्ने र त्यसको पूर्ण मीमांसा दिन सक्ने मानिस बिरलै होलान्, कमसेकम यो २५ वर्षयता। यो कविता अहिलेको नेपाललाई होइन, २५–५० वर्षपछिको नेपाललाई हो।

"तपाईंलाई कस्तो लाग्यो ?", गुरुजीले सोध्नुभयो।

"खै गुरुजी, मैले पत्ता पाउन सकिनँ, मलाई कस्तो लाग्यो ! लाग्छ, हामीलाई त्यस बेला, जब हामी राम्ररी तहमा पुग्छौं। मलाई कविता त अनौठो लाग्यो तर त्योभन्दा अर्कै कुरा अनौठो लाग्यो, भनूँ ?"

"आम्मै, भन्नुस् न !"

"तपाईं असमयमा जन्मनुभएछ पो भन्ने लाग्यो। तपाईंजस्ता मानिसका लागि नेपाल बनिसकेको छैन !"

गुरुजी हाँस्न थाल्नुभयो। "तपाईंले त मलाई मानिसै ठान्नु भएन। मेरो भनाइ कवितामा पो छ।" म पनि हाँसें। अनि सम्झें– "भोलि मानिस बनारस जाँदै छ।" भनें– "भोलि पनि कहानी पठाउन पाइएन भने...।" बोल्दाबोल्दै रोकिएँ के भनूँ भनेर।

"कति बज्यो हेर्नुस् त ?"

"छ बज्न लाग्यो।"

"भोली कुन बेला मानिस जाँदै छ ?"

"बिहान नौ बजेतिर।"

"तपाईंलाई कतिवटा कहानी चाहिने ?"

“विभिन्न किसिमका १०–१२ वटा र १२ भयो भने छानेर १० वटा सङ्कलन गर्न सकिन्थ्यो।”

“१२ कहानी... १२ घण्टा...” गुरुजी सोच्न लाग्नुभयो। नबुझेर म आश्चर्य मानिरहेको थिएँ। एकैछिनपछि भन्नुभयो, “यसो गरूँ, आज तपाईं यहीं बस्नोस्। म बोल्दै जान्छु, तपाईं लेख्दै जानोस्। बिहान ६ बजेसम्म कसो नसकिएला। हुन्न? थाक्नु त हुन्न हगि? भोलि बिहान कहानी जम्मै पुऱ्याई दिनेछु।”

यति सजिलोसँग यो कुरा भनिएको थियो कि मैले पहिले यसको माने नै बुझ्न सकिनँ। जब बुझें अकमकाएँ। रातभरि एक थलामा बसेर लेख्नु रे... न खानु न पिउनु रे... र फेरि घरमा भाइहरू बिरामी!

“यसो त कसरी...”

“मकहाँ बस्न तपाईंलाई केही आपत्ति छ? यहीं खानुहोला, नमीठो भए पनि!”

“खान त केही छैन तर रातभरि... घरमा बिरामी छन्।”

“उसो भए जुन बेलासम्म सक्नुहुन्छ लेखूँ अनि सकिएको कहानीचाहिं लैजानुहोला!” इन्कार गर्न सकिनँ, थालें लेख्न ६ देखि १० बजेसम्म। ४ घण्टामा ५ कहानी लेखियो। महाकविको शक्तिको परिचय मैले त्यस बेला पाएँ। हामीलाई जीवनका आफ्ना घटनाहरू सुनाउँदा बीचबीचमा अड्नुपर्छ, उहाँ भने कल्पनाको आधारमा कसरी नयाँ प्लट, नयाँ शब्द एकदमै नदोहोऱ्याई, काटकुट नगरी, नअकमकाई भन्दै जानुहुन्छ, कुनै किताब पढेझैं। सायद त्यसभन्दा पनि छिटो मैले सर्टह्यान्ड जानेको भए वा रेकर्डिङ गर्ने मसिन भएको भए, मलाई आशा छ र विश्वास पनि, त्यस चार–पाँच घण्टाको अवधिमा १२ वटै कहानी लिएर आउने थिएँ।

त्यस बखत बटुलिएका, म यहाँ जानीजानी 'बटुलिएको' शब्द भनिरहेको छु किनकि भण्डारमा चामल बटुलेझैं लागेको थियो मलाई। त्यस बेलाका कहानीहरूमा 'मधुराषोढशी' र 'चिनियाँ प्रेमी' उल्लेखनीय छन्।

फर्कने बेलामा कागजको एउटा मुठो अगाडि राखेर गुरुजीले भन्नुभयो– "मकहाँ हराउनेछन्। जो पनि आउँछ लैजान्छ, हराइदिन्छ। यी अलिकति गद्य र कवितासङ्ग्रह छन्, आफूकहाँ सुरक्षित राखिदिनोस्। तपाईंकहाँ भो भने हराउनेछैनन्।"

घर आएर पोको फुकाएर पढ्दै गएँ– निद्रा मारेर! तिनमा उल्लेखनीय छन्– 'On smoking', 'Existence of God', 'Indian Summer Cloud' र कवितामा 'Lord Krishana' र 'God' इत्यादि।

ती सायद अहिले प्रकाशन भएका छैनन् तर जब प्रकाशन हुनेछन् अनि हामीले थाहा पाउनेछौं, अङ्ग्रेजी भाषामा पनि देवकोटाजीको कति प्रवाह छ!

देवकोटाजीको प्रभाव परेर होला, म उहाँका कृतिहरू खोजीखोजी पढ्न थालें। तिनताक 'मेरो कोठा' भन्ने कविता छापियो। मैले त्यस धारा प्रवाहको पहिलो भेटमा के देखें हुँला, त्यति राम्रोसँग गुरुजीले आफ्नो कोठाको र साथै त्यस कोठामा बस्नेहरूको कति सजीव चित्रण गर्नुभएको छ। कविताकै बोलीमा–

*१. छ–पन्ध्र सात*
*कोठरी एउटा दक्षिण मैतीदेवी फाँट*
*सेतो कमेरो भित्तामा, लिउनहरू नाङ्गी किरमिर*
*उत्तरमा टालेको लिउने कोठाको ढोका, कालो,*
*चिराफाटादार*
*तिनौटा बामुन्ने झ्याल*
*एउटा दराज, खापाबिनाको*

*राता बार भएका पहेंला दलिन, सङ्ख्या एक्काईस*
*अगाडि पूर्वमा सेता कठबार*
*बीचमा बिजुलीका प्वाल,*
*शक्तिहीन बिजुलीको तार... झिंगामल झिगाभल*
*दराज झ्यालमा खजमज खोसेल्टा,*
*किताबहरू छरबर बाङ्गाटिङ्गा,*
*रातो माटो गोबर एक बित्ता उठ्छ*
*कालो धर्के सतरउन्जाउपर मसी टाटे...*
*एक छेउमा ब्लाकबोर्ड बामुन्ने हरियो फ्रेममा*
*किरमिरकिरमिर*
*चुरोट ठुटा, फूलमारका राता बट्टा धुजा*
*आधी फुटेको मकल नजिक, खरानीखरानी झार*
*भुवालु–*
*बने बाटुला चकटी दुई*
*टालिएको कालो बेपालिस खटियानेर,*
*पश्चिममा डसना, मैलो खरानीदार तन्नामनि*
*भेडा गलबन्द, कलमहात म,*
*स्वानइन्क आधा घेप्ट्याई, डल्ले कलमले ठुटे लेख्दछु*
*उसको बयान*
*डेढ बित्ता अब मधुरो घाम*
*दक्षिणी वातायनको लामो प्रतिविम्ब बनीकन आउँछ,*
*आशा जस्तो झूठो गरीबको,*
*आधा उघ्रँदो आकाशबाट हिजोको रुन्चे*
*पौषमासी, दश बज्दा*
*एउटा बालक अढाइ महिनाको, बायाँतिर सुत्दछ थाङ्नामा*
*ढोकाको कुनाका मैलो टेनिस जुत्ता,*

*बाहिर जान रोकिएभैंं हेर्दछ ढोकातिर...*
*शान्त छ वातावरण...*
*आज भिंगा छैनन्... एउटासिवाय*

*२. यो सब मेरो आर्थिक सामाजिक प्रबन्ध*
*यो आदर्श जीवनको सपना*
*यो कविकुञ्ज*
*मेरो असीम शक्तिको 'अहम् ब्रह्म'को 'हुङ्कार'*
*मेरो सङ्घर्ष, समरको परिणाम*
*यो भविष्यलाई औंताली...*
*यो मेरो विश्वसुधार...*
*यो मेरो कलाको चेत,*
*जीवन, कमाइ, व्यापार...*

*३. पीली पुड्की, कोरा न्यानी*
*जीवन सँगिनी मकले नानी*
*जोसँग कबूल गरीकन जीवन*
*देख्थ्यो सानो स्वर्गको सपना*
*लुगलुग काँपी हेर्छिन् विपना*
*सपनाको खण्डहरउपर,*
*यसो भोक्री, बोक्री, चोक्री,*
*निर्मोहनीको मैलो बूढापातिर परिणत दुःखभैंले ठोक्री*
*फुटेको मकलतिर अलि कोक्री*
*बराबर चिम्लन्छिन् तिनी एउटा नजर*

*४. मानो एउटी बट्टाई*

*व्याधाको करमा निराश*
*धूत मान्छे! के तेरो सुधार यही!*
*सुक्खा ओठ, सारङ्गी,*
*हिंहिं उदास?*

*५. तानाशाही रोटीलाई जीवन, जीवन, जीवन*
*ए माकुरी! सुकिस् अब जिन्दगी*
*हल्लाइरहेछ हावाले मरीकन*
*फू जा भन्दे, किन झुन्डेको?*
*जगत् कसिङ्गरमा*

*६. यत्ति हो*
*त्यो इन्द्रेणी जसलाई पुज्थ्यौं*
*यत्ति हो– धर्म, कर्म, सिद्धान्त, प्रयास*

*७. यत्ति हो*
*पागलको सपना,*
*सद्देको विपना,*
*किन यसमा तालु ज्यादी?*

*८. अथवा ठन्डा हुन्छ थुरथुर ज्यादी?*
*यो बहुलट्टीको पाटी हो,*
*यो बोकोको साँढपनाले, खुकुरीलाई सिङले हाल्दो,*
*अँवा चपाई घाँसफिंज,*
*एक नपाइने सत्य भनेको पारसको बहुला खोज–*
*केवल गिदी बाफ, गिदी बाफ*

*ओठ चलाउनु, फोक्सो खलाँती,*
*ध्वनि निकाल्नु पागल, बहुलट्टी, बेइज्जत,*
*धत्, धत्–*

*९. या किङ्कडको कथालाई खरानीले छोप्–*

*१०. दुःखले पागल कानहरूलाई नसुना, नगोप्!*
*एक दिन कुरकुर, एक दिन कुरकुर*
*भटमास चना, भटमास चना,*
*नासमभ्कका दाँत देखाई, ऐया, आँसु*
*यो बहुलाको जग रचना–*

*शारदा १६ : ९ (पौष, २००७)*

त्यही कविताको एक प्रति शारदाका साथ आफ्ना प्नि एक–दुई गद्य काव्य लिएर म गुरुजीकहाँ पुगें। बडो भारी छलफल भयो, मेरो एउटा कवितामाथि। त्यसको शीर्षक थियो– 'म पूजा गर्न जान्दिनँ, जाने पनि गर्दिनँ, सके पनि गर्दिनँ'। त्यसमा मैले यो देखाएको थिएँ कि आत्माको मुक्तिलाई मूर्ति पूजाको पथ एउटा रुढीवादी व्यर्थको सामाजिक ढोंग मात्र हो। ईश्वर जब सर्वव्यापी छन् भने उनलाई हृदयले चाहेको रूपमा किन नगर्ने? गुरुजीको भनाइ थियो– आत्मालाई बलियो पार्न मूर्ति पूजा गर्नु स्वभाविक नै हो किनभने मुक्तिपथमा मानिसको यो पहिलो कदम हो। उहाँले दृष्टान्त दिंदै भन्नुभयो, केटाकेटीले कुनै भाषा पढ्दा पहिले क, ख, ग, घ, ङ वा ए. बी. सी. पढ्नै पर्छ। त्यो अक्षरलाई बुझिसकेपछि क्रमशः ऊ आफ्नो विचार फैलाउँछ, स्वतन्त्र रूपले अनि पो पछि ऊ सोच्न सक्ने हुन्छ। अब त्यही केटाकेटीलाई अक्षर चिनाएर हामीले स्वतन्त्र सोचोस् भनी छाडिदियौं भने उसको सोच्ने शक्ति नै बढ्नेछैन..."

सम्झाउँदै गएर अन्तमा उहाँले भन्नुभयो, “ईश्वरको स्यानो माटोको मूर्ति ईश्वर नै होइन, जसरी कि भाषाको स्यानो क पनि सम्पूर्ण भाषा होइन; तर त्यही मूर्तिले एक दिन पुज्नेलाई ईश्वरको विराट् रूपको दर्शन दिन्छ, जसरी कि भाषाले साहित्यको! भाषा जानिसकेपछि तपाईं जसरी चाहे सोच्नुस्... ईश्वरलाई चाहे जसरी पूजा गर्नुहोस्... केही हानि छैन।”

त्यस बेला मैले जानें, गुरुजी कुन किसिमको आस्तिक हुनुहुँदो रहेछ। मैले यहाँ समय र स्थानाभावले जम्मै छलफल त विस्तारपूर्वक दिन सकिनँ, यसमा खेद छ। कुनै दिन श्री लक्ष्मीप्रसाद देवकोटाको जीवनगाथा लेख्ने अनुकूल मिल्यो भने छुटाउनेछैन। तर मलाई यो भन्न लाज छैन कि म गुरुजीको व्यक्तित्वले प्रभावित भएर फर्के। फर्कने बेलामा मैले गुरुजीलाई भनें, “मलाई पनि आफ्नो बाटोमा चेला बनाएर डोऱ्याउनुहोस् न गुरुजी!”

उहाँले हाँसेर भन्नुभयो, “तपाईंले आफ्नो बाटो पैल्याई सक्नुभएको छ। मलाई भेट्न किन फेरि फर्कने मेहनत गर्नुहुन्छ!” मैले कर गर्दा उहाँले भन्नुभयो, “हेर्नुस्, नाइँ भनेको कारण यो हो कि तपाईंको आफ्नो शैली, आफ्नो विचार, आफ्नो प्रवाह बनिसकेको छ। त्यसलाई बिगारेर अर्को शैली, विचार र प्रवाह गर्दा समय र शक्तिको फजुल खर्च हुन्छ। फेरि शङ्कर, शङ्कर नै हो र देवकोटा, देवकोटै। दुइटाको आआफ्नो महत्व रहन दिनोस्। समयको फजुल खर्च नगर्नुहोस्।” र उहाँ हाँसिदिनुभयो। म पनि हाँसे, करै लाग्यो।

अनि योचाहिं हालसालको कुरा : सल्लाहाकार समितिमा गुरुजीको नाम मनोनित भइसकेको थियो। र, उहाँ राजनीतिमा पैडिरहनुभएको थियो। एक दिन मौका पारेर मैले सोधें पनि– “होइन गुरुजी! यो राजनीतिमा तपाईं कसरी आउनुभयो?”

गुरुजीले आफ्नो जीवनगाथा सुनाउँदै भन्नुभयो, “राणाशाहीको विरोधमा मेरो मन पहिलेदेखि लागिरहन्थ्यो!” र, दृष्टान्त दिंदै उहाँले भन्नुभयो, “सन् १९३० मा बी.ए. फाइनल जाँच दिएर घर फर्केको मात्र थिएँ, केही साथीहरूले पब्लिक लाइब्रेरी (जनपुस्तकालय) खोल्ने विचार गरेर बनाएको कार्यक्रममा सही गराए। त्यसको करिब १

(डेढ) महिनापछि एक दिन भात खान लाग्दा त्यस बखतका प्रधानमन्त्री महाराज भीमशमशेरको आठपहरिया आएर समातेर लग्यो। र राताराता आँखा गरेर महाराजले हामीलाई ३–३ वर्षको जेल सुनाए। त्यस बखत मेरो ब्रह्मक्रोध जाग्यो तर केही गर्न सकिनँ। आखिर कसोकसो कुरा बहेर १०० रुपियाँ जरिवाना र १२ वर्ष जनहितको कुनै किसिमको काम नगर्ने कागज गरिदिएपछि हामीले छुटकारा पायौं। हामीले त्यस बखत त्यही उपाय नै सर्वश्रेष्ठ ठहरायौं। ...बी.एल. पास गरेर आएपछि मैले जब दिनको १२–१६ घण्टा ट्युसन गर्न थालें अनि त्यस बखत आफ्ना विद्यार्थीलाई सम्झाउन थालें कि नेपालमा प्रजातन्त्रको कति आवश्यकता छ। मेरो राजनीतिक जीवन त्यस बेलादेखि नै शुरु हुन्छ।”

मैले सोधें, “के राजनीतिक जीवनले गर्दा, मेरो भनाइ अहिलेको जस्तो सक्रिय भाग लिएको खण्डमा, तपाईंको साहित्य र जीवनलाई हानि हुँदैन?”

उहाँले भन्नुभयो, “राजनीति केमा छैन? के हामीले सधैं खाइरहने दालभातमा, आफ्ना अर्कै रूपमा राजनीति छैन र? राजनीति साहित्यमा पनि त हुन्छ। असलमा, साहित्य र राजनीतिको उठान एउटै हो– जब मानिसलाई वर्तमान परिस्थितिबाट वाक्क लाग्छ र ऊ क्रान्ति, एउटा नयाँपन, एउटा चेन्ज चाहन्छ या यसो भनौं, आफ्ना वरिपरिको फोहोरबाट ऊ अघाउँछ र सफाइ चाहन्छ, त्यस बेला उसको मनमा त्यो सफा गर्ने प्यास आउँछ– कोही कुचो लिएर आफैं बढार्न थाल्छन्। बाटो देखाउने साहित्यिक र काम गर्ने राजनीतिक कार्यकर्ता। तर ध्येय दुइटाको एउटै र इच्छा दुइटैको एउटै हो!”

मैले सोधें, “दैनिक जीवनको स्तरबाट नउठेर साहित्यिक जब समाजमा सानासाना कुरामा र दैनिक राजनीतिमा अलमलिन्छ, त के उस बेला अमर कृतिहरू संसारलाई दिन सक्छ? मेरो भनाइ ‘डे टु डे पलिटिक्स’मा लागेका साहित्यिकले कसरी सत्यम् शिवम् सुन्दरम्मा लेख्न सक्ला। फेरि गुरुजी, त्यस बखत लेखकले जब एउटा स्यानो परिधिसम्म समाजलाई डोऱ्याउने विचार गरेर लेख्छ र केही गरी समाज त्यसको पछि लागेर त्यस ठाउँसम्म पुगिहाल्यो भने त्यसै क्षण त्यो साहित्य बासी हुन्छ। जस्तो, स्यानो स्केलमा

लिएको उदाहरणका लागि म कुनै पनि दैनिक खबर कागजको सम्पादकीय दर्शाउन सक्छु। तर सेक्सपियरले लेखेका चिजहरू यस्ता छन् कि जुनसुकै समय, स्थान वा परिस्थितिमा पनि उही मौलिकता, उही मिठास आउँछ। उनले पनि त्यस बखतको राजनीतिलाई लिएर लेखेको भए उनको त्यो नाम अन्तरदेशीय इज्जत सायद हुने थिएन। तपाईंको के राय ?"

"तपाईंको भनाइ कुनै हदसम्म ठीक हो। तर मेरो भनाइ पनि तपाईंले राम्ररी बुझ्नु भएन। चलिरहेको सामाजिक जीवनलाई सलएर त्यसको सच्चा चित्रण गर्न गुण–अवगुण दुवैको आधारमा सत्यम्, शिवम्, सुन्दरम्का साथ कुनै अमरकृति दिन सकिन्छ। सेक्सपियरमा पनि त्यस बेलाको Elizabethan period को छाप छ नि, उनले त्यस बेलाको समयलाई बहिस्कार गर्न सकेको छैनन्।"

"उसो भए आजकल Propagative ideals लिएर लेखिएका लेख, कहानी, उपन्यासबारेमा तपाईंको के राय छ? जस्तो उदाहरणका निम्ति अमेरिकी साहित्य वा रुसी साहित्य।" गुरुजीले भन्नुभयो, "त्यो कमरसियल बेसिसमा गयो, त्यसमा उनीहरूले सिर्फ प्रोपोगन्डा दिन खोजेका छन्।"

मैले अर्को प्रश्न गरें, "तपाईंलाई चलिरहेको राजनीतिक विचारधारामा कुनचाहिं प्रणाली वेश लाग्यो ?" उहाँ हाँस्नुभयो।

कुरा पल्टाउँदै मैले सोधें, "नेपालीमा विशाल क्षेत्र छँदाछँदै गुरुजीले किन अङ्ग्रेजीमा लेख्नुभएको। र, लेखेर पनि अहिलेसम्म किन छपाउनु भएन ?"

उहाँले जबाफ दिनुभयो, "लेख्ने दुई कारण छन्। एक त मैले आत्मसन्तोषका निम्ति लेखें। म हेर्न चाहन्थें कि त्यतिका वर्ष अङ्ग्रेजी पढेर अङ्ग्रेजीमा मेरो कति दखल छ र दोस्रो धेरै वर्षसम्म अरूलाई अङ्ग्रेजीमा पढाउँदापढाउँदा अङ्ग्रेजी बोलीको मिठास र शब्दको भण्डारसँग मलाई एक किसिमको मोह पैदा भएको थियो।"

उहाँले हाँस्तै थप्नुभयो, "तपाईंसँग के ढाँटूँ; तिनताक सयकडा पचहत्तर मलाई अङ्ग्रेजी मोह थियो। त्यसको मतलब यो हैन कि नेपालीसँग मेरो प्रेम नै थिएन, तैपनि एउटा मोह। छपाउने कृतिहरू सायद त्यस बेलाका लागि थिएनन्।"

मैले सोधें, "नछपाईकन र स्वस्थ समालोचना नभईकन तपाईंले कसरी आत्मसन्तोष गर्नुभयो।" उहाँले जबाफ दिनुभयो, "आत्मसन्तोष गर्न अर्काको समलोचना चाहिन्छ र?" यस प्रश्नको उत्तरले म हाँसिदिएँ।

मैले सोधें, "तपाईंले नाटक, कहानी, निबन्ध र कविता सबै लेख्नुभएको छ; तपाईंलाई कुनचाहिं मन पर्छ?" उहाँले जबाफ दिनुभयो, "सायद सबैभन्दा बढी कविता। किनभने मेरो अरू लेखनशैलीमा पनि कविताको छाप परेको देखिन्छ। म कवित्वमय गद्यबाहेक शुद्ध गद्य लेख्न सक्तिनँ।" र उहाँले हाँसेर एउटा सानो अर्को शब्द पनि जोडिदिनुभयो, "समालोचक त्यसै भन्छन्।"

"तपाईंलाई आफ्नो कृतिमा सबैभन्दा प्यारो कुनचाहिं छ?"

"खै मैले कति लेखें, मलाई थाहा छैन किनकि सयकडा पचहत्तर कृतिहरू हराए र पच्चीस मलाई राम्रो सम्झना छैन। तर पनि मलाई यस्तो लाग्छ, मैले चाहेको जस्तो अझै लेख्न सकेको छैन।"

"किन?"

"सायद थिचिएर, शब्दहरूको परिधि परेर होला।"

"एउटा कुरा, आजकल तपाईंका लेखहरू पहिलेजति प्रभावशाली छैनन्, के तपाईंको जोस यो स्वतन्त्रताले झन् कम भयो?"

उहाँले हाँसेर भन्नुभयो, “मेरो पनि अहिले अन्तरिम समय छ। एउटा परिस्थितिबाट एक्कासि अर्को परिस्थितिमा पुग्दा मैले आफूलाई आफूले नै राम्ररी सम्हालिसकेको छैन। नेपाली राजनीतिझैं मेरो साहित्य पनि धमिलिएको छ र यो सङ्लो नहुन्जेल सायद म लेख्न पनि सक्तिनँ हुँला।”

“तपाईंको झुकाव कतापट्टि हुनेछ, त्यसको अनुमान गर्न सक्नुहुन्छ?”

“अहँ, तर जता झुके पनि त्यस बेला सायद केही स्वच्छन्दताले लेख्न सकुँला।”

“तपाईंलाई कुनचाहिं कविले मूल प्रेरणा दियो?”

“नेपालीमा पूज्य पिता र लेखनाथजी, अङ्ग्रेजीमा वर्डस्वर्थ र शेली।” र, उहाँले हाँसेर भन्नुभयो, “पिताजी संस्कृतमा र कहिलेकाहीं नेपालीमा काव्य रचना गर्नुहुन्थ्यो र मैले जीवनमा पहिलोचोटि संस्कृतमा काव्य रचना गरें, त्यो पनि गीताको र “पिताजीले यस्तो अशुद्ध संस्कृत पनि लेख्छन्?” भनी हप्काउनुभयो र मैले केही वर्षको विश्रामपछि पहिला कविता १६ वर्षको उमेरमा रचेको थिएँ।”

अब एउटै अन्तिम प्रश्न, “तपाईंलाई के लेख्ने इच्छा छ?”

उहाँले भन्नुभयो, “महाकाव्य! एउटा यस्तो काव्य, जस्को वर्णनशैली अभूतपूर्व र उक्ति बिलकुलै नयाँ हुन्। जस्तै, एउटी राम्री आइमाईको अनुहारलाई वर्णन गर्नुपऱ्यो भने चलिरहेकै उक्ति छ– पूर्णचन्द्र जस्ती! यो उक्ति सुन्दासुन्दा अघाइसकियो। राजनीतिमा क्रान्ति आयो, साहित्यमा पनि क्रान्ति ल्याउनुपरेको छ।”

मैले ठट्टा गरेर भनें, “यो तपाईंको पुनीत क्रान्तिअगाडिको शान्तिजस्तो भयो। अहिले तपाईं विस्फोटक पदार्थ जम्मा गर्दै हुनुहुन्छ?” र मेरो भनाइको व्यङ्ग्यमा पनि उहाँले गुलाबी रङ्ग छरेर भन्नुभयो, “जसो भन्नोस्। यस्तो विस्फोट तपाईं पनि अहिले खर्च नगरी हाल्नोस्।”

... र ... मैले देखेको र बुझेको देवकोटाजीको खाका यही हो। देवकोटाजीको त्यस महाकाव्य जन्मको प्रतीक्षा साहित्यका अरू पाठकले झैं म पनि निकै चाख लिएर गरिरहेको छु।

*प्रगति ३*

# देवकोटा : केही फ्ल्यासब्याक

बम्बै। राजभवन। राज्यपालको बैठक। झ्यालमुन्तिरै समुन्द्रको लहर छाल मार्दै छ। हामी चिया निम्त्याइरहेका छौं।

“श्रीप्रकाशजी, यो घर त एक कविलाई सुहाउँदो रहेछ!”

“किन?”

“समुन्द्रको छेउ। यहाँ बस्यो भने कविता त्यसै बन्छ। बगिरहेको पानी हेरेर कहिले पनि कोही अघाउँदैन...!”

***

मद्रास। समुन्द्रतट। देवकोटा, घिमिरे र म। जुत्तामोजा फुकाली हामी किनारमा पल्टेका छौं। देवकोटाले समुन्द्रको आचमन हामीलाई गराइसके।

“शङ्करज्यू, तपाईंलाई समुन्द्रको पानीको स्वाद थाहा छ?”

“नुनिलो हुन्छ नि!”

“कति नुनिलो, चाख्नुभएको छ?”

“अहँ!”

“लौ खानुस्! फेरि के थाहा कहिले पाइने हो!”

अँजुलीमा ओसारेको पानी चाख्न म आफ्नो मुख बाइदिन्छु। उनी एक अँजुली पानी मुखभरि हालिदिन्छन्। निश्चय नै पानी निकै नुनिलो छ। बुढेसकालमा आँसुको स्वादभैं।

हामी हाँस्छौं।

हामी यसरी पल्टेका छौं, एकएक छिनमा पानीको लहर आउँछ र पाइतला पखालेर जान्छ। हामी गफ गर्दै छौं। आकाशमा चन्द्रमा उदाउन थालेका छन्। दृश्य साह्रै राम्रो छ। तर, अब जुन लहर आयो नि, त्यसमा अलि बढी गति छ, त्यसले हाम्रो कम्मरसम्मै पखाल्न पुग्छ।

हामी झन् हाँस्छौं...

***

मद्रास–कलकत्ताको रेलयात्रा। एउटै कम्पार्टमेन्ट। ४८ घण्टा कसरी काट्ने हँ? बाहिर हेऱ्यो, रेल लाइनसँग कमल लटरम्म फुलेको पोखरीका ताँती– मिलौं लामो। सौन्दर्यको एकनासेपनले अघाइन्छ।

“आउनुस् घिमिरेज्यू, खेल खेलौं।”

“के खेल?”

“हामी चार जना छौं। एकएक पङ्क्ति कविता भनौं।”

“कुन कविता?”

“जुनसुकै होस्! सम्झेको, पुरानो, नयाँ, नभए बनाउँदै भनौं।”

"हवस्!"

"शङ्करजी, शुरु गर्नुहोस्।"

"कोल्पुको कलकल जलमा..."

तर जुन कविता बन्यो, त्यो भने कुञ्जिनीको छायासम्म बन्न पाएन...।

***

एक डिनर। पानी झमझम परी भर्खर बिसाएको। १०–१२ तिर हामी बाहिर निस्कन्छौं। आकाश निर्मल छ– तारा, तारा!

"गुरु, तपाईं कसरी? हिंडेर आउनुभएको?"

"हो।"

"हिंड्नुस्, म पुऱ्याइदिन्छु!"

"भैहाल्यो, म हिंडेर जान्छु, यस्तो रातमा, यो वेदरमा हिंड्नु मज्जा छ।" –कालो ओभरकोट लाएको, सल्किरहेको चुरोट समातेको हातले आकाश देखाउँछ। चुरोटको चमक अर्को एक तारा बन्छ– तारा ताराको आकाशमा।

भोलिपल्ट यी तारा आकाशबाट कागजमा यसरी झर्छन्–

*दुई शतकोटि दृगकन पारी कुवेर,*
*पुजारी, व्योमश्री!*
*दर्शन देऊ! मोती फूलले स्वर्गको बारी*
*ढकमक पारी,*

*मूक बनाई, सौता गी!*
*आश्चर्य मौन छन् विद्युन्माला*
*परिमण्डित रे*
*भू–नगरी!*
*वाष्पिल अनिल छ निश्चल: जिल्ल,*
*जादू स्नज*
*भै, हाइ सागरी!*
*रुन्छ जगत्को आत्मा, पातमा प्रेम गरी!*
*जलकण तारा झिलमिल पुष्कर*
*टोल्हायो!*
*शान्ति परीले पोल्टो थपाइन् उसलाई,*
*टुहुराई रत्नहरूको शोला यो!...*

*('तारा तारा'बाट)*

***

हुस्सु लागेको बिहान। एउटा मन्त्रीको मोटर ढोकामा आउँछ। घरमा हल्लीखल्ली मच्चन्छ, गार्डले बोलाउन आउँदा। (अक्सर मेरा घरमा बिहानैपख मन्त्री आउँदैनन्!)

बाहिर जान्छु।

"आउनुहोस्, घुम्न जाऊँ, छाउनीतिर!"

मोटर छाडेर हामी छाउनीको म्युजियमको बाटोमा टहलिन थाल्छौं।

"नयाँ ठाउँमा खुशी नै हुनुहुन्छ?"

“खुशी नै छु!”

“सुखी नि?”

“जे सोचेको थिएँ, त्यो गर्न सकिनँ!”

“के सोच्नुभएको थियो?”

“मलाई कवि भनेर मानिसले एड्मिनिस्ट्रेसन गर्न सक्तैन भन्ने शङ्का गर्थे। त्यो निवारण गरिदिन्छु भनेको। यस्तो Red tapism छ, के भन्नु!”

”कविता त बन्द भयो होला।”

”प्रायशः।”

“किन?”

“मानिसले फुर्सद दिए पो। दिक्क लाग्छ। उम्केर आएको एकान्तमा तपाईंसित मनका कुरा गरौं भनेर...।”

***

वागमतीको किनार। आर्यघाटको सत्तल। देहावसानको दुई दिनअघि। सहाय, सुमन र म जान्छौं। अन्तिम दर्शन गर्नेहरूको ताँती छ। जाने अनुहारमा उत्सुकता, फर्कने अनुहारमा आँसु। हामी कोठामा पस्छौं।

यही हुन् ती देवकोटा? उनीतिर हेर्दा दुई विशेष कुराले हाम्रो दृष्टि चिथोर्छ– बेसार घोप्टिएका आँखाका साकेट र तन्किएको गालाले छोप्न नसकेका दाँत! एक पर्पेचुअल प्रोट्र्याक्टेड हाँसो! त्यस हाँसोमा देवकोटाको तेज छैन, छैन त्यसमा स्पन्दन, न छ

त्यसमा अरूलाई प्रभाव पार्ने क्षमता! स्वागत गर्ने इच्छामा हात ओछ्यानमा घिस्रिने प्रयास गर्दछ– एउटा घाइते मरणासन्न वीर गोर्खाली रुखको छहारीतिर घिस्रेजस्ता। सहाय हत्केलालाई हातबीच राख्छन्।

”कस्तो हुनुहुन्छ?”

“अब त जाने बेला भो, सहायजी!”

“जान कसलाई पर्दैन देवकोटाज्यू, अघिपछिको कुरा मात्र हो!”

“जानमा मलाई केही अपसोच छैन, सबै जान्छन्, ठीक हो। तर यो वेदना, यो असह्य छ। आह! ...यो क्यान्सर पीडा। प्रमिथियसलाई सम्झिरहेछु। मेरो लिवर चिथोर्दै छ, यसरी के बाँच्नु? मैले कत्ति भनें, “अब मलाई विष देओ, म सुखले मर्छु; कोही मान्दैनन्।”

सहाय हात थपथपाउँछन् र दृष्टि छल्न बाहिर हेर्छन्।

“यो खाट मैले अग्लो बनाउन लगाएको। अक्सर उता फर्किन्छु र त्यो वागमतीको पानी बगिरहेको हेरिरहन्छु। मनलाई शान्ति मिल्छ।”

ठीक हो, झ्यालको टेबलमा राखिदिएको सिरानबाट पल्टीपल्टी नै वागमतीको प्रवाह देखिन्छ। पानी बगेको उनलाई मन पर्छ, बम्बैको राजभवन, मद्रासको सागरतट।

*स्वच्छन्दी जल कमरबन्दी टुट्छु डाँडा बेली,*
*सेती नागिनी सागर लागिन्, हाम फाल्दिछु खेली;*
*खेतलाई पन्छाई दुइटा हातले, पौडें भूतल भेली,*
*बाँकटे ली दृश्यपटमा, लहर करले ठेली... !*
*(‘बाढीकी विष्णुमती’बाट)*

*सरिताको छ सागर रोदन*
*एक सुनौली सन्ध्यापछाडि;*
*खोजी, खोजी,*
*पौडिरहेछन् जलमा क्रन्दन;*
*जलमा क्रन्दन !*
*अबोला नशा छ चिहानसरी यो;*
*कब्रउपरमा क्रन्दनसरी;*
*आँसु विन्दिव स्वर्गभरि रे*
*स्वर्गभरि !*

*(‘शाहजहाँको इच्छा’बाट)*

(यति मात्र हो, तिम्रा बाहु अब विष्णुमतीझैं सबल रहेनन्; यति हो, तिम्रो वागमतीवारि कुनै ताजमहल बनेन !)

“वागमतीको प्रवाह एकछिन यो कष्टलाई पखालिदिन्छ। जीवनको अन्तिम घडीको सौन्दर्य हेरेरै मर्न चाहन्छु।”

“हामी केही गर्न सक्छौं कि ?”

“तपाईंहरूले धेरै गर्नुभयो, मैले बरु केही गर्न सकिनँ। जेजति लेखें, त्यो त आज आएर अनुभव हुँदै छ– सब बाटो पैल्याउन गरेको अन्धप्रयास मात्र थियो। जीवनको यस बेला आएर पो म जीवनको अर्थ बुझ्दै छु। आज मैले लेख्न सके, आजको यो ज्ञान मात्र लिएर दुई वर्ष अरू बाँच्न पाए; अनि मैले लेखेको चिज केही हुने थियो। आह! मुख सुक्यो; एक टुक्रा बरफ।”

थरमसबाट बरफको टुक्रा झिकेर मुखमा हालिदिन्छु। त्यो टुक्रा जिभ्रोको तालमा मुखमा नाचिरहन्छ।

"जीवनको अन्त्यमा सायद जीवनको पर्सपेक्टिभ अर्कै हुन्छ देवकोटाज्यू! तपाईंको जीवनप्रतिको यो प्रेम नै पूर्ण जीवन द्योतक हो। मलाई खुशी छ; जीवनलाई अझ उपयोग गर्ने आकाङ्क्षा तपाईंमा मरेन। सायद यही अन्त्य सबभन्दा वेश हो कि!"

"आदि र अन्त हामी के जानौं; सहायज्यू तपाईंलाई थाहै छ–

*अव्यक्तादीनि भूतानि व्यतमध्यानि भारत।*
*अव्यक्तानिधनान्यैव तत्रका परिवेदना!!!..."*

*रूपरेखा, पूर्णाङ्क ३१*

# लेखनाथ पौड्याल

१९९७ सालमा काशीबाट काठमाडौं आएँ। बाल्यावस्था सम्पूर्ण उता व्यतीत गरेकोले यहाँ आउनासाथ नेपाली भाषा मेरो लागि परिभ्राट हुन गयो। एक वर्षभरि घरमै मेरो अध्ययनको व्यवस्था गरियो– खास गरी संस्कृत तथा नेपालीको। संस्कृतको आरम्भ 'रामः, रामौ, रामाः'बाट भयो तथा नेपालीको 'बालक बबुरो द्विज शुकनामा'बाट। कण्ठस्थ गर्ने मेरो महिनौंको प्रयासले गर्दा मलाई सुगादेखि नै घृणा हुन थाल्यो। एक शारीरिक प्रक्रिया मात्र हुन गयो त्यो पछिबाट, कविता पूर्णरूपले उद्धृत गर्न सके पनि, मन र मस्तिष्क अर्कै आयाममा हुन्थ्यो। झन्डै एस.एल.सी. पास गर्दानगर्दा पो मैले कविताको अर्थ कोट्याउन थालें। पछि, लेखनाथजीसँग व्यक्तिगत सम्बन्ध स्थापना भएपछि मात्र कविताको मर्म बुझ्न थालें। यति गहन कविता स्कुलमा किन पढाइन्थ्यो, त्यो पनि अचम्म लाग्छ, आजसम्म।

२००८ सालमा काठमाडौंबाट पाँच–छ जनाको एक जत्था करफोकमा स्कुलको शिलान्यासको निमित्त प्रस्थान गर्‍यो। त्यसमा देवकोटा, समका अतिरिक्त लेखनाथज्यू पनि हुनुहुन्थ्यो। लेखनाथज्यूका लागि त्यो प्रथम हवाइयात्रा थियो। विजयादशमीको भोलिपल्ट हामी हिंडेका थियौं। वर्षा समाप्त भइसकेको थियो तापनि आकाशमा फटफुट बादलका सेता टुक्रा थिए। हवाईजहाज कहिले ती बादलको मुनि, कहिले माथि र कहिले बीचबाट जाँदै थियो। प्रत्येक कविको यस अनुभवउपर आफ्नै उडान थियो। देवकोटा बादलको आकृतिमा भेडा र भिक्टोरिया देख्दथे भने लेखनाथज्यूलाई मेघदूतको सम्झना आइरहेथ्यो। अनायस उहाँको मुखबाट कालिदास बोल्दै थिए। अरू त मलाई सम्झना छैन, एउटा कुरा म बिर्सन्नँ। उत्सुकतावश आफ्नो सिटबाट उडेर म उहाँकहाँ गएँ र सोधें–

“कस्तो लाग्दै छ?” भन्नुभयो– “हवाइजहाज चढेपछि मेघदूत पढ्नुपर्दो रहेछ। कालिदासको विलक्षणता आज झन् स्पष्ट हुँदै छ। म त फर्केर एकपटक फेरि दोहोर्‍याउँछु उनका कृति।”

लेखनाथज्यू हाम्रो काव्यविभाजनमा पुरानामा अन्तिम तथा नयाँमा प्रथम हुनुहुन्छ। नेपाली भाषलाई परिष्कार गर्ने प्रयासमा उहाँको देन हामी कहिल्यै बिर्सन सक्तैनौं। अझ बढी महत्व पाउँछन् उहाँका कृतिहरूले, जब हामी तिनको सृजनकाललाई त्यस बेलाको सामाजिक तथा राजनीतिक पृष्ठभूमिलाई हेर्छौं।

उहाँकै शब्दमा– “मैले जुन बेला मातृ–भाषाको सेवा गर्ने उत्साह लिएर कलम उठाएथें, त्यस बखत यो हाम्रो मातृ–भाषा यत्ति चाँडो यस्तो उच्च स्तरमा पुग्न सक्ला भन्ने कुराको मलाई कल्पना पनि थिएन। फेरि उस बेला त्यस्ता अडचनहरू पनि धेरै थिए, जसले भर्खरको सिकारु लेखकलाई उत्साहित गराउनाको सट्टा नैराश्यको अँध्यारो खाडलमा नै धकेल्थे। अहिले यहाँ त्यस बेलाको सामाजिक, राजनीतिक परिस्थितिको उल्लेख गर्नु सर्वथा अनुचित देखिन्छ तापनि म यत्तिसम्म नभनी रहन सक्तिनँ कि त्यो जुग अर्कै थियो, व्यवस्था पनि अर्कै थियो। त्यसमा लेखकले मातृभाषाका उपर कलम बढाउँदा तिरस्कार, आक्षेप, खप्की इत्यादि प्रशस्त पाउँथ्यो; कतैतिरको कुनै कुनाबाट पनि सहयोग वा प्रोत्साहन पाउनु आकाश–कुसुमजस्तै दुर्लभ थियो।”

यिनै कारणले गर्दा कविमा आफूप्रति पनि आस्था उमार्ने आवश्यकता थियो। ‘कवि–कवितालाप’ शीर्षकको कविताको अन्तिम छन्द यसरी टुङ्गिन्छ–

*खुशिसित बसि मेरो लेख यो हेरी साफ*
*गुणजति लिनुहोला दोषमा पाउँ माफ*
*भनि नुहिकन सारा मित्रमा प्रीतिसाथ*
*गरदछ कर जोडी प्रार्थना ‘लेखनाथ’।*

कविताको अन्त्यपछि उहाँको उक्ति यस्तो छ–

त्यस अवस्थामा नेपाली भाषा कुन हालतमा रहेछ? सो कुराको पत्ता यस लेखबाट मिल्दछ। त्यस अवस्थामा 'पिँजराको सुगा' लेखिनु ठूलो कुरा हो। एउटा छन्द हेरौं–

*दैव! दियेथ्यौ तिमिले एक*
*बोलन सकने शक्ति विवेक*
*पाइरहेछु तेसैद्वारा*
*बन्धन, गाली, धम्की सारा।*

लामो, सेतो दाह्रीले छाती ढपक्क ढाक्ने उहाँको अनुहारमा एक तपस्वीको ओज थियो। ठमेलस्थित उहाँको घरको वातावरण एक आश्रमजस्तै। उहाँले लेखेका प्रायः कवितामा आध्यात्मिक सन्देश पाइन्छ। जस्तै– 'सत्य सन्देश'

*भर्दा भर्दै हजारौं विषयसुख घडा देह लम्तन्न पर्दा*
*झर्दा सम्पूर्ण सेखी, तुजुक पवनले निस्कने जोड गर्दा।*
*सर्दा आपस्त डर्दै परपर, धमिलो नाचको अन्त्य पर्दा–*
*गिर्दामा साथ जाने कुनकुन चिज हुन्? सम्झ ती काम गर्दा॥*

माथिको कवितामा सन्देश त स्पष्ट छ, अर्को गुण पनि स्वतः देखा पर्दछ। त्यो हो, साधारण बोलीचालीको शब्दलाई उहाँले सजिलोसँग प्रयोग गरिदिंदा त्यस शब्दको माधुर्य बढ्न जाने। उदाहरणका लागि माथि प्रयोग भएका तीन शब्द लिऊँ– लम्तन्न, सेखी तथा तुजुक। सजिलोसँग गहिरो कुरा बताउने ऋषिहरूको शिक्षणगुण उहाँको स्वभावै बनिसकेको थियो। 'कालमहिमा' कवितामा शीर्षकबाहेक 'काल' शब्द कवितामा कतै प्रयोग गरिएन– सिर्फ सर्वनाम 'त्यो' को उपयोग गरियो। यसबाट कवितामा पहिलो पङ्क्तिमै उम्रिआएको नाटकीय जिज्ञासा अन्तिम पङ्क्ति समाप्त हुँदा पनि यथावत्, अझ तीव्रतर नै भइरहन्छ। कविता हरूँ–

*भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो*
*इन्द्रै बिन्ति गरून् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो।*
*थुप्रोमा उधिनी मीठो र नमीठो छुट्टई छान्दैन त्यो*
*खाता जाँचि सबै दुरुस्त नबुझी बिर्सेर हान्दैन त्यो ॥*
*राजा, रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो*
*आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो।*
*लाखौं औषधि, अस्त्र–शस्त्र–महिमा देखेर डर्दैन त्यो*
*व्याधालुल्य लुकेर चल्दछ सदा, मारेर मर्दैन त्यो ॥*
*आँशूका दहमा नुहाउँछ चिसो पानी रुचाउन्न त्यो*
*सुक्खा जर्जर अस्थिपञ्जरबिना शय्या बनाउन्न त्यो।*
*मैलो भस्मसिवाय अङ्गभरमा केही लगाउन्न त्यो*
*हाहाकारसरी मिठो अरू कुनै सङ्गीत गाउन्न त्यो ॥*
*जोजो मिल्छ सुलुक्क निल्छ मुखमा हाली चपाउन्न त्यो*
*थाल्यो च्वाम्म सबै चपाउन भने आहार पाउन्न त्यो।*
*जत्ती निल्छ उती उकेल्दछ पनी केही पचाउन्न त्यो*
*यै चालासित कल्पकल्प कहिल्यै खाई अघाउन्न त्यो ॥*

सरल भाषा तथा शैलीमा नेपाली ठेट शब्दको पुट मरेर लेख्ने सिद्धि भएका लेखनाथज्यूमा एक अर्को क्षमता पनि थियो। उहाँ संस्कृतप्रधान काव्यलाई बीचका एक–दुई नेपाली शब्द वा क्रियाका माध्यमद्वारा पनि नेपाली कविता बनाउन सक्नुहुन्थ्यो। जस्तै–

*कैलासोपत्यकाको स्फटिकमय महावेदिमा बाघछाला*
*बिच्छ्याई, बाँधि पद्माऽऽसन, सब मनका वृत्तिमा गुप्त ताला।*
*कस्तै, सुस्तै जमाई क्रमसित उरमा बन्ध यो उड्डियान*
*निःश्वासोच्छ्वास रोकी, तन अचल गरी शैलशृङ्गै समान ॥*

*विश्वव्यापी उज्यालो हृदय–कुहरको केन्द्रमा चेत्य चित्त*
*एकै पारी मिलाई, चिति–जलनिधिमा भै स्वयम् एकछत्त*
*पूर्णऽऽनन्द–प्रकाश–स्थित शिव भगवान् भक्तिको वश्य जानी*
*गौरीझैं भक्ति गर्ला जुन जन उसको जन्म हो भाग्यमानी ॥*

हुन सक्छ, यो त्यस बेलाका पूर्ण पण्डितहरूलाई नेपाली साहित्यप्रति आकर्षित गराउन गरिएको प्रयास हो। कारण यस्तै शैलीको चाटुकारिता उहाँले आफ्ना अन्य प्रयासमा समेत झल्काउनुभएको छ।

नाटकीयतालाई काव्यगत रूपमा लेख्ने शैली संस्कृतको पुरानो परम्परा हो। राधाको ढोका घचघच्याउने कृष्ण र राधाको संवाद निकै प्रसिद्ध छ। त्यसमा राधाले कृष्णलाई जिस्क्याउन उनले आफूलाई व्यक्त गरेका प्रत्येक संज्ञाको भिन्न अर्थ लिएकी छिन्। सारा काव्य संवाद रूपमा छ। सोही शैली लेखनाथज्यूले आफ्ना काव्यमा उपयोग गर्नुभएको छ। एक प्रकारले यस कविताद्वारा दुई विभिन्न बुद्धिजीवीलाई निचल्याउने उहाँको प्रयास देखिन्छ– एक त थिए प्रकाण्ड विद्वान, अर्को थिए जनसाधारण। प्रकाण्ड विद्वान्लाई नेपालीमा यस्तो पनि सम्भव छ भन्ने उहाँको सन्देश थियो भने अर्कोतिर जनसाधारणले नबुझ्ला भन्ने डरबाट नाटकीय विधानमा सारा कवितालाई सजाएर उहाँले कविताअघि नै बुझाउने प्रयास गर्नुभयो। कविता हेरूँ–

(श्रीकृष्ण लीलाको सानु किरण)

(सुदामालाई अङ्कमाल गरी कनिकाको पोको पक्रेर प्रेमरसमा डुबेका श्रीकृष्णतर्फ हेरी)

रूक्मिणी – (आश्चर्यचकित भावले) उहाँको ?
श्रीकृष्ण – (प्रेम विह्वल भएर) प्रेमी
रूक्मिणी – (पोको देखाएर) त्यो कुन गठरी ?
श्रीकृष्ण – (सत्य भावले) सौगात गन्हुका

रूक्मिणी – (चाख मानेर) म हेरूँ (हात पसार्छिन्)

श्रीकृष्ण – (नाक खुम्च्याई) के चिन्छ्यौ ?

रूक्मिणी – (क्यै खायसी भावले) तदपि

श्रीकृष्ण – (जबरजस्ती कनिका झिकी देखाएर) तिमी खान्छ्यौ र कनिका ?

रूक्मिणी – (मुख फेरेर) छि है, त्यस्तो खाने कसरी ?

श्रीकृष्ण – (फाँको हाली चपाउँदै) यसरी गद्गद बनी

रूक्मिणी – (घृणाको भावले) माया लाग्ला

श्रीकृष्ण – (प्रेमसित अर्को फाँको हालेर) लागोस्

रूक्मिणी – (कौतुक भावले) म पनि (हात पसार्छिन्)

श्रीकृष्ण – (शिर हल्लाएर) नदिने

रूक्मिणी – (जबरजस्तीसित) दिन्नँ म पनि (हात समात्छिन्)।

यसैलाई कवितामा यस्तो रूप प्रदान गरिएको छ–

*वहाँको ? प्रमी, त्यो कुन गठरी ? सौगात गन्हुका*
*म हेरूँ ? के चिन्छ्यौ ? तदपि तिमी खान्छ्यौ र कनिका ?*
*छि है, त्यस्तो खाने कसरी ? यसरी गद्गद बनी*
*माया लाग्ला ! लागोस् म पनि नदिने, दिन्नँ म पनि ॥*

यही कुरामा उहाँको ‘शिक्षक’ र ‘भिक्षुक’मा पनि पाइन्छ। नाटकीयतालाई म यहाँ लिन्नँ तर कविता यस प्रकारको छ–

*त्यो को ? भिक्षुक हूँ, यहाँ किन पसिस् ? भिक्षा कहाँ गै गरूँ ?*
*त्यो मिल्दैन मबाट मिल्छ अरू के ? शिक्षा लिई जा बरु।*
*त्यो आफैं लिनुहोस्, मबाट तँ पनि शिक्षा मलाई दिने ?*
*यस्तै गर्व थियो र पूर्व जुनिमा ऐले भिआरी बनें।*

*त्यो फोस्रो गफ हो, अहो ! हजुरको चस्मा धमीलो किन ?*
*यो चस्मा बहुतै सफा छ, कसरी आयो त अन्धोपन ?*
*अन्धो छु म कहाँ ? यही नजरले छर्लङ्ग देख्छु सब*
*तेस्रो नेत्र उसो भए न शिवको चाहिन्न पक्का अब ।*

एक प्रकारले नेपाली आधुनिक साहित्यको दृढ शिलान्यास लेखनाथज्यूबाट भयो। सम तथा देवकोटा त्यही प्राङ्गणमा हुर्केका तर आफ्नै विशिष्टताद्वारा अलग्गिएका सन्तान हुन् । घिमिरेचाहिं गद्दी समातेर पूर्वजको प्रयास प्रस्फुटित गर्ने हुन् ।

हुन त ‘गधा बोल्छ’ तथा ‘भूतलाई झटारो हान्दा’जस्ता कविता लेखुन्जेल पनि २०१४ सालतिरसमेत देवकोटाले मातृभाषाको अवस्था रुग्ण देखे तथा निराश भएनन् तथापि लेखनाथज्यूको दिव्य दृष्टिको हामीले सराहना गर्नै पर्छ, कारण त्यसभन्दा कैयन् वर्षअघि गोर्खाली पत्रिकामा ‘सान्त्वना’ लेख्ता उहाँले भन्नुभएको छ– “यो कविता कुन अवस्थामा लेखिएको थियो, सो कुरा मर्मज्ञ पाठक वर्गको विचाराधीन छ... ।” कविताको दुई छन्द हेरौं–

*हे देवी ! जे भए तापनि हृदय कडा बज्रजस्तै गराई*
*दिग्दारी दूर सारी बस तिमि चुप भै धैर्यलाई समाई ।*
*गर्दै छौं हेर हामी अझ पनि दिनहूँ यत्न तिम्रा निमित्त*
*औताई व्यर्थ रोई किन तिमी यसरी पार्दछौ दिन्न चित्त ॥*
*बिस्तारै खोल आँखा, उदयगिरिविषे पूर्ण शोभा लिएर*
*निस्केका चन्द्रमाका सरस किरणको माधुरीतर्फ हेर ।*
*ज्यादा पर्दैन बाधा अब तिमिकन त्यो मिल्छ चाँडै प्रकाश*
*यो पक्का जान छोटो मन गरी यसरी धैर्यलाई ननाश ॥*

यिनै कारणहरूले गर्दा लेखनाथज्यूले आफ्नै जीवनमा यस्तो एक सम्मान पाउनुभयो, जो आजसम्म कुनै देशमा कहिल्यै पनि कुनै कविले पाएन। त्यो उहाँको जन्मदिनका अवसरमा रथमा राखी प्रधानमन्त्रीलगायत सारा कवि–लेखकले तानेर उहाँले गरेको नगरपरिक्रमा।

आफ्नै जीवनमा आफ्नो उचित सम्मान पाउनु, कवि–लेखकका लागि आकाशकुसुम हो। त्यो कुसुम उहाँको चरणमा नेपालले सर्वप्रथम राख्यो– त्यो कम गौरवको कुरा होइन।

यही आकाङ्क्षा प्रतिध्वनित भएथ्यो, उहाँका निम्नलिखित पङ्क्तिहरूमा–

*...बडो धीर विद्वान् बडो बुद्धिमान*
*फलानू छ भन्ने चलाऊ बयान...*
*...यता भिक्षुदेखि उता भूपसम्म*
*सबैको बुझूँ कर्मको तारतम्य...*

# विश्वेश्वरप्रसाद कोइराला

हाम्रो प्रथम परिचयको दिन जीवनमा कहिल्यै नबिर्सने गरी महत्वपूर्ण छ। त्यो हो, ३० जनवरी १९४८– महात्मा गान्धीको हत्याकाण्ड भएको दिन। म र मेरा एक जना साथी सागरदत्त कोइराला काशीबाट पटना जान हिंडेका थियौं। हामी दुवैका निम्ति पटना एकदम नौलो थियो। विश्वेश्वरजीको नाउँको एक–दुई परिचयपत्रको भरमा हामी दुई बजेको ट्रेन चढेका थियौं। अभागीहरू! ट्रेनको झ्यालबाट धानको खेतीतिर हेर्दै विश्वेश्वरको रूपरेखा एवम् स्वभावको हामीले जुन कल्पना गरेर समय बिताउने प्रयत्न गरेका थियौं, त्यो सबै त पटनाको जक्सनमा प्लेटफर्ममा ओर्लनासाथ हावा भयो। हामी ट्रेनमा छँदै बापूको मृत्युको समाचार प्रसारण भयो र हामीले आफूलाई नयाँ ठाउँको स्टेसनमा कुली, टाँगा, मोटर, रिक्सा, पसल, गाइड प्रत्येक वस्तुरहित निराधार एवम् निस्सहाय पायौं। वरिपरिका हरेक मानिसको मनमा दङ्गाफसादको सम्भावना थियो– कारण त्यस बेलासम्म हत्यारा हिन्दू हो अथवा मुसलवान, त्यो जानिएको थिएन। कुन मुसिबतमा एउटाले ट्रन्क र अर्कोले गुन्टा बोकेर पटनाको राजपथमा कोजीनुक, ब्याङ्क रोड खोज्यौं होला– त्यसको कल्पना गर्दा आज पनि रौं ठाडा हुन्छन्। कोही कसैसँग बोल्न नचाहने, मानिसमानिसबीच एउटा अदृश्य भय, शङ्का र अविश्वास थियो– सायद त्यस पिचरोडमा टिलपिल गर्ने सडकको बत्तीबाहेक सबैतिर अन्धकार थियो। वातावरणमै त्रास थियो।

विश्वेश्वरजीका बारेमा हामीले बनाएको कल्पना र उत्साह सब पखालिए– परिश्रमको पसिना र डरको धडकनमा। कोजीनुकमा मृत्युको शान्ति थियो। हामी पुग्यौं। नोकरको हात सामान कोठाका पुऱ्याउन लगाएर हामी सँगैको बङ्गलामा वकिलसाहेब खोज्न

पस्यौं। कुनै अर्कै वकिल परिवार रहेछन्। आँखाभरि आँसु सबैका, भोक्रिएका र जिज्ञासारहित। हामीलाई हेरेर पनि कसैले को, किन, कहाँ? सोधेन। मानौं, हामी त्यस बैठकमा पस्नु अर्थरहित थियो। यस्तो भान भयो, मानौं रेडियोबाहेक अरू सबै चिज निष्प्राण एवम् निर्जीव छन्। नेहरू बोल्न थाले: ...The light has been gone an I find darkness everywhere. त्यसै बेलातिर ढोकामा उभिन आयो एउटा यस्तो मानिस, जसका निम्ति हामीले १७१ माइलको यात्रा गरेका थियौं। कसलाई थाहा थियो, हामी दुई जनाका निम्ति यस क्षण नेहरूको उल्टो भावना मनमा उदायो। ...The light has come and I find darkness nowhere. हाम्रा निम्ति त्यस बेला विश्वेश्वरजी नै त्यस घडीको आशाबिन्दु हुनुहुन्थ्यो। त्यस दिन एकै घरमा बसे पनि हाम्रो राम्रो बोलचाल भएन। भेट भयो र उहाँले भन्नुभयो– "अब आज के कुरा गर्ने, भोलि कुरा गरौंला!"

दुब्लो, अग्लो, गोरो, साँच्चि भनूँ भने प्रथम परिचयमा उनको कुनै यस्तो व्यक्तित्व झल्केन कि हामी प्रभावमा परौं। उनमा मैले एउटा खास कुराको अनुभव गरेको छु कि दुःख, आपत् अथवा कष्टमा विश्वेश्वरजी आफ्नो अनुहारमा यस्तो एउटा आवरण हालिदिनुहुन्छ कि वास्तकविकता बेपत्ता हुन्छ। मेकानिकल मुस्कान तथा लापरबाहीलाई जसले नजिकबाट अध्ययन गरेको छैन, त्यसले सोच्तछ कि उनी कठोर र क्रूर छन्। तर फेरि जसले उनलाई दङ्ग परेर खुला दिलले हाँसेको देखेका छन्, उनी जान्दछन् कि विश्वेश्वरमा बालचपलताझैं एउटा नरमिलो कुना पनि छ। आफूलाई खोलेर हाँस्ता उनी दुवै हात अगाडि लगेर फरक्क पल्टाएर, तस्वीरमा अथवा झ्यालबाहिर हेरिरहन्छन्– हाँसुन्जेल। हाँस्न सकेर फेरि श्रोताको मुखमा उनको नजर फिर्दछ।

यसरी हाम्रो परिचय भयो। दुई दिन साथ बस्यौं। तेस्रो दिन साथै काशी फर्क्यौं। रेलको डिब्बामा हामीले त्यस बेलाको राजनीतिक परिस्थितिबारेमा निकै कुरा गर्‍यौं। मलाई थाहा थिएन कि विश्वेश्वरजीलाई जोसमा ल्याउन हुँदो रहेनछ र सकेसम्म छोटकरी कुरा गर्नुपर्दो रहेछ। यसैबीचमा एकचोटि ठूलठूलो स्वरमा हामी बहस गर्दै थियौं– अकस्मात् उहाँको घाँटी ख्याप्प बस्यो। साथको ह्यान्ड ब्यागबाट गोली र थर्मसबाट एक

गिलास पानी लिएर उहाँले त्यो औषधि खानुभयो। अनि मेरो अनुहारमा फैलिएको आश्चर्यलाई सोहोर्दै भन्नुभयो– "यो क्यान्सर आजकल फेरि बढेको छ। डाक्टरले धेरै नबोल्नु भनेको थियो; माफ गर्नोस् है!"

त्यस बेला मलाई माया लाग्यो। त्यही वर्ष जब केही महिनापछि नै मलाई एक जना आत्मीयलाई लिएर बम्बैमा क्यान्सरको औषधि गर्न जानुपऱ्यो र मैले टाटा मेमोरियल हस्पिटलमा क्यान्सरपीडित रोगीहरू देखें, मेरो माया उनीप्रति झन् बढ्यो। पछि, क्यान्सरबाट मेरै पिताको जब दुःखद मृत्यु भयो– मेरो उनीप्रतिको माया कहिल्यै पनि नटुट्ने गरी स्नेहमा परिणत भयो।

त्यसपछि समयले हामीलाई कहिले ज्यादै नजिक ल्यायो, कहिले टाढा हुत्याइदियो। हुन सक्छ, विश्वेश्वरजीको आँखाले मलाई कलेजको विद्यार्थीबाट सरकारी नोकर अनि पछि एउटा लेखक भइटोपल्दा आश्चर्य मान्यो होला। मैले पनि आश्चर्यसाथ उनीमा धेरै परिवर्तन देखें। म जसरी राजनीतिबाट किनार लागें, त्यसरी नै उनी राजनीतिमा हेलिए।

***

...हिजोचाहिं भेट्न गएँ। यही लेखको सिलसिलामा राजनीतिक विश्वेश्वरलाई होइन, कथाकार विश्वेश्वरलाई अलि राम्ररी चिन्नुपरेको थियो।

मेरो पहिलो प्रश्न थियो, "तपाईंको साहित्यिक जीवन कहिलेदेखि शुरु हुन्छ?"

जबाफ दिनुभयो, "सन् २९ देखि।"

मैले मनमनै गुनें– मेरो दुई वर्षको उमेरदेखि। चौबीस वर्ष भएछ।

"चौबीस वर्षको यो लामो अवधिमा तपाईंका कथाका रूप एवम् शैली देखेर नेपाली साहित्यमा तपाईंले निकै नै दान पो दिनुपर्ने! खै, उस्तो केही देखिँदैन!"

"मैले त पहिले हिन्दीमा लेखें। नेपालीमा धेरै पछि लेख्न थालें।"

मैले सोधें, "मूल प्रेरणा तपाईंले कसका लेखनीबाट पाउनुभयो? कृपया हिन्दी, अङ्ग्रेजी र नेपाली तीनै दिशातिर प्रकाश डाल्नुहोस्।"

"अङ्ग्रेजीमा त भिक्टर ह्युगोका उपन्यासबाट। पहिलेपहिले म उनका कितापहरू अति चाख मानेर पढ्थें। हिन्दीमा भने प्रेमचन्दजीबाट। तपाईंलाई सायद थाहा छैन होला, प्रेमचन्दसँग मेरो व्यक्तिगत परिचय थियो। उनकै भनाइमा मैले आफ्नो जीवनमा सर्वप्रथम कथा लेख्न थालें। प्रेमचन्दजी तिनताक 'हंस'का सम्पादक हुनुहुन्थ्यो। मेरा प्राथमिक कथाहरू 'हंस'मा नै छापिएका थिए। सायद तिनको नाम 'घोसला', 'पथिक' इत्यादि थिए। नेपालीमा भने सन् १९३६ तिर श्री सूर्यविक्रमजीको सल्लाहबाट लेख्न थालें। त्यस बेला नेपालीको मेरो प्रथम कथा 'चन्द्रवदन' छापियो।"

मैले अर्को प्रश्न गरें, "अँ! राजनीतिक जीवनले तपाईंको साहित्यिक जीवनलाई मारेन? हुन सक्थ्यो कि विश्वेश्वर राजनीतिक नेताभन्दा बढी लेखकका नाउँमा नेपालको गगनमा चम्कन सक्थे!"

"हुन सक्छ, आफ्नो विचार हो।"

मैले सोधें, "तपाईंका कथामा जुन मनोवैज्ञानिक भावनाले प्राधान्य पाएको छ, त्यसलाई केही मानिस फ्रायडको असर ठान्छन्, कसो?" र मैले दृष्टान्तको रूपमा भनें– 'प्रगति'मा छापिएको देवेन्द्रराजको 'विश्वेश्वरका कथामा नारीको वासनाप्रधान रूप!'

एउटा मीठो मुस्कान आफ्नो अनुहारमा छरेर उहाँले मतिर हेर्नुभयो। अनि थाहा छैन, मेरो मुखमा के देख्नुभयो, उहाँ दङ्ग परेर हाँस्न थाल्नुभयो। दङ्ग परेर हाँस्ता उहाँ के गर्नुहुन्छ, मैले माथि बयान गरिसकेको छु।

अनि भन्न थाल्नुभयो, “मेरा कथाबाट अरूले जे माने लगाऊन्, त्यो त उनीहरूको आफ्नो दृष्टिकोण हो तर मैले जैले पनि आफ्ना कथाबाट सामाजिक कुनै एक बिन्दुलाई लिएर त्यसमा आफ्नो दृष्टिकोण राख्न चाहेको छु। तपाईंले मेरो कथा ‘सखी’ पढ्नुभयो?”

मैले भनें, “पढ्न त पढें तर तपाईंको विशेष दृष्टिकोण सुनूँ!”

“सखी कथामा एक सुखी नवयुवक दम्पतिको चित्रण गरेको छु। उनीहरूलाई केही कुराको कमी छैन। जीवनक्रम स्थापित भइसकेको छ, त्यसमा कुनै हलचल, कुनै बाहिरी शक्तिको प्रवेश छैन। त्यस्तैमा एउटा मित्रले त्यस शान्त वातारणमा प्रवेश गरेर त्यहाँ खलबली ल्याइदिन्छ। गृहस्थीको हृदयको वेग अर्कैतिर आलोडित हुन्छ। पाहुना चाँडै जान्छ तर आफूपछि एउटा खलबल र हलचल छाडेर! यस कथाबाट मैले देखाउन चाहेको छु कि आत्मशान्ति तथा तृप्तिका निम्ति बीचबीचमा एउटा क्रान्ति भैरहनु आवश्यक छ...।”

मैले बीचमा कुरा काटेर भनें, “पर्खनोस्, मैले यस्तै किसिमको कथा अङ्ग्रेजीमा पनि पढेको छु। तपाईंले मोपासाँको कथा पढ्नुभएको छ?”

“भन्नोस्!”, उहाँले भन्नुभयो।

धेरै वर्षअगाडि पढेको मोपासाँको त्यस कथाको सार सायद यस प्रकार छ– प्रेमविवाह गरेर अधबैंसे भइसकेका एक दम्पतिले एक दिन पाउँछन् कि उनीहरूको जीवनमा एक किसिमको शिथिलता, एउटा जडता आएको छ। पैसा भएकाले दुःखको समेत अनुभव तथा सुखको चाहना रहेन। उमेरमा जुन जोस थियो उनीहरूको प्रेममा, एउटा रोमान्टिक वातावरण तथा एउटा अपराध गर्न लाग्दाको भय, त्यो पनि छैन। उनीहरू छलफल गरेर यो निर्णयमा पुग्छन् कि अब आफ्नो प्रेमलाई स्फुरित गर्न बाहिरी शक्तिको मद्दत लिनुपर्‍यो। उनीहरू होटलमा प्रेमीप्रेमिकाझैं भेट गर्ने मिलाउँछन्। अनि होटलको ब्वायले

त्यस स्त्रीलाई सोसाइटी गर्ल ठानेर रक्सी तथा खाना ल्याउँदा विचित्र किसिमले अनुहारमा हेरी मुस्काइदिन्छ, उनीहरूको हृदयमा एउटा धड्कन बढ्छ। वातावरण नै रोमान्टिक भएर आउँछ र उनीहरू आफ्नो जीवनको पन्ध्र वर्षअगाडिको त्यस क्षणलाई सम्झन्छन्, जब तिनीहरूको विवाह भएको थिएन तथा उनीहरू यसरी नै होटलका कोठामा रात बिताउँथे। यस नयाँ परिस्थितिमा उनीहरूलाई आत्मशान्ति तृप्ति हुन्छ, तपाईंको कथाझैं...।"

उहाँले बीचमै भन्नुभयो, "हुन सक्छ! हाम्रो यस विचारले सामञ्जस्य झल्कनु असम्भव होइन। मेरो विचार छ– एउटा खलबली भइरहनुपर्छ कि त्यसले एउटा प्रगति ल्याओस्। जस्तै, एउटा साधारण उपमा लिऊँ। सानो बिरुवा रोप्नेबित्तिकै काम खत्तम हुँदैन। त्यसलाई सपार्न बीचबीचमा गोड्नु पनि पर्छ, नत्र जुन मलिलो माटोमा त्यो रोपिएको छ, त्यो समयको थिचाइमा परेर जम्दै जान्छ।"

अकस्मात् मैले एउटा चिनियाँ पत्रिकामा विश्वेश्वरको बारेमा लेखिएको एक लाइन झलक्क सम्झें। त्यस लेखमा एउटा पत्रकारले दुई दाजुभाइको विश्लेषण यस प्रकार गरेको थियो– The difference between B.P. and M.P. is simply this, while the former is revolutionary evolutionist, the latter is evolutionary revolutionist. कुरा पल्टाउँदै मैले सोधें, "तर चौबीस वर्षमा बाह्रवटा कथाले त्यो गोडाइ त पूर्ण हुँदैन?"

विश्वेश्वरजी हाँस्नुभयो, "के गरूँ हेर्नुस् न, यो राजनीतिक जीवनले गर्दा अचेल म लेख्नै पाउँदिनँ। यहाँको राजनीति अलि सम्हालियोस् अनि म फेरि कथा लेख्न थाल्नेछु।"

"तपाईं अब त नेपालीमा नै लेख्नुहोला?", मैले जिज्ञासासाथ सोधें।

"भन्न सक्तिनँ, त्यो भविष्यको कुरा। अँ, तपाईंलाई एउटा कुरा भनिदिहालूँ। मेरो उपयुक्त वातावरण छैन या वातावरण उपयुक्त म छैन; तर एउटा कुरा मैले निकै नै अनुभव

गरेको छु कि म आफूलाई नै समाजको एउटा विचित्र परिस्थितिमा नमिल्दो गरी जडिएको पाइरहेछु। काठमान्डू अथवा नेपालको समाजमा बस्ता मलाई भारतीय समाज र संस्कृति आफ्नो हो जस्तो लाग्छ। यस्तो भान हुन्छ कि म हिन्दुस्थानमा हुर्कें, बढें; उताकै वातावरण मेरा लागि उपयुक्त छ। अनि म जब भारतमा हुन्छु, मलाई लाग्छ, यस नौलो देशमा म किन आएँ। यहाँको संस्कृति तथा समाजभन्दा म त निकै भिन्न छु। अनि मलाई नेपालको याद आउँछ! यस्तै छ मेरो भाषा, हिन्दीमा लेख्न बस्ता नेपाली शब्दहरू मगजमा जोरसँग घुम्न थाल्छन्, अनि मेरो लेखन शिथिलिन्छ, अनि जब म नेपालीमा लेख्न थाल्छु, हिन्दीका शब्दहरूले मलाई ज्यादै सताउँछन्! त्यसैले हुन सक्छ, त्यस शिथिलतालाई मार्ने म त्यस बेला जुन भाषा मगजमा आउँछ, त्यसैलाई माध्यम मान्न सकूँ। अहिले म कसरी भनूँ नेपालीमै लेखुँला अथवा हिन्दीमा!"

मैले सोधें, "तपाईंको यो अनौठो परिस्थिति (माफ गर्नुहोस्, यसको उपयुक्त शब्द मैले पाइनँ, यसलाई कमजोरी भनौं), यो कमजोरीको मूल कारण के हुन सक्छ, भन्न सक्नुहुन्छ?"

"कमजोरी भन्ने र? खैर...", उहाँ शब्द खोज्न लाग्नुभयो क्यार!

अकस्मात् मेरो मनमा फ्रायडको एक पङ्क्ति बिजुलीझैं चम्क्यो– Our civilization is, general speaking, founded on the suppression of instincts. यही पङ्क्तिको उदाहरणसाथ मैले सोधें, "तपाईंको पनि यही किसिमको हालत सम्झूँ?"

उहाँले उल्टो मसँग प्रश्न गर्न लाग्नुभयो, "तपाईंले फ्रायडका कृतिहरू पढ्नुभएको छ?"

मैले हाँसेर भनें, "अलिअलि।" अनि उहाँलाई केही सोध्ने मौका दिनुअघि मैले आफैं प्रश्न गरें, "फ्रायडको विचारधारा तपाईंलाई कस्तो लाग्छ?"

तुरुन्त जबाफ पाएँ, "मलाई त राम्रो लाग्छ।"

मैले आफ्नो विचार उहाँका अगाडि राख्तै भनें, “अरू सब त ठीक हो तर फ्रायडले जुन यौनवृत्तिलाई ज्यादै महत्व दिएको छ, त्यो मलाई चित्त बुझ्रेन। उनको भनाइमा दुधेबालकले आमाको स्तनसँग आफ्नो ओठ रगडेर पनि आफ्नो वासनाको तृप्ति गर्छ! आफ्नो यौनचेतनालाई मार्ने उसको एक मात्र उपाय नै उसलाई त्यस बेला त्यही स्तन मात्र लब्ध छ! यो कुरा मलाई चित्त बुझ्दैन!”

“किन?”

“मेरो रायमा, त्यस उमेरको बालकमा Sex organ नै विकसित भइसकेको हुँदैन। अनि अविकसित अङ्गमा तृप्तिको अनुभव कसरी आउँछ? हामीले विचार गऱ्यौं भने मनुष्य शरीरमा यस्ता धेरै क्रिया छन्, जो पहिले हुँदै हुँदैनन् तर उमेर बढ्नासाथ विकसित भएर आउँछन्; जस्तै– जुँगा, दाह्री।”

“हुन सक्छ डाक्टरी दृष्टीबाट तपाईं कुनै हदसम्म ठीक हुनुहोस्। तर एउटा कुरा नभुल्नुहोस्, फ्रायडले सम्पूर्ण मनोविज्ञानलाई वासनामा केन्द्रीभूत गरेर त्यसैको माध्यमबाट आफ्नो कलम चलाए। उनले आफ्नो कुरा प्रमाणीत गर्न बालकको त्यस युक्तिलाई पनि छोड्न सकेनन्। उनको दृष्टिकोणबाट उनको कुरा एकदम सत्य छ।”

म यसको खण्डनमा केही बोल्न चाहिरहेको थिएँ। उहाँले मेरो कुरा पन्छाएर भनिहाल्नुभयो– “मेरो कुरा नै सुन्नुहोस् न! कार्ल मार्क्सले जसरी संसारका प्रत्येक वस्तु र क्रियालाई आर्थिक दृष्टिकोणबाट लेखे र उनी आफ्ना भनाइका ढङ्गले सत्य छन्, उसै गरी फ्रायडले संसारका प्रत्येक वस्तु र क्रियालाई वासनायुक्त दृष्टिकोण दिए। तपाईंले अहिले जुन टाई बाँध्नुभएको छ, यसैलाई लिऊँ। फ्रायडको दृष्टिकोणबाट तपाईंले आफ्नो Sex pleasure का निम्ति र लगाउनुभयो। तपाईं चाहनुहुन्थ्यो कि अरू तपाईंतिर आकर्षित हुन र उनीहरूको आकर्षणबाट तपाईंलाई आनन्द मिलोस्। तृप्तिको उपाय हो यो एउटा। अब यसै चिजलाई मार्क्सको दृष्टिकोणबाट हेरौं। तपाईं आफ्ना सुटलाई पुग्ने र चाहिने भन्दा बढी पैसा कमाउनुहुँदो रहेछ र यत्ति दामी टाई तपाईंको

घाँटीमा झुन्डिन सक्तो रहेछ। यसबाट यो भन्न सकिन्छ कि तपाईं खान, लाउन पुग्ने एउटा कुनै स्तरको आर्थिक परिस्थितिको मान्छे हुनुहुँदो रहेछ। दुवै आफ्ना दृष्टिकोणमा सत्य छन्। तपाईं अस्वीकार गर्न सक्नुहुन्न। अनि म यो पनि मान्दछु कि आज या सधैं तपाईंले टाई बाध्नुमा तपाईंको आफ्नो भिन्न दृष्टिकोण होस्।

विषयवस्तुभन्दा कति पर हामी बहकिसकेछौं, त्यो मैले त्यस घडी चाल पाएँ, जब विश्वेश्वरजीले आफ्नो व्याख्या सिद्ध्याएर मतिर केही बोलोस् भनेझैं गरी हेरिरहनुभएको थियो।

घडी हेरें। समय प्रायः समाप्त भइसकेको रहेछ। म हाँसिदिएँ। अनि त्यस वातावरणलाई सेलाउने मौका दिएर एकछिनपछि मैले सोधें, "कुनै दिन उपन्यास लेख्ने विचार छ?"

"अहँ! समयको बरबादी मात्र हुन्छ– लेख्ने, पढ्ने दुवै। लेखें भने म त लघुकथा मात्र लेखुँला।"

"तपाईंलाई उपन्यास मनै पर्दैन र? भिक्टर ह्युगो त सायद उपन्यासकार हुन्!"

"त्यस बेला म उपन्यास पढ्थें पनि! अनि "तपाईंलाई मूल प्रेरणा कसले दियो?" भन्ने प्रश्नको जवाफमा मैले नाउँ लिएको हुँ। फेरि, यो नठान्नुहोस् कि मलाई उपन्यास पटक्कै मन पर्दैन। देशको व्यापक रूपमा समय, समाज र साहित्यको विश्लेषण गर्दै लेखिएको उपन्यास मलाई मन पर्छ, जस्तैः The Good Earth."

"नेपालीमा त्यस्ता उपन्यासको कमी नै छ!", मैले भनें।

"कमी? छँदै पो छैनन्।"

मैले उठ्तै भनें, “अच्छा, विश्वेश्वरजी! तपाईंका कृति चाँडै फिंजिऊन् भन्ने शुभकामनासाथ म अब बिदा पो हुन्छु!”

हामी दुवैले हात जोडिदियौं।

*प्रगति, पूर्णाङ्क ५*

# हृदयचन्द्रसिंह प्रधान

हृदयचन्द्रसिंह सर्वप्रथम मेरो आँखामा 'साहित्य–स्रोत'का सम्पादकका रूपमा आउनुभयो। अनुहारमा जाँगरिलोपन लिएर उहाँ साहित्यको रणभूमिमा ओर्लिनुभएको हो। त्यस मान्छेलाई लेखक हुन ज्यादै नै परिश्रम गर्नुपरेको थियो। यो मैले थाहा पाएँ, उहाँले नयाँ पालुवाप्रति चाख, प्रोत्साहन दिएको हुनाले। मेरो प्रथम कृति 'हाम्रो समाजमा नारीको मूल्य' पनि 'साहित्य–स्रोत'मा ल्याउने श्रेय हृदयचन्द्रलाई नै छ। नाउँ नचलेको मान्छेले लेखेको लेखलाई मानिस कत्तिको हेय दृष्टिले हेर्छन्, त्यसको अनुभव पनि मलाई धेरै गर्नु परेन। 'साहित्य–स्रोत'मा त्यस लेखकलाई स्थान दिएर फोसामा झन् त्यसको तारिफ पनि गर्नुभयो। म फुलिहालें भ्यागुतोझैं। यसको नतिजा तपाईंहरूका सामु छ– आज म खूदै उहाँका बारेमा लेख्ने प्रयत्न गरिरहेको छु।

उहाँमा के छ त्यस्तो, जो लेख्ने विषय बनाऊँ। उहाँमा जे पनि छैन, छ। पढ्न सकेको छैन, लेख्न सकेको छैन, पैसा बटुल्न सकेको छैन, नाउँ कमाउन सकेको छैन। उहाँ न हृदयचन्द्र हो, न सिंह। हृदयको कुरा भनूँ भने क्षयरोगले ग्रहण लगाएको छ। सिंहको कुरा हो भने उहाँमा सिंहझैं झम्टेर हातमा सिकार लिन सक्ने क्षमता पनि छैन। असलमा उहाँका बाबुआमाले गरेको नामाकरणसँग उहाँको अलिअलि समानता देखिन्छ। त्यो हो– चन्द्रप्रसाद। प्रसाद भनिन्छ, भोग लगाइसकेको विषयलाई। हृदयचन्द्र–चन्द्रप्रसाद, साँच्चि नै बासी प्रसाद हो। भक्त र भगवान्को माध्यमिक उपाय, जसको अस्तित्व यति हो कि भगवान्बाट लत्याएर भक्तको शरण पर्नु।

यसैले होला हृदयचन्द्रजीले १९९१ सालदेखि लेख्न थालेर पनि उन्नाईस वर्षपछिसम्म केही सँगाल्न सक्नुभएको छैन। नाटक, निबन्ध, प्रबन्ध, कहानी, कविता, गद्यकविता र उपन्यासका अतिरिक्त 'साहित्य–स्रोत' र 'जागरण'को सम्पादन गरेर पनि, फेरि लेखकको समालोचना र नेपाली व्याकरणको छोटो रूप बनाएर पनि आज हृदयचन्द्र त्यहाँ पुग्न सक्नुभएको छैन, जहाँ उहाँले आफ्नो स्थान बनाउने कल्पना गर्नुभएको थियो होला।

मैले जहिले पनि उहाँका बारेमा सोचें, मेरो मनमा एउटा विचार अनायस आयो– यस मान्छेमा यस्तो चिज छैन, जसलाई पाउन यो मान्छे सधैं अटुट परिश्रम गरिरहेछ। अनुहारमा थकाइको स्पष्ट झलक लिएर ऊ अझ परिश्रम गर्न दुस्साहस गर्दछ। तर फेरि जब म उहाँको बारेमा गहिरिएर हेर्दछु, उहाँका लेखबाट उहाँलाई चिन्ने प्रयास गर्दछु। त्यस बेला मलाई यो लाग्दछ कि यस मान्छेको साथमा धेरै चिजहरूको चाहना छ, जसलाई सजाउन यो मान्छे सधैं अटुट परिश्रम गरिरहेछ। यस मान्छेले सफलता पाएको भए यो श्रद्धेय हुने थियो, यसको असफलताले आज यसप्रति माया मात्र उठ्दछ।

माफ गर्नुहोस्, निकै बुज्रुग भएर मैले आफ्नो राय यहाँ लेखिहालें। हुन सक्छ, मलाई कोही सोधून् कि तैंले किन यसो भनिस्? मसँग यसको सिवाय कुनै उपाय छैन कि उहाँलाई देखाएर भनूँ– आफ्नो असफलताको बोध स्वयम् हृदयचन्द्रजीले नै मलाई गराएको हो।

आज गएको थिएँ, बिहान उहाँलाई भेट्न। सेतो ओढ्ने ओढेर उहाँ गुटमुटिरहनुभएको थियो। मुखमा उत्सुकता झल्किन्थ्यो। मैले उहाँलाई यस भेटको बारेमा अघिल्लो दिन झल्को दिएको थिएँ। म के सोधुँला भन्ने उकुसमुकुस मैले उहाँको मुखमा देखें। जिउ हेरीकन हृदयचन्द्रजीको टाउको ठूलो छ। त्यस्तै मैले त्यस घडी पाएँ। उहाँको दृष्टि हेर्दा लक्ष्य पर छ। मेरो मुखबाट उहाँ मेरो हृदयमा प्रवेश गर्न प्रयत्न गरिरहनुभएको थियो।

यसरी कसैले तपाईंलाई हेरेर बुझ्ने प्रयत्न गरेको बेलामा सबैभन्दा बेस उपाय हुन्छ अनौठो प्रश्न गरेर उसको विचारशृङ्खला चुँडिदिनु। सोध्नुपर्ने के थियो? मैले हाँसेर भनें, "अब त जाडो आएछ, कसो?"

एकछिन त उहाँलाई मेरो प्रश्नसँग परिचय गर्नै लाग्यो अनि हाँसेर भन्नुभयो, "अँ, अब त जाडो आएछ।"

"तपाईं बाहिर त निस्कनुहुँदो रहेनछ बिहान।"

"स्वास्थ्यले दिंदैन। घाम नलागी म कतै जान्नँ।"

यसरी प्रकृतिको समालोचना गरेर मैले भनें, "समय बर्बाद नगरूँ; साँच्चि तपाईंलाई लेख्ने मूल प्रेरणा कसबाट प्राप्त भयो?"

"कसैबाट पनि होइन। मैले के पढेको थिएँ र लेख्ने कुरा सोचूँ! अङ्ग्रेजीको नाममा तीन–चार क्लास, नेपालीको हकमा स्वर्गको दरबार, हिन्दीमा भूतनाथ र चन्द्रकान्ता सन्तती। नेपालीमा पत्रपत्रिका निस्कन्छन्, किताब लेखिन्छन् भन्ने मलाई थाहै थिएन। एक दिन झुक्किएर 'शारदा' मेरो सामुन्ने पर्‍यो। ओल्टाईपल्टाई हेरें, धेरै जना साथीहरूको नाम छापिएको देखेर मेरो पनि नाम छपाउन मन लाग्यो। सोधेर जबाफ पाएँ– मैले पनि केही लेखें भने छापिन्छ रे! तीन महिनाको अथक परिश्रम, त्यो पनि मेरो एक जना परिचित पठित मित्रको छ–सातपटक संशोधनपछि म 'मातृस्नेह' लेख्न सफल भएँ। त्यो प्रबन्ध छपाउने ऋद्धिबहादुरजी जो तिनताक 'शारदा'को सम्पादक हुनुहुन्थ्यो तथा मेरा ती मित्रकै सहायताबाट मात्र सफल भयो। यसो हेरेको खण्डमा त्यस प्रबन्धमा मेरो आफ्नो भन्नु नामसिवाय अरू केही थिएन होला– त्यसलाई दुइटाले मिलेर खूद पढ्नुपर्‍यो, अर्काको लेखझैं ठानेर।"

हृदयचन्द्रजीले अनि भन्नुभयो कि कसरी शब्दकोश अगाडि राखेर आफ्नो शब्दज्ञान बढाउँदै उहाँले महिनौंको परिश्रमपछि कलम चलाउन सिक्नुभयो– मैले जेजति जानेको

छु, त्यो सब मेरो कठिन परिश्रमको पसिना हो।

मैले हाँसेर भनें, "यस्तो परिश्रम गरेर पनि तपाईंले बहुमुखी किन गर्नुभयो? अनौठो होइन? कविता पनि छुटाउनुभएको छैन क्यार?"

"यो अभिरुचि हो। म जे पनि लेख्न चाहन्थें। हो, पहिले म छन्दमा कविता लेख्थें; पछि छोडेर गद्यकाव्यतिर लागें।"

"नेवारी भाषामा पनि आजकल लेख्न थाल्नुभएको छ क्यार होइन?"

"हो।"

"किन?"

"प्रथमतः चित्तधरजीको आग्रहबाट कि म पनि नेवारीमा लेखूँ। त्यसमा पनि साहित्यको उत्थान गर्नुपरेको छ भनेर। दोस्रो, म एउटा आफ्नो मित्रको आग्रहलाई तोड्न चाहन्नथें।"

"तपाईंलाई कुनचाहिंमा लेख्न मन लाग्छ? नेवारी अथवा नेपालीमा।"

"मलाई नेपालीमा लेख्ता आत्मसन्तोष हुन्छ।"

मैले झलक्क सम्झें, उहाँले साहित्यको उत्थान भन्नुभएको, सोधिहालें, "साहित्य कस्तो हुनुपर्छ?"

"जनसाहित्य सत्यम् शिवम् सुन्दरम्को सम्मिश्रणका साथ साहित्यमा एउटा उद्देश्य हुनु नितान्त आवश्यक छ। तर यो छोपिएको होस्, प्रचारात्मक नहोस्।"

"तपाईंले त गजबको विश्लेषण गर्नुभयो नि त– जनसाहित्य पनि होस् अनि प्रचारात्मक पनि नहोस्। उद्देश्य लिएर यदि लेखकले लेख्छ भने त्यसमा उसको प्रचार होस् भन्ने आन्तरिक अभिलाषा जरुर हुनेछ।"

"होइन, तपाईंले मेरो कुरा बुझ्नुभएन। लेखकले जहिले पनि समाजलाई उसको लक्ष्य र उन्नतिबारे दिग्दर्शन गर्नै पर्दछ। अनि त्यो समाज या राष्ट्रका लेखकको विचारधारा बहन सक्तछ।" मैले कुराले बाँध्ने विचार गरी भनें, "माफ गर्नुहोस्, दश जना लेखकले विभिन्न विचारधारा लिएर उद्देश्यात्मक दृष्टिले लेखेर समाजलाई डोऱ्याउन कम्मर कसे भने समाज त रसातलमा पो पुग्ने भो। उपमाको रूपमा लिऊँ– यदि देवकोटा, लेखनाथ, सम, सिद्धिचरणजस्ताले उद्देश्यात्मक र प्रचारात्मक लेख लेखे भने हामी कसको पछि लाग्ने? फेरि त्यो निर्णय त हामी आफैँ गरिहाल्छौं नि! हो, जब निर्णय समाजले गर्छ अनि लेखकले दिग्दर्शन गर्ने त कुरै रहेन। मेरो विचारमा लेखकको कर्तव्य हो कि सत्यताको बोध आफूले गरोस्। लिन्छन् त लिन्छन्, लिंदैनन् भने उसलाई चासो छैन। कसो?"

"यो त कसरी भयो? लेखकको कर्तव्य नै समाजलाई उठाउनु हो।"

मैले भनें, "उसो भए तपाईंलाई आधुनिक साहित्यको प्रवाह मन पर्छ, होइन?"

"आधुनिक कस्तो?"

"आजकल जो सभा तथा साहित्यिक गोष्ठीमा गद्यकाव्य भनिन्छ।"

"अहँ, त्यो त मन पर्दैन। त्यो त खालि गालिगलौज हो। एउटा कुनै विषयको व्यापार, प्रपोगन्डा मात्र हो। त्यस्तो त सिकारु मात्र गर्छन्।"

"राजनीतिक विचारधारा भएको साहित्य उसो भए तपाईं रुचाउनुहुन्न, होइन?", मैले अर्को दृष्टिकोणबाट त्यही लक्ष्यमा पुग्ने प्रयास गरें।

"होइन राजनीति र साहित्यलाई एकदम नछुट्याउनुहोस्। एउटाको असर अर्कामा पर्छ। समाजोपयोगी राजनीति मात्र साहित्यले अँगाल्यो भने देश अगाडि बढ्छ।"

"हामीले कसरी थाहा पाउने कि कुनै राजनीतिको विचारधारा समाजपयोगी हो, होइन?"

"त्यो लेखकले बनाउँछ।"

"लेखक बहकियो भने?", मैले शङ्का राखें।

"त्यसैले त मैले भनें– लेखकमाथि ठूलो जिम्मेवारी छ।"

"अनि?"

अब यस प्रश्नको दिशा बदल्ने विचारले मैले भनें, "प्रजातन्त्रपछि राम्रो साहित्य निर्माण हुन नसकेकोमा तपाईंको के विचार छ, किन हुन सकेन?"

"हो धेरैजससो लेखकले यसको लोभ तथा स्वार्थका निम्ति एक्कासि काँचुली फेरे। तर नयाँ बाटोमा राम्ररी लाग्न पनि सकेनन् तथा पुरानोलाई पूरै पहित्याग पनि गर्न सकेनन्। त्यसैले हाम्रो साहित्यमा ह्रास हुन गयो।"

"यसरी काँचुली फेर्नु लेखकको सफलता अथवा असफलता के ठान्नुहुन्छ?"

"कमजोरी। सिद्धिचरणजी, देवकोटाजी, समजीले नयाँपन अपनाएर पनि सफल हुन नसकेको नै मेरो कुरा प्रमाणित गर्न सजीव दृष्टान्त हो।"

मैले भनें, "हेर्नुहोस्, एक हप्ताअघि मात्र मैले सिद्धिचरणजीसँग भेटेको थिएँ। उहाँमा एउटा गजबको परिवर्तन भएको छ।"

"हो, उहाँले पहिले पलायनवादी, स्तुतिवादी र अहिले मानववादी बन्ने चेष्टा गरिरहनुभएको छ। यो कुरा मैले पनि लक्ष्य गरिरहेको छु।"

"ठीक भन्नुभयो", मैले सही थापें। अनि कुरा अगाडि बढाउने ध्येयले भनें, "तर यस 'चेन्ज'लाई उहाँ आफ्नो विकास भन्नुहुन्छ नि?"

"होइन, मेरो रायमा यो कमजोरी हो।"

मेरो मुखमा सायद प्रश्नात्मक चिह्न झल्किएछ। उहाँले मलाई बुझाउने प्रयत्न गर्नुभयो, "लेखकको व्यक्तित्व लेखमा आउनै पर्छ भन्ने मेरो राय छ। यसरी लेखक पथभ्रष्ट भएर लेख्न थाल्यो भने उसको व्यक्तित्वको असर लेखमा पनि पर्छ।"

मैले भनें, "यसलाई अर्कै दृष्टिबाट हेर्ने भने यसलाई लेखकको सफलता भन्न सकिन्छ। विषयवस्तुसँग उसले यसरी आत्मसात् गऱ्यो कि उसको आफ्नो व्यक्तित्व अरूले बुझ्नै सकेन। यो लेखकको सफलता होइन र?"

"आत्मसात् हुने कुरामा म विश्वास गर्दिनँ? लेखकले प्रत्येक शब्द, प्रत्येक लाइन लेख्ता आफूलाई भिन्न राखेर समाजलाई उठाउने उपायको विचार गरिरहनै पर्छ। आत्मसात् गर्नेबित्तिकै ऊ बहकिहाल्छ नि!"

"अच्छा, यो तपाईंको आफ्नो विचार?"

"मेरो व्यक्तिगत अनुभव र विचार।"

"यी थिए, हाम्रा त्यस लेखकको व्यक्तिगत विचार, जसलाई हामीले पुस्तकमा बुझ्न सकौंला। नेपाली कथालोकमा सबभन्दा सफल को हुन सक्यो, तपाईंको विचारमा?"

"डुबेर मैले हेर्न पाएको छैन, मेरो अस्वस्थताले। तैपनि मलाई विश्वेश्वरजी सबभन्दा मन पर्नुहुन्छ अनि गोठाले तथा विजय।"

"भीमनिधि नि ?"

"उहाँका रचना धेरै हेरेको छैन। जति थोरै हेरेको छु, त्यसलाई प्रशंसा गर्न मलाई मन लागेन।"

फेरि सोधें, "अँ, काव्यलोकमा ?"

"मुनामदनका देवकोटाजी तथा सिद्धिचरणजीका प्राथमिक केही थोरै रचना।"

"नाटकमा ?"

"मसानका गोपालप्रसाद रिमाल।"

"आहा! मैले ठानेको थिएँ कि तपाईंको मुखबाट बालकृष्ण सम पो निस्केला, रिमाललाई किन भन्नुभयो ?"

"रिमालजीले एउटै नाटक लेख्नुभएको ठीक हो। तर त्यस नाटकमा नाटकीय तत्व, चित्रण तथा उद्देश्य यति राम्रो सामाजिक परिस्थितिमा प्राकृतिकरूपले व्यक्त गरिएका छन् कि एउटै भए पनि त्यो श्रेष्ठ छ। समजीले चाहिं नाटकहरू धेरै लेख्नुभएको छ तर तिनमा पात्रहरू अस्वभाविक ढङ्गले बोल्छन्। नाटकको वातावरण अनौठो हुन्छ। पढ्ने बेलामा हामीलाई लाग्छ कि जुन समाजको चित्रण उनका नाटकमा गरिएको छ, त्यो हाम्रो होइन। उनका कृतिका वातावरणमा पात्रहरू गह्रौं शब्दको आडमा बोल्छन्। समजीका कृतिमा एउटा खोजपूर्ण सजावटसिवाय अरू केही लाग्दैन मलाई।"

"ए, गद्यकाव्यमा नि ?"

"सर्वश्रेष्ठ स्थान त म रिमालजीलाई नै दिन्छु। उनका प्रत्येक गद्यगीत एउटा सफलता हो। उनले जति लेखेका छन्, सबै राम्रो लेखेका छन्! तपाईंले रिमालजीको 'आमाको सपना' पढ्नुभएको छ ?"

“गोपालजीले लेखेका प्रायशः प्रत्येक चिज मैले उनकै मुखबाट सुनेको छु। हामी काका–भतिजा पर्छौं नाताले, सम्बन्धको हामी मित्र हौं।”

“मलाई थाहा छ।”

“अँ, नयाँ प्रतिभामा नि ?”

“नयाँ प्रतिभामा कथाको अति प्रगति भएको छ, अरूमा त म त देख्तिनँ।”

“कथामा कसले प्रगति गर्‍यो ? नाम भन्न सक्नुहुन्छ ?”

“शङ्करप्रसाद !”

“म ?”

“दुवै, शङ्करप्रसाद कोइराला तथा शङ्करप्रसाद लामिछाने।”

“तपाईं फुर्क्याउनुहुन्छ। अगाडि भएर भनेको त होइन ?”

“होइन, तपाईंका गद्यमा अरू मीठो प्रवाह छ भनी मैले ‘हाम्रो समाजमा नारीको मूल्य’मा थाहा पाएको थिएँ।”

“धन्यवाद! अँ नेपाललाई अहिले कस्तो साहित्यको आवश्यकता छ, भन्न सक्नुहुन्छ ?”

“आजकलको परिस्थितिमा ?”

“हो।”

“राजनीतिक साहित्य।”

"अब एउटै दुःख अरू दिन्छु। तपाईं आफ्नो जीवनको कुनै एउटा मीठो घटना बताउनुहोस्, जो लेखसँग सम्बन्धित होस्।"

मेरो यस उत्सुकतालाई उहाँले दमकलको कप्तानझैं तुरुन्त 'कुरा साँचो हो'ले दिनुभयो। 'कुरा साँचो हो' हृदयचन्द्रको व्यक्तिगत जीवनसँग सम्बन्धित एउटा निबन्ध हो। त्यसको विषय छ... तर त्यो चाँडो छापिन्छ। मलाई आज त्यसको मीमांसा गर्ने अधिकार छैन।

निबन्ध पढिसकेर हामी बिदा हुन लागेका थियौं– रेडियो नेपालले देवकोटासँग तेस्रो भेट भटभटाउन थाल्यो। दुवै जना मिलेर त्यसलाई सुन्न थाल्यौं। हुन सक्छ, हृदयचन्द्रजीले आफ्नो भेटको कल्पनाको नमुना त्यतैबाट चाल्नुभयो होला।

जुत्ताको फित्ता बाँध्न लाग्दा उहाँ भन्नुहुन्थ्यो, "मलाई माया गरेर ढाकछोप गरी नलेख्नुहोस्। तपाईंलाई स्वतन्त्रता छ तर त्यस स्वतन्त्रताको सदुपयोग गरेर सत्यनिर्देश गर्नुहोला।"

अहिले यति लेखिसकेर मेरो मनमा एक्कासि एउटा प्रश्न आइरहेछ– के म सफल भएँ?

*प्रगति, पूर्णाङ्क ८*

# शङ्कर लामिछाने

चारैतिर क्युरियाका वस्तु छन्; छन् मुकुन्डो, छन् पुतली, छन् नयाँलाई पुरानो बनाइराखेका ढलोटका बुद्ध, इन्द्र, तारा, शिवपार्वती, खुकुरी अनेक प्रकारका, नेपाली जुत्ता, नेपाली कपडा र रङ्गबिरङ्गका ढुङ्गाहरू। कुनै शो–केसबाहिर। शङ्कर लामिछानेचाहिं काउन्टरमा बसेर आफूलाई हेरिरहेछ। र, सोचिरहेछ, कुनै ग्राहकले आएर सोध्यो भने उसले आफ्नो मूल्य कति भन्ने? आफ्नो वरिपरि रहेका सबै वस्तुको मूल्य उसले जानिसकेको छ, उसलाई खालि आफ्नो मूल्य थाहा छैन! (कसैले अहिलेसम्म उसलाई किन्न पनि त आँट किन गरेन हँ?) फेरि ऊ न Antique को श्रेणीमा पर्छ, न पेपरमैशको, न जडाउ गहनाको। हाडमासुको ढलौटे एउटा बोल्न सक्ने मूर्ति हो, जसलाई वातावरणले दिनदिनै Oxidise गरिरहेछ र दिनदिनै ऊ Antiquity को खुड्किला उक्लिरहेछ।

शङ्कर लामिछानेको, एक जुगमा एकपल्ट, एक दिन आफ्नो विश्वास थियो र उसका रगतमा नवीनता दौडिन्थ्यो। मैले उसलाई बहुतै नजिकबाट चिनेको छु। उसका जीवनका प्रत्येक मोडमा उसले मतिर हेरेको छ, मैले उसलाई हिम्मत पनि त बँधाएको छु। राणकालीन दरबारी जीवनको चुचुरोमा ऊ उक्लेको छ, चाकरीको अक्सिजनबिना नै! चाकरी नगर्ने हाकिम २००७ सालभन्दा अघि उसले देखेन। ऊ त्यस बेला भन्थ्यो– “म जन्मिनुभन्दा धेरै अघिदेखि पिताले चाकरी गरेका छन्।” बाबु बबरशमशेरका दाहिने हात! त्यस्ताको ऊ छोरो अनि भानिजचाहिं ‘नेपाली राष्ट्रिय काङ्ग्रेस’का जन्मदातामध्ये एक नरेन्द्र रेग्मीको। २००३ तिर ऊ लुकीलुकी बाबुको खल्तीबाट पुलिसको ग्रुप रिपोर्ट पढ्थ्यो, त अर्कातिर काशीबाट काठमाडौं फर्कंदा काङ्ग्रेसको सदस्यता रसिद र पर्चा

बासकभरि ल्याउँथ्यो। ऊ कहिलेकाहीं, ज्यादै मुड आएको बेला, मलाई भन्छ– "छाड शङ्कर, के गरियो के गरिएन, त्यसको लेखाजोखा नगरूँ!" तर मेरो जीवनमा सदा नै अनौठाअनौठा, एकअर्काबाट भिन्न प्रकृतिका मानिसको एकसाथ प्रभाव परेको छ। मेरो जीवनका घटनाहरूलाई गति दिने यस्ता दुईरूपे चरित्र नै मानौं, मेरो खल्तीका टल्किने मोहरका दुई भाग हुन्।

शङ्कर मिलनसार छ। उसको प्रभावमा वा उसको सङ्गतमा परेका मानिसले नरुचाएको देखेको छैन (पछाडि गाली गरे पनि उसले थाहा नपाएको विश्वास मनबाट डिगाएको छैन)। ऊ ज्यादै ठट्टाप्रिय छ। आफूलाई नै ऊ ठट्टाको विषय बनाउँछ (के गरोस्, अरूहरू ठट्टा सहने लायकका अब रहेनन्!) र यसरी ऊ अरूलाई आनन्दित गर्ने प्रयास गर्छ। मैले यस्ता अनेक अवसर देखेको छु, जब ऊ आफ्नो आन्तरिक भावनालाई ठट्टाहरूको आवरणमा छोपिदिन्छ। ऊ आफ्ना मित्रहरूसँग ठट्टा गर्छ र ऊसँगचाहिं उसको स्वयम्को भाग्य। जोगी, सन्यासी, भीख माग्नेसँग उसलाई साह्रै चिड छ र ऊ हाकिम हुन पुग्दछ त्यस्तो गुठीको। भाग्यले यसरी लेखेको ठट्टा, जो ६ वर्ष उसले सह्यो, त्यो उसको साह्रै तीतो अनुभव छ। श्री ३ सरकार गुठीको वागमतीको अड्डामा बसेर उसले ६ वर्षसम्म पानी बगेको लहर गनिरह्यो। एक दिन ज्यादै निन्याउरो देखिन्थ्यो र मैले ऊसँग सोधेथें– "के सोचिरहेछस्?"

"आफैँलाई सडकमा हिंडिरहेको देखिरहेको छु। बोलूँबोलूँ लाग्छ, त्यस शङ्करले मलाई नचिनेको जस्तो व्यवहार गर्छ।"

"किन?"

"ऊ भविष्यको शङ्कर! म वर्तमानको। हाम्रो काल मिल्दैन, हाम्रो सोचाइको स्तर पनि भिन्न छ!"

त्यो भविष्यको शङ्कर (आजको शङ्कर!) त्यो भूतको शङ्करभन्दा निश्चय पनि निकै फरक छ। मैले दुवैलाई चिनेको छु र दुवैको मर्म मलाई थाहा पनि छ। ऊ जो आफूलाई यसरी आफैँबाट अलग्ग छुट्ट्याएर समय र कालको आँखीझ्यालबाट जसरी हेर्न सक्छ, यही नै सायद उसको ठूलो गुण वा अवगुण हो! पिताको लासलाई पानीमा तेर्स्याएर, उसले सर्वप्रथम आफ्नो व्यक्तित्व चिरिएको देखेको थियो रे! एकाएक अर्को एक शङ्कर (सायद त्यो म नै हुँला, मलाई भने सम्झना धमिलो छ!) कालको परिधि नाघेर भादगाउँको त्यो हनुमन्ते पुलमा उभिन पुगेथ्यो। र, त्यो पुलको शङ्करले (मैले!) पुलको र लासको दूरी ठीकसँग पहिल्याउन ढुङ्गाका फक्लेटा गनेथ्यो। आज जब ऊ त्यस पुलमा पुग्छ, ऊ आफ्नो त्यो पुरानो अवस्थालाई राम्ररी चिन्छ। यो जो १२–१४ वर्षको समय बित्यो– त्यो मानौं, कुनै चिज होइन– यो समय त्यो समयमा बिलाउन जान्छ।

त ऊ भन्छ, आफ्नो निम्ति आफूलाई हेर्न उसलाई ऐना चाहिंदैन रे! उसका आँखा Four dimensional गुणले युक्त छन्। ऊ आफूलाई मनले रुचाएको स्वरूपको स्वरूपमा ट्युनिङ गर्न सक्छ रे! (यो जो टिमिक्क कसिएर ऊ हिंड्न खोज्छ, यो त अरूको निमित्त रे!) सुब्बाको जागिर खाएको बेला उसले ढाक्रे शङ्करको निर्माण गरिसकेको थियो। पिता बिरामी हुँदा उसले पिताको मृत्यु र त्यसपछि आफ्नो जीवनको फिल्म स्पष्ट बनाइसकेको थियो (यही कारण हो, सायद, प्रत्येकपल्टको तस्वीर बनाइमा उसले वास्तविक दुःखको अंश पनि भोगिसकेको थियो।) र घटना हुनुअघि नै जो घटनाबाट हुने दुःख हो, त्यो भोगिसकेकाले उसलाई आफ्नै पिताको मृत्युले उत्ति देखिने गरी छोएन; यो उसको आफूप्रतिको अनुसन्धान हो। यसैको आधारमा ऊ भन्छ– उसमा फिल्म निर्माण गर्न चाहिने सबै गुण छ; ऊ राम्रो लेखक, कवि, संवादकार, नायक, निर्देशक र प्रस्तुतकर्ता, सबै हो– सिर्फ उसलाई कुनै एक बुद्धूको पैसा र Responsive audience आवश्यकता छ। आजको यो क्युरियो पसल... त्योभन्दा अघि अरू केही गरौं– ऊ लेखक कसरी बन्यो?

"प्रेमपत्र लेखेर– आफ्नो निमित्त, अर्काको निमित्त! आफूले पनि कम प्रेम गरिनँ। प्रत्येकपल्ट, हरेक प्रेमको दुःखान्त हुनुअघि ममा उत्ति नै Sincerity थियो। अन्तमा उत्ति नै निराशा। अर्कोको प्रारम्भमा उत्ति नै विश्वास र भरोसा। सायद प्रत्येकपल्ट प्रेम गर्ने शङ्कर भिन्दाभिन्दै हो। सायद म एउटा कहानीसङ्ग्रह हुँ।"

र, विभिन्न चरित्रका केटीहरूका विभिन्न प्रतिक्रिया र विभिन्न स्तरबाट उसले आफ्नो लेखाइमा विभिन्नता ल्याउन सक्यो। उसले मान्छेको अनुहारै नदेखी पनि रिहर्सल ऊ यसैलाई मान्छ। यसै गरी, उसको Morality को व्याख्या पनि कोल्टे फर्कंदाफर्कंदा खिइएर शालिग्राम भइसक्यो। ऊ भन्छ, "शालिग्रामलाई या त तिमी विश्वाससाथ सुन भित्र छ भनी पुज या त फोड। फोडेमा सुन भेट्टाउन पनि सकिन्छ, नभेट्टाउन पनि। नभेट्टाएमा तिम्रो शङ्का बलियो मात्र हुन्छ र भेट्टाएमा तिमी शलिग्राम गुमाइसकेका हुन्छौं।"

र पुज्ने कुराचाहिं उसले छाडिसक्यो; अझ सच्चासँग भन्ने हो भने थालेकै छैन। केटाकेटीमै जातपातको यस्तो भुमरीमा ऊ पऱ्यो (आफ्नो पिताले छोइएमा खान्छन् खाँदैनन् भन्ने उसलाई एकफेर समाधान गर्नुपरेको थियो रे!) यसनिम्ति उसले त्यो झन्झटबाट अवकास नै लिएको छ। ऊ भन्छ, प्रजातन्त्र नेपालको माटोमा सुहाएन रे तर उसको व्यक्तिगत जीवनमा निश्चय पनि उसलाई यसले फाइदा नै गऱ्यो। शङ्कर 'बाजे' बाट 'शङ्कर'ज्यूमा परिणत हुँदा उसलाई नेपालको क्रान्तिले निश्चय पनि व्यक्तिगत रूपमा एक देन दियो।

एक दिन मैले उसलाई सोधें, "शङ्कर! दिलले भन् त, तँलाई जीवनमा सबभन्दा गाह्रो के लाग्यो?"

"आफ्नो जीवनबाट पिताको व्यक्तित्व हटाउने कार्य। अब तैं हेर् न, जो पनि मलाई हरिहर सुब्बाको छोरो भन्ने, मेरो आफ्नो मानौं नाम छैन, शरीर छैन, काम छैन! उल्टो हत्केला मानिसको निधारमा छुवाइदिने र त्यसरी ढोग दिंदा म आफूलाई उसका आँखाले

देख्थें। के देख्थें, थाहा छ? मानौं, मैले मरिसकेको पिताको मुकुन्डो लाइराखेको छु। छोराका निमित्त बाबुको आफूउपर परेको व्यक्तित्वको जुन छाप छ र जसलाई आफूले भन्दा अरूले देखिदिन्छन्, त्यसको श्राद्ध गर्नु नै जीवनमा सायद सबैभन्दा अनिवार्य र दुःखपूर्ण कार्य हो। कमसेकम अहिलेसम्मन्।"

कहिलेकाहीं हामी दुई जना मात्र बसेको बेला, ऊ एकपटक सडकमा मानिसको अनुहारबाट उसको भावनाको काल्पनिक चित्र सुनाइरहन्छ। यसरी हामी दुई जना घण्टौंघण्टौं बिताउन सक्छौं। अथवा फेरि, ऊ जीवनका अनेक अनौठाअनौठा घटना सुनाइरहन्छ। खास गरी, कलमको माध्यमबाट पाएको उसको अनुभव ज्यादै चाखलाग्दो छ। बाँसको कलमदेखि लिएर उसले सेफर्सबाट सम्म लेख्यो– त्यत्तिकै विषयवस्तुका विभिन्नतासाथ। फेरि कहिले उसले अरूको हात समातेर लेखाइदियो, कहिले अरूले उसको हात समातेर लेखाए।

"होइन शङ्कर, तँलाई लेख्न सबभन्दा मन पर्ने के छ?"

"कैश–मेमो!"

"मन नपर्नेचाहिं?"

"नववर्षको शुभकामनाको कविता! हेर् न, जनसेवा जलेर कमसेकम एक फाइदा भयो मलाई; जनसेवाको निमित्त वार्षिक शुभकामनाका कविता लेख्नुपरेन!"

मानिस उसको Wit देखेर छक्क पर्छन्। उसले आफूमा भएको Wit कसरी सँगाल्न सक्यो– यसको चर्चामा ऊ मलाई भन्छ, "यो सब उसका मित्रहरूको कृपा हो।" ऊ मानौं Assorted biscuits को टिन हो, जसका बट्टामा अनेक थरीले वास पाएका छन्। र जीवनका बितेका समयमा जुन अनेकताबाट ऊ अगाडि बढ्यो र जुन अनेकता उसले चिन्न सक्यो, त्यसको सामयिक सम्झनालाई नै ऊ Wit भन्छ। र, उसले एउटा कुरा असाध्य जानेको छ– कोसित कस्तो कुरा गर्नुपर्छ। त्यस्तै, कुरा गर्दा अलि नपुग मात्राको

भान दिएर, शङ्कर र अज्ञानताको मसला छर्केर, ऊ श्रोतालाई वक्तामा परिणत गर्न सक्छ। श्रोता जब वक्ता हुने मौका पाउँछ, उसले नयाँ श्रोतालाई आत्मीयरूपले स्वीकार गर्दछ (सायद, यो नेपालीको राष्ट्रिय चरित्र हो; अन्य राष्ट्रका मानिससँग मेरो त्यति नजिकको सम्पर्क भइसकेको छैन। आफ्नै स्वजातीय भने एकान्तमा कान फुक्न खूब जान्दछन्!)

यसरी शङ्करको मुटुमा उसले आफ्नो प्यार, जयविजय, कमजोरी र बेकुफी पोख्न थाल्छ। त्यही कमजोरीलाई आफ्नो बट्टामा आफ्नो नाम दिएर शङ्कर अरूको आनन्दको निमित्त प्रस्तुत गरिदिन्छ। अरूहरू आफ्नै उपजलाई शङ्करको भनी दङ्ग पर्छन्। र, ऊचाहिं मलाई हाँसेर भन्छ, "मेरो केही छैन बन्धु, म त वर्तमान नेपालको बाँचिरहेको नमुना मात्र हुँ– स्याम्पल साइज!"

यो जो शङ्करले मलाई रहस्य एक खोल्यो, यो कहीं मेरै आफ्नै स्वयम्को रहस्य त होइन? उसको अनुहार हेरूँ! एउटा टलक छ आँखामा र त्यस टलकमा खिस्सीपननको छाया देख्छु! योचाहिं बट्टामा कसको उपज हो, म बुझ्दिनँ!

शङ्करको यही बानी उसको साथी भीमदर्शन रोकालाई मन पर्दैन। ऊ तुरुन्त गम्भीर भइदिन्छ र भन्छ, "भाइ शङ्कर, जीवनमा Sincerity चाहिन्छ। Sincerity को जरुरत तेरो कवितालाई पनि छ। जबसम्म कवि र उसको उपज कवितामा Sincerity..."

शङ्कर बीचमै हाँसोले रोकालाई छेकिदिन्छ। भन्छ, "कविता र Sincerity? एउटैमा समावेश गर्ने? कविता भनेकै Feelings को Mummy हो। एउटा बिती नसकी अर्कोको जन्म हुँदैन। यो यसो भनूँ, एउटालाई परिष्कार (काँटछाँट, अरूपविरूप) नगरी अर्कोको जन्म कहाँ सम्भव छ र? अथवा तँलाई अझ प्रस्टसँग बुझाउने हो भने रोका, Feelings एउटी कुमारी कन्या, कविताचाहिं पतिको समागममा परिसकेकी नारी। तँ भन्छस्, दुइटा एउटै हुन्। म भन्छु, फरक छन्। मेरो कुरा बुझ्नलाई छिटो बिहे गर् रोका!"

र रोकाले कुरा मानी पनि हाल्यो। र त्यसैले रोका आजकल Sincerity को कुरा पटक्क गर्दैन (सायद उसको विचार बदलिएको छैन होला, बरु उसले शङ्करसँग कुरा गर्नु नै फजुल ठान्यो होला!) रोकालाई बुझाउन खोज्छ ऊ, मलाई लटपट गरेजस्तै र भन्छ ऊ Insincere त होइन, बरु Sincerity मा भने उसलाई विश्वाश छैन रे!

कस्तो अचम्मको कुरा गर्छ, हगि? ऊ मान्छे पनि त्यस्तै छ। बाहुन कुलमा जन्म्यो, एउटा पनि बाहुन साथी छैनन् उसका, हुँदाहुँदा स्वास्नी पनि त अब्राह्मणी नै छ। के त साँच्चि उसले बाहुनहरूसँग मित्रता नै गर्न खोजेन? होइन, बाहुनसँग मित्रता जोड्यो, उनको अलि नजिक पुग्न खोज्यो, ती नेता बनिदिन्छन्। र बाहुन, बाहुन हुन्जेल सही सक्ने लाग्छ मलाई, नेता भइसकेपछि त... कमसेकम ती मित्र बन्ने लायक रहँदैनन्।

[यहाँनिर शङ्करको एक जना ब्राह्मण मित्रबाट–नेताबाट–परिचितबाट–ढाक्रेबाट–जागिरेबाट–अपरिचितबाट–खोसुवाबाट–ढाक्रेबाट मित्र हुन आएका व्यक्तिको एक वार्ताको सम्झना शङ्करले झ्वास्स दिलायो। भनिदिइहालूँ, जनसेवा भर्खर जलेको थियो। त्यसको धुवाँ नसेलाएकै बिहान उहाँ पाल्नुहुन्छ, “साह्रै खेदजनक काण्ड भयो (भाषा विचार गर्नुहोस् है!) त्यस्तो त नेपालीले विश्वइतिहासमा पढेको छैन होला, राष्ट्रिय गौरवपूर्ण इतिहासको यो साह्रै लज्जाजनक दुर्घटना भयो... म तपाईंको हितैषी... (शङ्करको टाउको हल्लन्छ, स्वाभाविक पनि हो। तर टाउको हल्लाइमा यो भान हुन्छ मलाई, मानौं ऊ गर्धन पड्काउने प्रयास गरिरहेछ!) ...दयाराजीलाई त के छ र? (ज्यू... अब केही छैन!) उहाँ त अर्को केही व्यवसायको आश्रय समातिहाल्नुहुनेछ... भुवनेश्वरजीलाई पनि केही छैन... (ज्यू, उहाँलाई पनि त अब केही छैन!)... जे छ, त्यो त तपाईंलाई पर्‍यो! त्यस्तो राम्रो जागिर त्यागेर “यहाँ केही होला कि मित्र वर्गको साथ मिलेर काम गर्दा” भन्ने सोची यता पाल्नुभयो... यता पनि दशा लाग्यो। यहाँको बारेमा सोच्ता साह्रै दुःख लाग्नु त जसलाई पनि स्वाभाविकै हो, त्यसमाथि पनि म यहाँको मित्र (ज्यू, कैयन् पटके मित्र!) उसमाथि पनि एक अकिञ्चन ब्राह्मण (मानौं, ब्राह्मण हुनु नै मित्रताको सर्टिफिकेट हो!) यहाँलाई थाहा छ, ब्राह्मण सम्पूर्ण जातिको मुटु नौनीले

बनेको हुन्छ (मुखमा पनि नौनी हुन्छ!) हामी कसैको..., सुन्नुभयो, तपाईंलाई कति झर्को लाग्यो।" शङ्करले ब्राह्मण–पुराण यसरी समाप्त गरेछ, "ठीक भन्नुभयो, मुटु हाम्रो नौनीको हुन्छ, यो मैले झन्डै बिर्सेको। अब यहाँको रायबमोजिम भोलि नै एउटा पाउरोटी–आसामी अर्थात् जजमान खोज्छु। उसलाई अलिअलि तताएर आफ्नो मुटुको टुक्रा दलिदिए त पुगिहाल्छ, हगि! यहाँ केही धन्धा, सुर्ता नमान्नुस्। पाल्नुस् है त!"

...बिचराले त्यस दिन चिया पनि पाएनन् क्यारे!]

"त शङ्कर, के त तैले साँच्चि नै अब जीवनभर क्युरियोकै काम गर्ने भइस्?"

"हा बुद्धू, तैंले पनि त्यसो सोध्ने? तँलाई थाहा छैन र?"

"आ! चुप लाग्... ग्राहक आयो। ले मलाई त्यो भकुन्डो लाउन दे!"

Lights on! Camera start! Action!

"Good evening, Mam! Good evening, Sir!

What can I do for you?"

(Camera to move to close up of Shankar's face to heighten his vibrating smile.)

Cut! Light off!

How's that?

Lights?

Okey!

Sound?

Okey!

Camera?

Okey!

र, शङ्कर लामिछाने आफैँद्वारा निर्मित र निर्देशित मूभी–फिल्ममा ओर्लन्छ र शङ्कर लामिछाने मात्र एक दर्शक छ, जो सधैं हेरिरहन्छ– आफ्नै अभिनयको सफलता... या असफलता!